# कल्पतरु

ISSN 3021-9531

११९



# कल्पतरु द्वैमासिकका आजीवन सदस्य

**विशिष्ट आजीवन सदस्यहरू:**

अच्यूत पुडासैनी, कुमारीगाल
अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वरचन्द्र देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौँ
उज्जवल घिमिरे, अष्ट्रेलिया
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा, क्यानाडा
गोविन्दराज पौडेल, काठमाडौँ
ताराप्रसाद चपागाईं, युएई
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नवराज पुडासैनी (साधु), गोकर्णेश्वर-५
पदम विश्वकर्मा, अमेरिका
पर्शुराम पुडासैनी, का.म.पा-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
वियोगी बुढाथोकी, हात्तीपाइला
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा. मीरा त्रिपाठी, न्यूजिल्यान्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौँ
रश्मी भट्ट, अमेरिका
रमेशप्रसाद खनाल, काठमाडौँ
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
वसन्त रिजाल, जोरपाटी
विजय चालिसे, जोरपाटी
विजय सापकोटा, बेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णुबहादुर रायमाझी, काठमाडौं
विष्णबहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सीता पाण्डेय, काठमाडौँ

**विशेष आजीवन सदस्यहरू:**

अच्युतराम चालिसे, गोकर्णेश्वर
अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौँ
इन्दिरा चपागाईं, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपार्क
कमल ढुङ्गाना, मित्रपार्क
कालीचरण वस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौं
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, बेलायत
केदार न्यौपाने, गोकर्ण
गङ्गा कर्माचार्य पौडेल, काठमाडौँ
गङ्गा लिगल, काठमाडौँ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौँ
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
जेबी खत्री, इटहरी
दामोदर संजेल, गोकर्णेश्वर नपा-५
दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौँ
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पोखरेल, ललितपुर
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाईं सापकोटा, बेलायत
नेत्र खड्का, अस्ट्रेलिया
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौं
पारु तिमल्सिना, काठमाडौं
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौं
प्रमोद नेपाल, काठमाडौँ
बिनुबाबा घिमिरे, किर्तिपुर
मधुप्रसाद पुडासैनी, गोठाटार
मधुवन पौडेल, काठमाडौं
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चपागाईं, काठमाडौँ
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँखु
यादवराज भेटवाल, काठमाडौँ
रमेश रिजाल, गोकर्णेश्वर
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर-५
राजेन्द्र कार्की, क्यानाडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
डा.रुपक श्रेष्ठ,
लिम्पिया नेसनल कलेज, गोकर्णेश्वर
लोकनाथ पुडासैनी, पोखरा
विनयकुमार श्रेष्ठ, काठमाडौ
विनय गुप्ता, काठमाडौ
विन्दा चापागाईं, गोठाटार
विष्णुप्रसाद जम्कटेल, बौद्ध
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
शैलेन्द्र थापा, रातोपुल
श्रीकृष्णराज पुडासैनी, जोरपाटी
सुभाषचन्द्र पौडेल, भिमफेदी
सुरेशकुमार पाण्डे, दाङ
सुरेश कु. पुडासैनि, बालुवाटार
सुरेश कु. भट्ट, अमेरिका
सृजन लम्साल, नेपालगंज
हरिकृष्ण बखुन्छे, भक्तपुर
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, ईमाडोल

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित
ISSN: 3021 - 9531
जि.प्र.का.द.नं. १३/०५४/०५५
प्रेस काउन्सिल पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका

# कल्पतरु द्वैमासिक

*(Kalpataru Bimonthly litretary Magazine)*

वर्ष २५ अङ्क १ पूर्णाङ्क ११९ २०८३ साउन - भदौ

**प्रकाशक/प्रधान सम्पादक**
नवराज पुडासैनी 'ज्योत्स्ना'

**कार्यकारी सम्पादक**
सिद्धनारायण आचार्य

**विशेष सम्पादक**
गोकुल अधिकारी, मुकुन्द अर्याल
रेहित सैजु

**सम्पादक**
सुमन पुडासैनी 'मित्र',
उमेश तिमिल्सिना, राजन पुडासैनी
शशीश्री आचार्य

**सम्पादन सहयोगी**
वल्लवीदेवी अधिकारी

**प्रविधि व्यवस्थापक**
ई. सन्दीप ढुङ्गाना

**कार्यालय व्यवस्थापक**
रमेशमान श्रेष्ठ

**संयोजक (चिल्लो पात)**
सुशील आचार्य

**सञ्जाल सहायक**
राजेन्द्र श्रेष्ठ

**संरक्षक**
कञ्चन पुडासैनी,
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर'
बाजुराम पौडेल

**सल्लाहकार**
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
वसन्त रिजाल, विनोद नेपाल,
महेशराज खरेल

**प्रधान कार्यालय**
गोकर्णेश्वर न.पा., वडा नं. ६
कुमारीभैरव चोक, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

**रचना पठाउने इमेल ठेगाना**
navarajpudasaini@gmail .com
फेसबुक/मेसेन्जर ग्रुपः कल्पतरु द्वैमासिक
कल्पतरु आजीवन सदस्य
Web: www.kalpatarupub.com.np

**लेआउट**
यदु उपाध्याय

**मुद्रण /आवरण**
नेपाल प्रिन्ट सपोर्ट, अनामनगर,

**मूल्य : रू. २००।-**

सम्पादकीय

# विकासको कुहिरामा हराएको समाजको आत्मा

साहित्य समाजको आत्मा हो । यसले समाजको चेतना, संवेदना, संस्कार र समयको वास्तविक अनुहार बोल्छ । त्यसैले साहित्य कमजोर हुँदै गएको समाज भौतिक रूपमा जति नै समृद्ध भए पनि भित्रबाट खोक्रो हुन्छ । दुर्भाग्यवश, राज्य सडक, पुल, भवन र पूर्वाधारको विस्तारमा बढी केन्द्रित छ; समाजको चेतना, संस्कार र सिर्जनशीलता विकास गर्ने विषयमा पछाडि पर्दै गएको देखिन्छ ।

भौतिक विकास आवश्यक छ, तर फराकिला सडकले मात्र समाज फराकिलो हुँदैन, अग्ला भवनले मात्र मानिसको सोच अग्लिँदैन र आधुनिक प्रविधिले मात्र चेतना आधुनिक हुँदैन । राष्ट्र निर्माणको पहिलो आधार मानिस हो, र असल मानिस निर्माणमा साहित्य, शिक्षा, संस्कृति र संस्कारको भूमिका निर्णायक हुन्छ । वर्तमान समयमा पठन संस्कृति कमजोर हुँदै छ, भाषा र साहित्यप्रति नयाँ पुस्ताको आकर्षण घट्दो छ । मौलिक संस्कृति, लोकसाहित्य र परम्परा ओझेलमा पर्दै छन् । सामाजिक सञ्जालको कोलाहलमा गम्भीर अध्ययन, चिन्तन र संवादको संस्कृति खुम्चिँदै गएको छ । यस्तो अवस्थामा साहित्यलाई झन् बलियो बनाउनुपर्ने हो, तर राज्यको प्राथमिकतामा साहित्य र संस्कृतिले अपेक्षित स्थान पाउन सकेका छैनन् ।

सरकारले विकासको दृष्टिलाई फराकिलो बनाउनुपर्छ । प्रत्येक स्थानीय तहमा व्यवस्थित पुस्तकालय, विद्यालयमा पढ्ने संस्कार, स्थानीय भाषासाहित्य र संस्कृतिको संरक्षण तथा स्रष्टालाई प्रोत्साहन गर्ने दीर्घकालीन नीति आवश्यक छ । साहित्य र संस्कृतिमा गरिएको लगानीलाई अनुत्पादक खर्च ठान्ने सोच अब सधैंका लागि बदलिनुपर्छ । सडकले यात्रा सहज बनाउँछ, साहित्यले यात्राको अर्थ बुझाउँछ । पुलले दुरी घटाउँछ, संस्कारले मन जोड्छ । भवनले आश्रय दिन्छ, संस्कृतिले पहिचान दिन्छ ।

भौतिक विकास र आध्यात्मिक विकास नै आधुनिक विकासका मुख्य खम्बा हुन् । साहित्यले आध्यात्मिक मात्र नभै भौतिक विकासको चित्र पनि मनमोहक तरिकाले उतार्छ । यी दुवै विकासको कलात्मक सङ्गम हो साहित्य, यसलाई उचित स्थान दिएर आदर्श समाजको ढोका खोल्न सरकारले कन्जुस्याइँ गर्न हुँदैन ।

**– कार्यकारी सम्पादक**

# यस अङ्कमा


## कविता/गीत/गजल/मुक्तक

- अन्जु चालिसे (रूपान्जली) / ३४
- अरुणकुमार भुजेल / ४४
- ज्ञानुवाकर पौडेल / ११
- तेजनाथ दंगाल / ७१
- दिनेशकुमार शर्मा / ३२
- निर्मलादेवी तिम्सिना 'कान्छी' / १६
- पागल यात्री / ३३
- पार्वती पुडासैनी / ६६
- पुष्पा दाहाल / ४४
- प्रमोद नेपाल / २१
- बुद्धिसागर पौड्याल / ४३
- महेशराज खरेल / ५१
- युवराज भण्डारी / ८
- लक्ष्मी थापा / ४१
- सन्दिप ढुङ्गाना / ६५
- सुमन पुडासैनी 'मित्र' / ६६
- हरिभक्त सिग्देल 'महेश' / १६

## सम्पादकीय / २

## पाठक-चक्षु

- मेनका पोखरेल आचार्य / ४

## नियात्रा

- धनमाया राई / ४५

## कथा/लघुकथा

- ईश्वर पोखरेल / ३३
- उमेश तिमिल्सिना / ५८
- जे. एन. दाहाल / २२
- डा. टीकाराम पोखरेल / १७
- लीलाराज दाहाल /१५
- शारदा पराजुली / २८
- श्रीरामसिंह बस्नेत / ४२

## पुस्तक वार्ता

- पशुपति घिमिरेसँग / ३८ – ४०

## लेख/निबन्ध/प्रबन्ध

- डा. चन्द्रमणि अधिकारी / १२
- प्रा. डा. बन्धु कोइराला 'खेकोब' / १८
- माधव काफ्ले / ३५
- सनत रेग्मी / ९

## चिल्लो पात

- कृषा कार्की / ४१
- तृष्णा श्रेष्ठ / ४१

## बाल साहित्य

- प्रयास सदा / ५७
- भावना बराल / ५७

## कृति समीक्षा

- डा. जीवन जीवन्त / ६०
- शशीश्री आचार्य / ६७
- डा. शरद पराशर मरहट्टा / ५२

# कल्पतरु ११८ पूर्णाङ्कमा केहीबेर



✍ **मेनका पोखरेल आचार्य**

कल्पतरु प्रज्ञा प्रतिष्ठानद्वारा प्रवर्धित साहित्यिक पत्रिका 'कल्पतरु' ११८औं प्राप्त भएपछि आवरणमा निकैबेर दृष्टि अडिन पुग्यो । जीवन, शक्ति र उज्ज्वलताको त्रिवेणी बाह्य आवरणमा अनुभूत गरेँ मैले । त्यहाँको हरियो रङको वृक्ष जीवनको प्रतीक, रातो रङको ११८ शक्तिको प्रतीक अनि अज्ञानको कालो रङलाई चिर्ने श्वेत रङमा लिपिबद्ध 'कल्पतरु' शब्दले चेतनाको उज्यालो प्रदान गरेझैं प्रतीत भयो भने वरिष्ठ कवि गीतकार कञ्चन पुडासैनीको शालीन चित्रले पुस्तकको गरिमालाई आलोकित गरेको आभास भयो ।

जसरी कल्पवृक्षले जे माग्यो त्यही दिन्छ भन्ने हाम्रो पौराणिक विश्वास छ; त्यस्तै यो 'कल्पतरु' पत्रिकाले पाठकको रुचि अनुरूपका लेख, रचना, निबन्ध, कविता, गीत, गजल, नाटक, पुस्तकवार्ता, कृति समीक्षा आदि प्रकाशित गरेको छ ।

७२ पृष्ठको यो पुस्तकको सम्पादकीयमा कवि कञ्चन पुडासैनीको साहित्यिक योगदान, प्रवृत्ति साथै नवपुस्तालाई साहित्यतर्फ प्रेरित गर्ने उहाँको क्रियाकलापलाई औँल्याइएको पाइन्छ । मदन पुरस्कारबाट पुरस्कृत कवि पुडासैनी साहित्यका विविध विधामा आफ्नो लेखनी तिखार्दै वरिष्ठ साहित्यकारका रूपमा स्थापित हुनुहुन्छ । *"चाँदनीमा बग्छ खोलो..."* जस्ता कालजयी गीत तथा *"सब निदाए प्रभु छैन कोही साथमा, एक्लो प्राण यो चाँदनी रातमा"* जस्ता हृदयस्पर्शी भजनहरूले सम्वेदनशील हृदयलाई झङ्क्रित त गर्छन् नै यसका अतिरिक्त उहाँका अन्य थुप्रै उपन्यास, कथा, काव्य आदिले नेपाली साहित्यलाई उर्वर तुल्याएका छन्, साहित्यप्रेमी पाठकका मन मुटुमा बस्न पुगेका छन् उनका कृति । उमेरले शिशिरयामको सेतो हिउँझैं कपाल बन्न पुगे पनि साहित्य लेखनमा वसन्तको हरियाली बनेर खडा हुने पुडासैनीका यस अङ्कमा प्रकाशित 'केही आलप प्रलापहरू'ले जीवनका विविध पक्षलाई उद्घाटन गरेको पाइन्छ । यहाँ प्रेम, यौन, राजनीतिक, असन्तुष्टि, सामाजिक विकृति, विसङ्गति, विद्रूपता, अध्यात्म चेत, मानवता, मानवीय मूल्य बोध आदि उजागर भएको पाइन्छ ।

बाजुराम पौडेलको 'प्रतिमा' कथा रोचक, हृदयस्पर्शी र प्रतीकात्मक छ । तृतीय पुरुष दृष्टिविन्दुमा संरचित मध्यम आकारको प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ, यदि ठाउँठाउँमा संवाद भइदिएको भए हुन्थ्यो भन्ने मेरो पाठकीय मान्यता छ । जे होस् सौन्दर्यले धपक्क बलेकी विवश नारीमाथि गिद्धेदृष्टि लगाउने समाजको

चित्र भने सर्ल्लक्क उतारिएको छ ।

'नयाँ वर्षको शुभकामना' शीर्षकमा विमल अर्यालले २० वटा सुसेली सुसेलेका छन् । भ्रष्टाचारको अन्त्य, सुशासन कायम, हिजोका बेथिति अन्त्य गरी सर्वत्र उज्यालो छाउने छ भन्ने आशा र विश्वास जुन व्यक्त गरिएको छ, त्यसले सारा नेपालीको चाहनालाई मुखरित गरेको छ ।

कृसु क्षेत्रीले 'प्रेम कविता २४' मा साँचो र पवित्र प्रेम शब्दमा नभई मौनतामा प्रेम जागृत हुन्छ, अन्तस्करणमा प्रेम जागृत हुन्छ भन्ने कुरालाई यसरी व्यक्त गरेका छन्;

*"मानौँ फूल, आफ्नो सुवासलाई*
*हल्लाविनै फैलाइरहन्छ, उसरी नै प्रेम पनि*
*शब्दभन्दा अगाडि मनको सबैभन्दा गहिरो तहमा*
*फुलिरहन्छ निःशब्द ।"*

यसरी प्रेमको कोमलतालाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको यो कविता भाव र शिल्पका दृष्टिले पनि निकै सुन्दर र सम्प्रेषणीय बन्न पुगेको छ । 'साहित्यमा प्रतीक (प्रतिकात्मक) योजना' महेन्द्र चालिसेको यो निबन्धमा कुनै पनि कुरालाई प्रतीकात्मक ढङ्गले प्रस्तुत गर्दा त्यो साहित्य निश्चय नै प्रभावकारी बन्न सक्ने कुरा व्यक्त गर्दै प्रतीकको महत्ताबोध गराइएको मात्र नभई प्रतीकको परिभाषा, प्रकार, विशेषता आदि प्रस्तुत गरिएको छ ।

'कसैले नदेखेको नियात्राकार' शीर्षकमा मुना राईद्वारा लेखिएको यो व्यक्ति केन्द्रित कविताले नियात्राकार घनश्याम राजकर्णिकारको चिनारी गराएको देखिन्छ । 'माफी मागेँ' निर्मलादेवी तिम्सिना 'कान्छी' को यो कवितामा दार्शनिक चित्र अभिव्यक्ति यसरी भएको देखिन्छ;

*"मभित्रको एक धैला वितृष्णा बिसाएर*
*ज्ञानको अमृत भर्नका लागि ।'*
*'तालको ऐनामा आफ्नो स्वरूप आफैँ हेरेँ*
*आफैँलाई विचरा देखेर आफ्नै आत्मासित माफी मागे*
*किनकि भ्रममा परेको सबैभन्दा बढी दुःखित*
*आफ्नै आत्माको प्रतीक थियो ।'"*

'जेफालेको गीत' कवितामा सिजन श्रेष्ठले मोरङ जिल्लाको सुन्दर स्थान जेफालेसँग साक्षात्कार हुँदाको भावाभिव्यक्तिमा प्रकृतिलाई कलात्मक ढङ्गबाट जुन किसिमले मानवीकरण गरेका छन् त्यो निकै मननीय लाग्यो ।

'पुस्तक वार्ता' मा बाबा बस्नेतको 'ढुङ्गामा आकार' कविता सङ्ग्रहप्रति डा. ऋषि बास्ताकोटीले लिएको वार्ताका क्रममा कवि बस्नेतले प्रकृति, जीवजन्तु र चराहरूको जीवनले स्वयम्लाई बढी प्रभावित पार्ने कुरा बताएकी छन् भने यहाँ सङ्ग्रहित 'चराहरू

गुँड बनाइरहन्छन्' शीर्षकको कवितामा आफू केही सन्तुष्ट रहेको बताएकी छन् । यो भनाइबाट उनी प्रकृतिप्रेमी सर्जक हुन् भन्ने बुझ्न सकिन्छ । यो कवितासङ्ग्रहले समाजलाई पक्कै पनि सही मार्गतर्फ डोऱ्याउने छ भन्ने कुरा पुस्तक वार्ताबाट जानकारी हुन्छ ।

देवकी के.सी.को 'गाउँ किन स्वार्थी भयो ?' लेख निकै हृदयसंवेद्य लाग्यो । यथार्थको उद्घाटन गर्न लेखकको कलम सशक्त भएर जुर्मुराएको छ । ग्रामीण जीवनको महत्ताबोध गराइएको यस लेखमा सहरमा दुःख परेका बेला गाउँ सम्झने र सुखमा गाउँलाई लात हान्ने प्रवृत्तिप्रति व्यङ्ग्य लक्षित छ । कृषि कर्मको पहिचान बोकेको, मौलिक संस्कृति, परम्परा र आदर्शमा रम्ने गाउँ आज रित्तिँदै गएको छ, युवापुस्ताविहीनझैँ गाउँ बन्दै गएकामा खेद प्रकट गर्दै युवापुस्ताको पलायनलाई रोक्नु अपरिहार्य भएकोले यसतर्फ सचेत रही आवश्यक पहल गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराइएको छ । सिरिया सुवेदीको 'सफलताको शुभकामना' कवितामा विद्यार्थी जीवनका अनुभूति र आगामी दिनको शुभकामनामा टुङ्ग्याइएको छ ।

'बुद्ध र शान्ति' शीर्षकको कवितामा आदर्श यादवले शान्तिका दूत गौतमबुद्धले देखाएको दया करुणा, मानवता र सत्यको मार्गबाट वर्तमान विश्व विमुख हुँदै गएकामा चिन्ता व्यक्त गर्दै सत्यको मार्गलाई अवलम्बन गरौँ भन्ने कामना व्यक्त गरेका छन् । प्रमोद नेपालका 'पाँच मुक्तक' ले दार्शनिक चेतना, अराजक परिस्थितिको अन्त्य, युद्धमुक्त विश्वको चाहना तथा हरेक कामना मानिसले सोच पुऱ्याउनुपर्छ भन्ने सन्देश प्रवाहित गरेका छन् ।

अन्जु चालिसे 'रूपाञ्जली'को 'बुबाका कुरा' कवितामा मानवता, दया, करुणा, सेवामा ईश्वरको निवास हुने भाव अभिव्यञ्जित छ । 'सम्पदाको सास हाम्रो पहिचान' कवितामा कवि यामबहादुर थापा मगरले हाम्रो चिनारी भनेको हाम्रो सम्पदा, हाम्रो आफ्नै मौलिक संस्कृति, सभ्यता, इतिहास हुन् जसको जगेर्ना गर्नु हामी प्रत्येकको दायित्व हो । यदि यो रहेन भने हाम्रो अस्तित्व रहने छैन भन्ने यथार्थलाई सुन्दर ढङ्गबाट प्रस्तुत गरेको देखिन्छ ।

अच्युतप्रसाद पुडासैनीको 'गीत' लोकभाकामा उनिएको छ, जसमा नेपालको प्राकृतिक सौन्दर्य, हिमाल, झरना, लालीगुराँसले ढाकेको वन, कन्दरा, हाम्रो लोक बाजा सारङ्गीको वर्णन गर्दै हाम्रो देशको अस्तित्व यी कुरासँग गाँसिएकोले यिनको संरक्षण हामीले गर्नुपर्छ यसो भएमा हाम्रो देशको अस्तित्व कहिल्यै मेटिने छैन भन्ने देशभक्ति भाव यसरी व्यक्त भएको छ;

*"हावा र हुरी मडारिरहन्छ खम्बालाई छुँदैन ।*
*बलियो जग हालेको खम्बा हल्लाइ हल्लिन्न ।"*

'मनभन्दा' गङ्गा लिगलको यो गद्य कवितामा कविको कविताप्रतिको प्रेम, अनुराग र आफ्नो जीवन नै कवितासँग जोडिएको भाव अभिव्यक्त भएको पाइन्छ ।

कृति समीक्षामा 'यात्राको लयमा पोखिएको नियात्रा संस्करणको मर्म' शीर्षकमा शशीश्री आचार्यद्वारा नियात्राकार प्रदीप सापकोटाको 'यात्राको लय' नियात्रा कृतिमाथि गरिएको समीक्षा निकै रोचक लाग्यो । हुन त नियात्राले पाठकको मनलाई सहजै खिच्न सक्छ भन्ने कुरामा म विश्वस्त छु किनकि यसले पाठकलाई कहिल्यै नपुगेको ठाउँमा सहजै क्षणभरमै पुऱ्याइदिन्छ, कहिल्यै नदेखेका दृश्य झलझली आँखामा भरिदिन्छ, लेखक सँगसँगै पाठक पनि मनैमन यात्रा गरिरहेको हुन्छ । यो खुबी नियात्राकारको कलमको जादुगरीमा हुन्छ र यो समीक्षा पढ्दा मात्र पनि उक्त कृतिबारे धेरै जानकारी प्राप्त गर्न पाएकामा समीक्षकज्यूलाई धन्यवाद भन्छु । मैले पढ्न नपाएको यो नियात्रा पढ्ने हुट्हुटी जागृत भएको छ ।

लोकनाथ पुडासैनीको 'मनश्चक्षु' लघुकथा चेतनामूलक छ । मान्छेले आफ्नो लागि कुनै पनि कुरा समयमै सचेत भएर सोच्न सक्नुपर्छ, हानिकारक कार्य गर्नुहुँदैन । कुनै पनि कामकुरा बिग्रिसकेपछि सपार्न मुस्किल पर्छ । त्यसैले विवेकका आँखा पहिल्यै उघार्नुपर्छ भन्ने सन्देश दिँदै ईश्वरले हामीलाई चेतना प्रदान गरेका छन् भने विवेकको प्रयोग गर्न चुक्न हुँदैन भन्ने कुरा बनाइएको छ ।

'प्रिय आँसु' कृष्ण मीराको कविताले जीवन, प्रेम र आँसुको अनोन्याश्रित सम्बन्धलाई देखाएको प्रतीत हुन्छ । मनको जस्तोसुकै बहलाई आँसुले क्रमशः घटाउँदै जान्छ र शुद्धता प्रदान गर्छ भन्ने भाव पोखिएको पाइन्छ ।

लक्ष्मी स्मृतिको प्रेमपरक गजलमा प्रेममाथि आशङ्का उत्पन्न भएको छ । सफलता र असफलताको कसीमा प्रेम खरो उत्रन्छ कि उत्रन्न के हुने हो ? भन्ने प्रश्न खडा भएको छ । मिलन समीरको 'बेलुन' कविता देशको वर्तमान राजनीतितर्फ लक्षित छ । अहङ्कारको गर्जनबाट अराजक बनेको राजनीतिक खेलप्रति कवि हृदय चिन्तित छ । हर क्षेत्रमा नागरिकलाई यसतर्फ सचेत रहन सजग गराइएको छ । कविता प्रतीकात्मक छ । आकारमा लामो भए पनि भाव सम्प्रेषणीय छ । दिवाकर न्यौपानेको 'पलायन' कथाले पलायन शब्दलाई परिभाषित गर्दै लर्को लागेर नेपालीहरू विदेशिने जुन प्रचलन लामो समयदेखि देशले भोग्दै आएको छ, त्यसप्रति चिन्ता मात्र व्यक्त नगरी अब नेपाली स्वदेश फिर्दै छन् भन्ने कुरा कथामा 'बा' पात्रका माध्यमबाट व्यक्त गराउँदै आशावादी जीवनदृष्टि प्रस्तुत गरेको छ । यहाँ प्रथम पुरुष 'म' पात्र र तृतीय पुरुष 'बा' को उपस्थिति गराई बाबुछोराको संवादमा कथा अघि बढेको छ । सरल र सहज भाषाशैलीको प्रयोग छ कथामा ।

'रहस्यमय कुरा' दशराज शाक्यको प्रस्तुत नाटक वास्तवमै रहस्यमय लाग्यो र पढ्दै जाँदा पाठकको मनमा कौतूहल सिर्जना गर्न निकै सफल रहेको अनुभव भयो मलाई । कार्यालयका कर्मचारीको इमानदारीता परख गर्ने तरिका पनि गजबको लाग्यो । कर्मचारी मनिताले अनायास आफूलाई थमाएको पैसाको खाम आफ्नो हाकिमलाई बुझाएको र पदोन्नतिको खाम हाकिमले मनितालाई दिएको प्रसङ्गबाट इमानदार मानिस जीवनमा

अघि बढ्न सक्छ भन्ने सन्देश दिने उद्देश्य प्रस्तुत नाटक राखेको देखिन्छ ।

सुशील आचार्यको 'बाल साहित्य क्लबको जानकारी' शीर्षकको लेखमा बाल साहित्य क्लबको चिनारी, उक्त क्लब स्थापना गर्नुपर्ने कारण, क्लबले गर्न सक्ने कार्यक्रमहरू आदि कुरा प्रस्तुत गरेका छन् ।

पूर्णबहादुर श्रेष्ठ 'हृदयङ्कृत' का चारवटा मुक्तकहरूमध्ये पहिलोमा परम्परादेखि चल्दै आएको वैवाहिक जीवनमा सिन्दुरको महत्त्व र दोस्रोमा प्रेमरस पोखिएको छ । राजनीतिक विषयमा लेखिएको मुक्तकले देश हाँक्ने व्यक्ति सचेत र संयमित हुनुपर्ने सुझाव दिएको छ ।

यसरी समग्रमा भन्नुपर्दा 'कल्पतरु'को यो अङ्क विविध विधाको सँगालो बनेर आएको छ । रचनाहरूले व्यक्ति, समाज र राष्ट्रलाई समेटेका छन् । आगामी दिनमा यो पत्रिकाले अझ उत्कृष्ट रचना प्रकाशित गरिरहोस्, चिरकालसम्म पत्रिका बाँचिरहोस्, यही शुभेच्छा व्यक्त गर्दछु । ■■

कविता

# कटलफिस



✍ **युवराज भण्डारी**

मान्छेहरू भेटिन्छन्,
नजिकिँदै जान्छन्,
एकाकार हुन्छन् ।

अनि एकाएक
बर्खाको भेलले बगाएको
आलीझैँ भत्किन्छन् सम्बन्धहरू ।

किन होला र खै ?
म बुझ्दिनँ ।

काँडा हो भन्ने थाहा पाएपछि पनि
रगत बगुन्जेल
किन मौन बसेका होलान् ?

हिजो सुवासको मातमा पग्लिएर
आफैँले माया गरेको फूल
कुल्चिन कसरी सकेका होलान् ?

हुन त
स्वादको नसाले लट्ठिएको दुनियाँ
यसरी नै दुईजिब्रे जिन्दगी बाँचिरहेछ ।

तर पनि,

कटलफिसले रङ फेर्नु
र मान्छे कटलफिस बन्नु
एकै कुरा कसरी हुन सक्छ ?

निबन्ध

# समीको बुढो रूखको आत्मकथा



✍ **सनत रेग्मी**

म समीको बुढो रूख हुँ । गाउँको बिचमा, पुरानो चौताराको छेउमा, म शताब्दीभन्दा बढी समयदेखि उभिएको छु । आज म मेरा पातहरू सुसाउँदै, हावासँगै विगतका कथा सुनाउन चाहन्छु । मेरो जीवनको यात्रा केवल एउटा रूखको कथा मात्र होइन, यो समयको कथा हो– मानिसहरूको, मौसमहरूको, संस्कार र परिवर्तनहरूको कथा हो ।

धेरै वर्ष पहिले, जब यो गाउँ अझ सानो थियो, म एउटा सानो बिरुवाको रूपमा जन्मिएको थिएँ । मलाई कसैले रोपेको होइन; सायद चराले ल्याएको बिउ यहीं खसेको थियो । माटोले मलाई अँगालो हाल्यो, घामले न्यानो दियो, पानीले जीवन दियो । बिस्तारै म अङ्कुराएँ, सानो हरियो पात फुत्कियो । त्यो मेरो पहिलो मुस्कान थियो ।

त्यो बेला गाउँमा कच्ची घरहरू थिए, बाटाहरू साँघुरा थिए । मानिसहरू सरल थिए, उनीहरूको जीवन प्रकृतिसँग घनिष्ठ थियो । मलाई कसैले खासै ध्यान दिएन, तर म चुपचाप बढ्दै गएँ । बर्खाको पानीले मलाई नुहायो, जाडोको चिसोले कष्ट दियो, तर मैले हार मानिनँ ।

समय बित्दै गयो, म ठुला हाँगाहरू फैलाउँदै बलियो हुँदै गएँ । मेरा छायामा बालबालिकाहरू खेल्न थाले । उनीहरू लुकामारी खेल्थे, मेरो काठमा चढ्थे, हाँस्दा उनीहरूको हाँसोले मेरो पातहरू पनि खुसीले सर्सराउँथे ।

एक दिन गाउँलेहरूले मेरो वरिपरि चौतारा बनाए । ढुङ्गाका सिँढी राखे, बस्ने ठाउँ बनाए । त्यस दिन म गर्वले भरिएँ । अब म केवल रूख थिएन, म गाउँको केन्द्र बनेँ । बुढापाकाहरू बिहान–बेलुका मेरो छायाँमा बसेर गफ गर्थे । कसैले राजनीतिका कुरा गर्थे, कसैले खेतीपातीका समस्या सुनाउँथे ।

चाडपर्व आउँदा मेरो वरिपरि रौनक हुन्थ्यो । दसैँमा टीका लगाएर फर्किएका छोराछोरीहरू यहीं भेला हुन्थे । तिहारमा बालबालिकाले देउसी–भैलो खेल्दा म सङ्गीतमा झुम्थेँ ।

मेरो जीवन केवल खुसीको कथा मात्र होइन । मैले धेरै आँसु पनि देखेको छु । एक दिन गाउँमा ठुलो आगलागी भयो । केही घर जले, मानिसहरू रोए । म असहाय भएर हेर्दै थिएँ । मेरा पातहरू धुवाँले कालो भए ।

कहिले महामारी आयो, कहिले बाढीले खेत बगायो । मानिसहरू चिन्तित भए । तर म सधैं अडिग रहेँ, उनीहरूलाई छायाँ दिँदै, आशा दिँदै ।

मैले धेरै पुस्ता देखेँ । जो बालक मेरो हाँगामा झुन्डिएर खेल्थे, उनीहरू जवान भए, सहर गए, कोही विदेश गए । केही फर्किएनन् । तर म यतै उभिरहेँ, उनीहरूको प्रतीक्षा गर्दै ।

समय बदलियो । गाउँमा पक्की सडक आयो । मोटरगाडी गुड्न थाले । कच्ची घरहरू पक्की बने । मोबाइलको आवाज मेरो पातहरूमा गुञ्जिन थाल्यो ।

तर परिवर्तनसँगै केही पीडा पनि आयो । नयाँ सडक बनाउन मेरा केही हाँगाहरू काटिए । मलाई चोट लाग्यो, तर मैले सहेँ । मानिसहरूको विकासका लागि म मौन बलिदान दिन तयार थिएँ ।

अब बालबालिकाहरू पहिलेझैँ मेरो काखमा खेल्दैनन् । उनीहरू मोबाइलमा खेल्छन् । चौतारामा गफ गर्ने बुढापाका पनि घट्दै गए । म एक्लो महसुस गर्न थालेँ । तर कहिलेकाहीँ कुनै थाकेको यात्री आएर मेरो छायामा बस्छ, म फेरि उपयोगी भएको अनुभूति गर्छु ।

म केवल काठ र पातहरूको थुप्रो होइन । म चराहरूको घर हुँ । असार-साउनमा कोइली मेरो हाँगामा बसेर गीत गाउँछे । गौँथलीले गुँड बनाउँछे । कहिलेकाहीँ बाँदरको हुल आउँछ, मेरो फुनामा कुद्छ ।

हावाले मलाई सन्देश दिन्छ—टाढाका पहाडहरूको, नदीहरूको, बादलहरूको । म वर्षौंदेखि पृथ्वीको स्पन्दन महसुस गरिरहेको छु । माटोभित्र मेरा जराहरूले भूमिको कथा सुन्छन् ।

अब म बूढो भइसकेँ । मेरा केही हाँगा सुक्न थालेका छन् । पातहरू पहिलेझैँ हरिया छैनन् । जाडोमा म धेरै काँप्छु ।

तर म सन्तुष्ट छु । मैले मेरो जीवन व्यर्थ बिताएको छैन । मैले हजारौँलाई छाया दिएँ, अक्सिजन दिएँ, विश्राम दिएँ । मैले हाँसो र आँसु दुवैका साक्षी बनेँ ।

कहिलेकाहीँ म सोच्दछु– यदि म बोल्न सक्थेँ भने मानिसहरूलाई के भन्थेँ ? सायद भन्थेँ, "प्रकृतिलाई माया गर, किनकि तिमीहरूको जीवन यसैसँग गाँसिएको छ ।" म देख्दैछु, जङ्गलहरू घट्दै छन्, नदीहरू सुक्दै छन् । मानिसहरू व्यस्त छन्, तर प्रकृतिको आवाज कम सुन्छन् ।

म बुढो समीको रूखको एउटै चाहना छ– मानिसहरूले फेरि प्रकृतिसँग मित्रता गरून् । साना बिरूवा रोपून्, हरियाली बढाऊन् ।


एक दिन म ढल्न सक्छु । मेरो काठ सायद कसैको घरको आँगनमा बालिनेछ वा कसैको काममा लाग्नेछ । तर म चाहन्छु, मेरो स्थानमा अर्को बिरूवा रोपियोस् । त्यो बिरूवाले फेरि नयाँ कथा लेखोस्, नयाँ पुस्ताको हाँसो सुनोस् ।

आज साँझको सूर्य अस्ताउँदै छ । उसका सुनौला किरणहरू मेरा सुक्दै गरेका पातहरूमा परेका छन् । म जीवनको लामो यात्रालाई सम्झिँदै शान्त उभिएको छु ।

म समीको बुढो रूख हुँ– गाउँको मौन इतिहासकार, समयको साक्षी, प्रकृतिको सन्देशवाहक । मेरो जीवनले सिकाएको पाठ यही हो– धैर्य, सहनशीलता र निस्वार्थ सेवा नै साँचो महानता हो ।

जब हावा बिस्तारै बहन्छ र मेरा पातहरू सर्सराउँछन्, त्यो मेरो अन्तिम होइन, निरन्तर गुञ्जिरहने आवाज हो– "प्रकृतिलाई माया गर, जीवनलाई माया गर । ■■

# गजल



**✍ ज्ञानुवाकर पौडेल**

कुनै दिन त यस्तो समय आए हुन्थ्यो !
खुसी पनि आफ्नै साथ ल्याए हुन्थ्यो !!

जान त गइन्, तिनी धेरै नै टाढा गइन् !
मेरो याद चाहिं दिलमा सजाए हुन्थ्यो !!

नअटाए ठाउँ मलाई तिनको त्यो दिलमा !
मेरो सम्झनामा पनि तिनी नउदाए हुन्थ्यो !!

क्वै अरूलाई नै रोज्नुभन्दा अचानक यसरी !
एकफेर त तिनले मलाई  आजमाए हुन्थ्यो !!

कस्तो छ कुन्नि अचेल तिनको हाल-खबर  !
भेटेर कुनै दिन तिनलाई नै सोध्न पाए हुन्थ्यो !!

## कल्पतरूका प्रतिनिधि/आजीवन सदस्यहरू

संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका)
युवराज भण्डारी (क्यानडा)
डा. रूपक श्रेष्ठ (बेलायत),
निर्मलादेवी तिम्सिना 'कान्छी' (युरोप)
ताराप्रसाद चापागाईं (यु.ए.ई.)
गृष्मा पौड्याल (जापान)
सीमा रोशी (अस्ट्रेलिया)
अजय गोले (दक्षिण कोरिया)
कमल सापकोटा (सिक्किम)
सीतादेवी क्षेत्री (मणिपुर)
विष्णा विरही (अमेरिका)
सागर फुयाँल (जर्मनी)
खिम पुन (कतार), डम्बर थामी (बहराइन)
दाजु गुरूङ (हङकङ)
अरूण शान्ति भुजेल (दार्जीलिङ)
प्रेम कटुवाल (कुबेत), अजय गोले 'अञ्जान'
मीरा त्रिपाठी (युजिल्यान्ड)
इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०)
झापा– टीका चापागाईं (९८६३६०५९३५)
मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२)
सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२)
उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६)
पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२)
रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२)
सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८)
काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७)
भक्तपुर– राजेशमान के सी (९८४१४९७५८३)
चितवन– नारायण निर्भय (९८४५२४२४४८)
कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१)
तनहुँ– रूद्र थापा (९८४५५२९९३५)
गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२)
दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९)
बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०)
सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६)
बझाङ– लख्खु सिंह (९८६७१००३१०)
कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६)

प्रबन्ध

# गाउँबेँसी र टारमा रमेको जनजीवन



✍ **डा. चन्द्रमणि अधिकारी**

म काभ्रेपलान्चोक जिल्लाको एउटा दुर्गम गाउँमा जन्मिएँ । करिब पाँच वर्षको उमेर पूरा हुँदा नहुँदा हाम्रो परिवारले त्यो गाउँ छोडेर बसाइँ हिँड्यो । त्यसपछि लामो अन्तरालपछि दुई पटक त्यस गाउँमा पुगेँ । छ दशकपछि मैले त्यतिवेलाको त्यस गाउँको जनजीवन सम्झिएर अक्षरमा तस्बिर बनाउँदै जाँदा त्यस गाउँले नेपालको मध्यपहाडी क्षेत्रको औसत तस्बिर दिन सकेको पाएँ । त्यतिवेलाको मेरो गाउँको जनजीवन र दैनिकी गाउँबेँसी गर्न अभ्यस्त थियो । काम गर्न सक्ने हरेक व्यक्तिको दैनिकी गाउँबेसीमा बाँडिएको थियो । अधिकांश परिवारका काम गर्न सक्ने उमेरका धेरैजसो मानिसहरू बिहान उठेर जलनफलन गर्दैको खाना (तातो तातो खाना) खाइपिई गरी गाउँबाट बेँसीमा ओर्लन्थे । दुहुने गाईभैँसी भए दुहेर दुध तताउँथे अनि दिनभरि मेलापत, खेतीपाती र वस्तुभाउ चराउँथे, वस्तुभाउको रेखदेख गर्थे । बेलुका वा साँझ परेपछि फेरि दुध दोएर दुधको ढुङ्ग्रो वा गबुवा झुन्ड्याउँदै टाउकामा कुनै वस्तुको भारी बोकेर गाउँमा पुग्थे । बालबच्चा हुने र घरमा कोही नहुनेले एउटा बच्चा डोकामा हाल्थे अर्कोलाई डोऱ्याउँदै जान्थे । सामान्यतया केटाकेटी, बिरामी, सुत्केरी र वृद्धवृद्धाहरू भने बेँसी झर्दैनथे, गाउँमै बस्दथे । आक्कल झुक्कल भारतमा र एकाध जना ब्रिटिस लाहुरेमा गए बाहेक अहिले जस्तो विदेशमा काम गर्न जाने चलन थिएन ।

समान्यतया नेपालको मध्यपहाडको गाउँको दैनिकी यसरी नै गाउँ र बेँसीमा बाँडिएको हुन्छ । कतिपय ठाउँमा टार हुन्छन् । टार भनेको उपत्यका वा पाटनको अर्को रूप हो । टारको हावापानी अलि फरक हुन्छ, न गाउँको जस्तो न बेँसीको जस्तो । तुलनात्मक रूपमा चिसो पनि हुन्छ, हावा पनि बढी नै चल्छ, यद्यपि खेतीको लागि उर्वरा ठाउँ मानिन्छ । टार ठुला पनि हुन्छन्, साना पनि हुन्छन् । सुरक्षा र न्यानोपन समेतका कारणले पहिले पहिले पहाडका मानिसहरू डाँडाको माथिल्लो वा अलि बिचको भागमा बस्ने गर्दथे । गर्मी हुने र लामखुट्टेबाट सर्ने औलो नामको रोग लाग्ने डर हुने, बेँसीको भूगोल खोला वा नदीको जलाधार क्षेत्र निकट रहने हुँदा त्यहाँ बाढी पस्ने सम्भावना बढी रहने आदि कारणले त्यसवेला सामान्यतया बेँसी क्षेत्रमा मानिसको बसोबास कमै हुन्थ्यो । नेपालमा मात्र होइन भारतको उत्तराखण्ड र हिमाञ्चल प्रदेशका बस्तीहरूको चरित्र पनि यस्तै छ ।

त्यसबेला मानिसहरू सामान्यतया डाँडामाथि झुरुम्म परेका घरहरू रहेका ठाउँमा बस्थे । बेँसी क्षेत्रमा सामान्यतया त्यति बाक्लो बसोबास हुँदैनथ्यो । बेँसी जोगाउनु पर्ने अर्को महत्त्वपूर्ण कारण, विशेष गरी, धानको उत्पादन क्षेत्र हुनुले पनि हो । नेपालका

बैंसी, उपत्यका र तराई क्षेत्र धान एवम् गहुँको उत्पादनको लागि प्रख्यात छन् । त्यसमा पनि कतिपय ठाउँमा विशेष खालको धान उत्पादन हुन्छ । जस्तैः तराई भेगमा गमडी नामको धान उत्पादन हुन्छ, यसलाई कसैले तल्सिङ मोही धान भनेर पनि भन्दा रहेछन् । तर अहिले यो गमडी धान लोप हुने अवस्थामा छ । त्यस्तै गरी ताप्लेजुङको दुम्लाबेसीमा बेलगुठी जातको स्थानीय मसिनो धान लगाइन्थ्यो भनेर सुनेको छु ।

जुम्लाको सिँजा उपत्यका मार्सी धानका लागि र पोखरा उपत्यका छेउछाउ पोखरेली, जेठो बुढो र छेन्द्रुङ धानका लागि प्रख्यात छ । डोटीको जोरायलमा विशेष बासमती धान पाइन्छ । नेपालमा प्रचलित र विशेष गरी कास्कीको बेगनास र कपिलवस्तुको जगदीशपुर समेतका ताल क्षेत्रमा फल्ने अर्को जात जङ्गली धान हो । धान विशेज्ञका अनुसार, "यो रैथाने धानमा अन्य धानमा जस्तो रोग लाग्दैन, रोग प्रतिरोध क्षमता उच्च हुन्छ ।" यसरी हेर्दा त्यतिवेला ठाउँ विशेषका आधारमा धान उत्पादन हुन्थ्यो । त्यसैले त्यतिवेला बैंसी क्षेत्रलाई उत्पादन कामका लागि जोगाउन सके भोकमरी हुँदैन भन्ने मान्यता रहेका देखिन्छ ।

भूगोल शास्त्रको दृष्किोणले पहाडी भेगका दुई हजार मिटरभन्दा तल रहेका नदी किनारका गर्मी हावापानी रहने समथल ठाउँहरूलाई बैंसी भनिने भएकाले नेपालका कतिपय ठाउँले बैंसीको नाम नपाए पनि भूबनोट, हावापानी र मौसमको चरित्र दृष्टिले नेपालको पूर्वदेखि सुदूर पश्चिमका सबै पहाडी जिल्लामा प्रशस्तै रूपमा बैंसी क्षेत्रहरू रहेको देख्न पाइन्छ ।

टार क्षेत्र पनि खेतीपातीका लागि जोगाउनुपर्ने भूमि भएकाले पनि मानिसहरू भू-धरातलको माथिल्लो भागमा बस्ने गरेका हुन् । यद्यपि टारहरूमा पनि मानिसको बसोबास हुँदै नभएको भने होइन । सुकेटार (ताप्लेजुङ), तुमलिङटार (सङ्खुवासभा), जरायोटार (भोजपुर), रामपुरटार र रूम्जाटार (ओखलढुङ्गा), बेलटार (उदयपुर), गैंडाटार (रौतहट), मङ्गलटार र फलामेटार (काभ्रेपलान्चोक), खुमलटार (ललितपुर), नेपालटार र बालुवाटार (काठमाडौं), सल्यानटार (धादिङ), खैरेनीटार (तनहुँ), चेपेटार र च्याङ्लिनटार (गोरखा), कुरिनटार (चितवन), बट्टार र खरानीटार (नुवाकोट), कपुरटार (लमजुङ), बुलिङटार (नवलपरासी) र चौरजहारीटार (रूकुम) आदि नेपालको मध्यपहाडी भाग र चुरेको घाँजमा रहेका टारका उदाहरण हुन्, जहाँ बाक्लै बस्ती रहेको पाइन्छ ।

पछिल्ला दशकहरूमा मानिसहरूमा आवतजावत र बसोबासको लागि सहज र सुविधाजनक समथर भूभाग खोज्ने प्रवृत्ति बढ्दै गएकाले टार र बैंसीहरू बस्तीको लागि मुख्य स्थान र बजारका केन्द्र बन्दै गएका छन् । यसले एकातिर मानिसको बसोबासलाई सहज पारे पनि अर्कातिर बैंसी क्षेत्रको उत्पादनमा भने कमी आएको छ । वेला वेलामा खोला र नदी बस्तीमा पस्नाले धनजनको ठूलो क्षति पनि हुन थालेको छ । २०७८ साल साउन २ गते मेलम्चीमा, २०८१ आश्विन ११ र १२ गते रोशी र सुनकोशीमा आएको बाढीले खुर्कोट क्षेत्रमा र २०८२ असार २४ गते भोटेकोशीमा ल्हन्दे खोला हुँदै वर्षाविना

नै आएको बाढीको कारणले रसुवागडी र स्याफ्रुबेंसी क्षेत्रमा भएको धानजनको नोक्सानी यसै प्रकृतिका उदाहरण हुन् ।

यसरी पछिल्ला दिनमा बेँसी र टारहरू भरिंदै जानुमा अन्य कारण पनि छन् । विशेष गरी औलो रोगको उन्मूलन, सडकसमेतका यातायातका साधनको विकास तथा मानिसमा भौतिक पूर्वाधार र त्यस्ता संरचनामाथिको पहुँचमा वृद्धि, साबिकमा गाउँ रहेका माथिल्ला र उच्च ठाउँमा जमिनको अभाव हुँदै जानु र डाँडामा रहको पानीका मुहान र स्रोत सुक्दै जानाले खेती गर्न र मानिस तथा पशुले पिउनका लागि समेत पानीको अभाव हुनु आदि कारणले बसोबास र खेतीपाती गर्ने स्थानसम्बन्धी पुरानो मान्यता भत्किन गएको छ । डाँडाका कतिपय बस्ती तथा प्रशासनिक कार्यालयहरू माथिल्लो भागबाट बेँसीमा सारिएका छन् ।

यसरी सदरमुकाम सारिएका दर्जनौँ उदाहरण पाइन्छ, जस्तैः रामेछाप जिल्लाको सदरमुकाम २०४५ सालमा रामेछाप डाँडाबाट मन्थली (बेँसी)मा सारियो । त्यस्तै गरी उदयपुर जिल्लाको सदरमुकाम उदयपुरगढीबाट २०२८ सालमा गाईघाटमा, सङ्खुवासभाको सदरमुकाम चैनपुरबाट २०२४ सालमा खाँदबारीमा, तनहुँ जिल्लाको सदरमुकाम २०२५ सालमा बन्दीपुरबाट दमौलीमा, अर्घाखाँचीको सदरमुकाम २०३४ सालमा नरपानीबाट सन्धिखर्क, मुगुको सदरमुकाम राराबाट २०२१ सालमा गमगढीमा, लमजुङको सदरमुकाम २०२६ सालमा कुन्छाबाट बेसीसहरमा र २०३० सालमा रुकुमको सदरमुकाम रुकुमकोटबाट मुसीकोट सारिएको पनि दशकौं भैसक्यो तर २०७४ सालमा रुकुम जिल्लालाई पूर्वी रुकुम र पश्चिम रुकुममा विभाजन गरेपछि पश्चिम रुकुमको सदरमुकाम पुनः रुकुमकोट कायम भएको छ । डोल्पाको सदरमुकाम पनि २०२२ सालमा ताराकोटबाट तलको दुनै वा सेती (ठुलीभेरी नदी)को खोँचमा सारिएको रहेछ । खोज्दै जाँदा इलामको सदरमुकाम पनि १८७५ सालसम्म नागरीगढीमा रहेछ ।

हुन त प्रशासनिक कार्यालयरू र सदरमुकाम मात्र होइन, अन्य कतिपय बस्तीहरू पनि माथिल्लो भागबाट बेँसीमा सारिएका छन् । स्थानीयबासीहरू यातायात र खानेपानी समेतको दृष्टिबाट आफ्नै सजिलो र सुविधाको लागि खोला किनार र बेँसीमा सरेका छन्, टारहरूका बस्ती पातलिएका छन् । थप उदाहरण लिँदा काभ्रे जिल्लाको मङ्गलटार गाउँ अत्यन्त सुन्दर र उर्वरा भएर पनि त्यहाँका कुवा, इनार समेतका पानीका स्रोत सुक्नाले त्यहाँ बस्ती पातलो भएको छ । मान्छेको बसोबास तल रोशी खोला किनार र बिपी राजमार्गको दायाँ बायाँ क्षेत्रमा फैलिएको छ । सिन्धुली जिल्लाको दुम्जा र खुर्कोटका पनि बस्ती माथिबाट तल सरेका छन् । अछाम जिल्लाको साँफेबगर पनि यसै गरी विकास भएको ठाउँ हो । हुन त तराई क्षेत्रमै पनि कतिपय सदरमुकाम विभिन्न कारणले सारिएको पाइन्छ, त्यसमा राजनीतिक प्रभाव बढी देखिन्छ । साबिकमा सुनसरी जिल्लाको क्षेत्र समेत समेट्ने मोरङ जिल्लाको सदरमुकाम पहिले विजयपुर रहेछ ।

यसरी नेपालको पहाडी भूभागको बसाइको संरचना परिवर्तन हुँदै जानाले भौतिक

तथा सामाजिक पूर्वाधार निर्माण गर्ने नीति र प्रणालीलाई नै प्रभाव पारेको छ । उत्पादन हुने ठाउँहरू बस्तीले भरिएका छन् भने साबिकका गाउँबस्तीहरू कि त बाँझै छन् वा जङ्गलले ढाकिएका छन् । यसले समग्र देशको उत्पादन, वितरण र आपूर्ति प्रणाली प्रभावित भएको छ भने स्रोतहरू पनि खेर गएका छन् । अर्कातिर नदी किनारमा बस्ती बढ्दा जनधनको क्षति हुने क्रम पनि बढेको छ । त्यसैले तीन तहकै सरकारले यस विषयमा गम्भीर भएर विकासका सौंच, नीति र कार्यक्रमहरूलाई त्यसै अनुकूल बनाउने वेला भएको छ । ■■

लघुकथा

# कार्ड



✍ **लीलाराज दाहाल**

भिडमा एक्कासि खैलाबैला मच्चियो !

यात्रु प्रतीक्षालयमा सार्वजनिक बस आएर रोकिएको थियो ! बलिया युवायुवतीहरू त ठेलठाल गरी बसमा चढे ! एउटा खुट्टा नभएको, वैशाखी टेक्ने शारीरिक अशक्त शिव र ज्येष्ठ नागरिकहरूलाई भने बस चढ्न निकैबेर लाग्यो ! उनीहरू बडा सकसले बल्लतल्ल बसमा उक्लिए !

बसभित्र पनि भिडभाड थियो ! अशक्त र ज्येष्ठ नागरिकलाई छुट्याइएको सिटमा त युवायुवती पो आनन्दले बसिरहेका थिए ! यहाँ पनि निकै लामो तर्क वितर्कपछि मात्र उनीहरूले आफ्नो आरक्षित सिट भेट्टाए ! बसका चालक, सहचालकहरूका कर्कश हप्काइले यात्रुहरू पीडित भएर यात्रा गर्दै थिए !

सहचालक भाडा उठाउँदै आयो ! फेरि पनि सहचालकको ओठबाट विवादको कर्कश ध्वनि निस्कियो ! वृद्धवृद्धाले यत्ति भनेका हुन्, "हामी ज्येष्ठ नागरिक हौं ! भाडामा सरकारले तोकेको सहुलियत देऊ ! "

अशक्त यात्रु शिवले पनि यत्ति भनेको हो, "म अशक्त हुँ ! भाडामा छुट गर !"

सहचालक च्याँट्टिएर कर्कश स्वरमा बोल्यो,"कार्ड छ, कार्ड ?"

वृद्धवृद्धाले त ज्येष्ठ नागरिक परिचयपत्र बोकेका रहेछन् ! देखाए ! शिवले अशक्त परिचयपत्र बोकेको रहेनछ ! सहचालक फेरि चर्कियो,"कार्ड बिना पाइन्न छुट !"

"मेरो एउटा खुट्टा छैन ! यी हेर ! घुँडामाथि काटिएको ठुटो ! वैशाखी टेकेर हिंड्छु ! म शारीरिक अशक्त होइन ?" "

यतिखेर शिवको मनको आकाशमा आशङ्काको बादल मडारिन थाल्यो !

सहचालक भने अझै भन्दै थियो,"तपाईंको खुटा होस् कि नहोस् ! मलाई के मतलब ! मलाई त कार्ड चाहिन्छ, कार्ड !" *– वागमती ११, कर्मैया, सर्लाही ।*

कविता

# अमर छु कि भैँ गरी



✍ **हरिभक्त सिग्देल 'महेश'**

**छन्दः अनुष्टुप**

दृष्टि दोष बढे हेर क्षितिज पार पारमा
विषका वृक्ष बढ्दै छन् बारीका खेत सारमा ।
अल्पायु बन्दछन् मान्छे सेवन विषको गरी
अहङ्कार र यो लोभ युद्ध बढ्छन् घरी घरी ॥

परेवा उड्दछन् आफैं बुद्ध गुफा पसे पर
अल्लाह येशु निद्रामा शिव विष्णु सुते घर ।
धरा त्यागी दिने देवी कुपुत्र जन्मिए भनी
उल्टो गरी हिँडे सारा धरा बेवारिसे बनी॥

युद्ध मैदान भो आज सारा विश्व अशान्त छ
छैनन् सत्कर्ममा कोही सर्वत्र दुःख मात्र छ ।
कसरी थिच्न पाइन्छ कम्जोर खोज्न अन्तर
छैन सुख कतै शान्ति सम्पन्न जति छन् घर ॥

चिन्ताग्रस्त भएका छन् घुम्दै छन् तर फन्फन
जात पात र यी लिङ्ग वर्णभेद छ गन्थन ।
युद्धको जड हो भूमि ज्ञान बिर्सेर लाहुर
न ल्याएथ्यौं न लाने हौं त्यसैमा देख्छु माहुर ॥

लोभ मोह अहङ्कार सबैका शिरका छत
सनातन छ यो सत्य ज्ञान लुप्त भयो कि त ? ।
ज्ञानी पुग्दैन यो माथि कुर्सी निर्णयमा किन ?
शिक्षा देऊ सबै शान्ति भाइचारा बढाउन ॥

बढुन् मित्र हटुन् शत्रु सारा विश्व जताततै
दुःख र कष्ट यी भागुन् सम्पन्न सुखमा अझै ।
सार अनन्त संसार आयु अल्प भए पनि
अमर छु कि भैँ लाग्छ अन्याय न्यायका मुनि ॥

# गजल



✍ **निर्मलादेवी तिम्सिना 'कान्छी'**

एउटा खुसी पाउन धेरै दुःख मार्नु पर्छ
थोरै मुस्कुराउन धेरै आँसु झार्नु पर्छ।

मनभरि भरिएका दुःख सफा गर्दा,
गाग्रीबाट पानी जस्तै आँसु सार्नु पर्छ।

अँध्यारोको चौतारीमा दुःख बिसाउनलाई ,
घण्टा, मिनेट, सेकेन्ड गन्दै दिन टार्नु पर्छ।

सिरानीलाई थाहा होला कति झरे आँसु
बिहान रूखो हाँसो हाँस्दै ठिक्क पार्नु पर्छ।

जिन्दगीको मैदानमा खेल्छन् खेल धेरै
अरूको मन जित्न पनि आफैं हार्नु पर्छ ।

लघुकथा

# शाश्वत सत्य



**डा. टीकाराम पोखरेल**

दुई मित्रहरू गगन र भास्करको जम्काभेट भयो ।

मित्रतामा उनीहरू निकट भए पनि विचारमा भने आपसमा भिन्न थिए ।

गगन अध्यात्मवादी थियो, ऊ शून्यतामा पूर्णता देख्थ्यो । भास्कर भौतिकवादी थियो, ऊ भौतिकवादी दुनियाँमा आध्यात्मिक चिन्तन र बहसलाई बेतुकको कुरा ठान्थ्यो ।

गगनले आकाशतिर देखाउँदै भन्यो; "भास्कर ! तिमी जहिले पनि भौतिकवादका कुरा गर्छौ । माथि आकाशलाई हेर त ! शून्य भएर पनि त्यसको निलो रङ कति सुन्दर छ । शून्यतामा रङ्ग देखिनु आध्यात्मको उच्चतम उदाहरण हो, होइन र भास्कर ?"

भास्करले प्रत्युत्तरमा भन्यो; "तिमी अझै भ्रममा छौ गगन ! आकाशको कुनै रङ छैन, त्यो त सूर्यका किरणहरू वायुमण्डलका कणहरूमा ठोकिँदा निलो देखिएको हो, त्यही निलोलाई तिमी भ्रमवश आकाश देखिरहेका छौ र आकाशको रङ निलो छ भनिरहेका छौ ।"

"त्यसो भए के तिमी आकाशको अस्तित्व स्वीकार गर्दैनौ भास्कर ?" गगनले सोध्यो ।

"अवश्य स्वीकार्छु गर्छु, गगन । मैले कहिल्यै पनि आकाशको अस्तित्व स्वीकार्दिन भनेको छैन ।"

"तिमी कुनै कुरा भौतिक रूपमा छैन पनि भनिरहेका छौ, तर त्यसको अस्तित्व चाहिँ स्वीकारिहरहेका छौ भने त्यो नै अध्यात्मिक चेतना होइन र, भास्कर ।"

गगन र भास्कर दुवैबिच अध्यात्मवाद र भौतिकवादको चिन्तन र अस्तित्वको पक्ष र विपक्षमा विवाद लम्बिँदै थियो । विवादकै बिचमा अनन्त आइपुग्यो । गगन र भास्कर दुवैलाई सम्झाउँदै अनन्तले भन्यो; "आकाशको शून्यताकै कारण पृथ्वी निस्फिक्री घुम्न पाएको छ । सूर्यको किरणकै कारण आकाशले निलो रङ पाएको छ, रङकै कारण आकाशको अस्तित्व सम्भव भएको छ । संसारमा कसैको अस्तित्व निरपेक्ष छैन, सबैको अस्तित्व एक अर्काको सापेक्षतामा छ ।"

गगन र भास्कर अनन्तको कुरा ध्यान दिएर सुनिरहेका थिए । अनन्तले थप प्रस्ट पार्दै भन्यो; "एकल अस्तित्व ठूलो भ्रम हो । सहअस्तित्व नै सम्पूर्णता हो । जुन ब्रह्माण्डको शाश्वत सत्य हो ।" ■■

'कल्पतरु' द्वैमासिकमा आ.व. २०८३/८४ (२०८३ साउनदेखि २०८४ असारसम्म) भित्र छापिएका मध्येबाट एउटा उत्कृष्ट सिर्जनालाई पुरस्कृत गरिने व्यहोरा सूचित गर्दछौं ।

**कल्पतरु परिवार**

लेख

# नेपाली साहित्यमा हिमालयको चर्चा



✍ **प्रा. डा. बन्धु कोइराला 'खेकोब'**

साहित्यमा हिमाल सदा साहस, सौर्य, सुन्दरता, स्थिरता, विचित्रता, अगम्यता, सुरम्यता, रौद्ररमता, रहस्य, रोमान्च, धैर्य, उच्चता, दुर्लङ्घ्यता, शीतलता र अटलुताको बिम्ब, प्रतीक, चिह्न, उपमा, मिथ आदिका रूपमा रहँदै आएको छ। 'समुद्र' हुनेहरूले समुद्रलाई नै साहित्यमा उतारे र नोबेल पुरस्कारसमेत पाए । उनीहरू नै हाम्रा हिमालको भ्रमण गर्न, कुना काप्चामा छिर्न र केस्रा–केस्रा केलाउने काम गर्न समेत तम्सिए, गरे, अद्यापि गर्दैछन् र हाम्रै हिमालमाथि उनीहरूद्वारा पुस्तक लेख्ने, वृत्तचित्र बनाउने क्रम समेत जारी छ । 'धर्म' पछि संसारमा सबैभन्दा बढी लेखिएको विषय मार्क्सवाद र त्यसपछि शायद 'हिमाल' नै हो ।

समुद्रवालाले समुद्रकै, टापु हुनेले टापुकै 'मरुभूमि' हुनेहरूले पनि मरुभूमिलाई नै साहित्यमा/सिर्जनामा चित्राङ्कित/दृश्याङ्कित गरे र विश्वस्तरमै सम्मानित भए । हामी हिमाल बोकेर बसेका 'आफैं'ले चाहिं हिमालको नजिकमा पुग्ने साहस गरेनौं; हिमाललाई छोएनौं, टेकेनौं, हेरेनौं, देखेनौं र लेखेनौं पनि । "दूरस्थ पर्वता रम्या" भन्यौं र टाढैबाट हेरेर चित्त बुझायौं । पूजा गऱ्यौं, परैबाट ढोग्यौं, रौद्ररमताको चर्चा गऱ्यौं; तर कहिल्यै पनि त्यसलाई छुने, हेर्ने, बुझ्ने, त्यसैमा चढ्ने, त्यसैसँग खेल्ने, एकाकार हुने, त्यही चुलीमा आफ्नो उपस्थिति जनाउने आदि काम चाहिं पटक्कै गरेनौं । नेपाली साहित्यमा यो कामको प्रारम्भ निकै अघि भएको हो । कविता काव्यमा, निबन्ध प्रबन्धमा, अन्य विधामा पनि केही । जनकलाल, केदारमणि आदि, पूर्णप्रकाश, विकल, घटराज, धर्मराज, देवीचन्द्र श्रेष्ठ, श्रीकृष्ण, राममणि रिसाल आदि । वाङ्मयका रूपमा योगी नरहरिनाथ पूर्व र पछि हर्क गुङ्कदेखि कनकमणिसम्मले गरिआएका छन् । यतातर्फ गङ्गाराजदेखि लेखनाथ, सम, देवकोटा, चिरञ्जीवी, मोहन, वैरागी, क.दी. हुँदै अघि बढेको हो जसलाई नियात्राकार/निबन्धकार प्रतीक ढकालबाट विकास गर्ने कार्य सुरु भएको छ । उनको यो साहसिलो कदम, उत्सुकता र हर चुनौतीलाई सामना गर्न चाहने निर्भीकताले नेपाली साहित्यको निबन्ध र अन्य विधाको नियात्रा फाँटमा एउटा नयाँ आयाम थपिएको छ। अब हामीसँग पर्वतारोहणको साहित्य पनि छ । अब हामीसँग 'फुटेको हिउँ'को खतरा र 'खरपस' का बारेमा बताउने साहित्य पनि छ । चुलीसँगै एकाकार भएर हुर्केको पर्वतीय जीवन, त्यसको रीति र संस्कृतिको झाँकी पनि छ । उच्च हिमाली भेगमा बसोबास गर्ने शेर्पा जाति र तिनको वीरताको कथाले रचेको हाम्रो पहिचानको गाथा पनि छ । यी सबै सुकर्मको सुरुवात गरेका छन् । प्रतीक ढकालले आफ्नो पर्वतीय नियात्रा लेखनमार्फत ।

पहाड, पहाडी जीवनको सन्दर्भमा माधव घिमिरे, धर्मराज थापा ।

दौलत, धर्मराज, हिरण्य, श्रीकृष्ण, नरेन्द्र, तेजप्रकाश, देवीचन्द्र, पूर्णप्रकाश, भोजराज भट्ट, दामोदर, विश्वनाथ र प्रतीकले त गएरै लेखे र नेपालीमा पर्वतीय साहित्यको जग नै

बसाले तर उनी भन्दा अघि पनि, उनका अग्रज साहित्यकारले पनि हिमाललाई/पर्वतलाई साहित्यमा नउतारेका भने होइनन् । लेखनाथदेखि मोहन कोइराला, भानुभक्त पोखरेल, वैरागी काइँला समेतले टाढैबाट देखेका भरमा, सुनेका भरमा, अध्ययन गरेका भरमा, आफ्नो पूर्व जानकारी वा भुक्तभोगीहरूका मुखबाट सुनेका भरमा, वा नजिकै रहेको गोसाइँकुण्डसम्मको पैदल भ्रमण वा मुक्तिक्षेत्रको दर्शनको अनुभवमा आधारित भएर नै किन नहोस्; नेपाली साहित्यमा हिमाल/पर्वतबारे लेखिएका नै छन्; धेरै थोरै । विदेशीहरूले लेखेका त छँदै छन् ।

हामी विदेशको यात्रा गरेर ठुलठुला बखान गर्छौं, उद्धरण गर्छौं । देशको सौन्दर्य माटो मुटुलाई बेवास्ता गर्छौं । देवकोटाले भनेझैं विदेशीको फुइँ, देशवासीको रुवाइ । वसन्तकुमार शर्मा, डा. राजेन्द्र विमल, यादव खरेल, रामकुमार पाण्डे, महेशकुमार उपाध्यायले नेपाली भूगोल र माटो एवम् जीवनलाई सशक्त पक्रेको सन्दर्भ छ । गोविन्दराज भट्टराईले आफ्ना अग्रज यदुनाथ, दुर्गा भण्डारी, अभि सुवेदी, श्रीधर लोहनीको बाटो पछ्याउँदै विश्वसाहित्यलाई अध्ययन गर्दै नेपालमा नेपाली साहित्यलाई श्रीवृद्धि गर्न पर्वतीय साहित्यको महत्तालाई औंल्याएका छन् । वास्तवमा हाम्रो मूलधन हिमाली/पहाडी धन हो जुन हिमाली/आर्य सभ्यता हो। यसमा गर्व गर्नै पर्छ ।

साहित्यकारहरू हो चरैवेति ...... चरैवेति लेखिरहूँ - हिमाल र पहाडहरू ।

हामीले पढेको हो; हिमालको महत्त्व धेरै अघि कालीदासको नामबाट हिमालयो नाम नगाधिराज ।

वास्तवमा हिमालय हाम्रो शिर ताज हो हिमाली शृङ्खला केन्द्रको मुटु नेपाली विश्वको प्रथम, तेस्रो उच्चो हिमाल ।

हिमाली सभ्यता समुद्री सभ्यताको विशेषता अर्कै होला, हिमाली सभ्यताको उचो महनीय, कमनीय, रम्प वैशिष्ठ लेखिएको सन्दर्भ छ ।

नेपाली लेखकहरूद्वारा लेखिएका पर्वतीय साहित्यको सूचीहरू कुन प्रकारले कसरी लेखिएका छन् अध्ययन गरौं;

**(क) लेखकले स्थलगत भ्रमण गरे पश्चात् लेखिएका कृतिहरू**

१. 'सगरमाथाको सेरोफेरो' - धर्मराज थापा २. 'मेरो नेपाल भ्रमण' - धर्मराज थापा ३. 'हिमाल र मान्छे' - दौलतविक्रम विष्ट ४. 'कौतुकमय डोल्पा' - जनकलाल शर्मा ५. 'जमर्काहरू' - डा. तारानाथ शर्मा ६. 'नसुनिएका ध्वनि' - डा. तारानाथ शर्मा ७. 'हुम्ला बोल्छ मानसरोवरमा' - देवीचन्द्र श्रेष्ठ ८. 'घामपानीको छापविँडो' - देवीचन्द्र श्रेष्ठ ९. 'घुम्टोभित्रको सयरङ्गी अनुहारः हुम्ला' - श्रीकृष्ण गौतम १०. 'अल्छीका पाइला'- श्रीकृष्ण गौतम ११. 'तस्मात् चरैवेति'-श्रीकृष्ण गौतम १२. 'थलथलाका पाटाहरू'- भूपहरि पौडेल १३. 'पाइलाका डोबहरू'-तेजप्रकाश श्रेष्ठ १४. 'दौडाहा : घुमाउरा बाटाहरूमा' - तेजप्रकाश श्रेष्ठ १५. 'गोसाइँकुण्ड' - प्रह्लाद पोखरेल १६. 'कोम्रोड खोला बाँचे भेट होला' - सुकुम शर्मा १७. 'डेटलाइन चोमोलुङ्मा' - आङछिरिङ शेर्पा १८. 'मानसरोवरमा डुबुल्की मार्दा' -काजी रोशन १९. 'नियात्राको नौलो सुसेली' - पूर्णप्रकाश नेपाल 'यात्री' २०. 'राराको सौराँइ' - पूर्णप्रकाश नेपाल 'यात्री' २१. 'छ्डुङको जंगलमा हराउँदा' - नरेन्द्रराज पौडेल २२. 'डोल्पा'- विश्वनाथ ढकाल २३. 'छितेन/गोरी' - हिरण्य भोजपुरे २४. 'मनाङ' (एक परिचय) - ठाकुरप्रसाद कोइराला २५. 'मैले देखेको नेपाल' - डा. हर्क गुरुङ २६. 'सात

सूर्य एक फन्को' - रमेश विकल २७. 'नीलगिरिको छायामा' - रमेश विकल २८. 'यात्रामा बटुलिएका फूल' - डा. तुलसी भट्टराई २९. 'यात्रा किसिम किसिमका' - भुवनहरि सिग्देल ३०. 'मेरो स्वदेश भ्रमण' - कलाधर काफ्ले ३१. 'पदयात्राका पाइलाहरू'- खुमबहादुर सुवेदी ३२. 'प्रणय र पाइला' - ज्ञानेन्द्र विवश ३३. 'मैले देख्न पाएको मानसरोवर' - भोजराज भट्ट ३४. 'नेपाल भ्रमणका' ७३० दिन- नारायणप्रसाद र नवराज भट्टराई ३५. 'सँगै बसौं यो रात' -डा. गोविन्दराज भट्टराई ३६. 'वियोण्ड द हिमालयज्' -प्रतीक ढकाल ३७. 'हिमालपारि पुगेपछि' - प्रतीक ढकाल ३८. 'सेती पनि काली पनि' - प्रतीक ढकाल ३९. 'सगरमाथाको आधारशिविरबाट' -प्रतीक ढकाल ४०. 'चीनको विचित्र चित्र'-प्रतीक ढकाल ४१. 'पाइतालाका छापहरू' -प्रतीक ढकाल ४२.'गण्डकीको मुहानतिर'-प्रतीक ढकाल

**(ख) सम्बन्धित स्थानमा नगएर पनि लेखकले हिमालकै सम्मानमा लेखिएका कृतिहरू**

१. 'मुनामदन'-महाकवि लक्ष्मीप्रसाद देवकोटा २. 'हिमालपारि हिमालवारि' - राष्ट्रकवि माधव घिमिरे ३. 'सगरमाथाभन्दा माथि' - हिरण्य भोजपुरे ४. 'पासाङ ल्हामू' - ओमवीरसिंह बस्न्यात ५. 'हिमवत्खण्ड' -भानुभक्त पोखरेल ६. 'चुली' - सरुभक्त

**(ग) हिमाल/पर्वतका सम्मानमा लेखिएका विविध फुटकर रचनाहरू**

१. 'अर्जीपत्र' - पं. गदाधरपाध्या सुवेदी २. 'हिमाल' - कवि शिरोमणि लेखनाथ पौड्याल ३. 'गौरीशंकर यात्रा' - महाकवि लक्ष्मीप्रसाद देवकोटा ४. 'तस्मात् चरैवेति' - राष्ट्रकवि माधव घिमिरे प्रकाशकीय मन्तव्य ५. 'हिमाल र मान्छे' - राष्ट्रकवि माधव घिमिरे प्रकाशकीय मन्तव्य ६. 'कालीगण्डकी' - राष्ट्रकवि माधव घिमिरे ७. 'तेन्जिङप्रति' - बालकृष्ण सम ८. 'लिलीभीर' - कनकमणि दीक्षित (देखेको मुलुकमा सङ्ग्रहित) ९. 'न्यूजिल्याण्डमा पहिलो नेपाली' - सत्यमोहन जोशी (अन्तर्वार्ता खण्ड) १०. 'पर्वत' - वैरागी काइँला ११. 'यतीका पाइला खोज्दै' - मोहन कोइराला १२. 'पहाडी बाटो' - तुलसी दिवस १३. 'बोल्नु पर्‍या' - कमल दीक्षित (सँगालोमा सङ्ग्रहित) १४. 'यी भिन्नै डाक्टर' - प्रतीक ढकाल १५. 'हिमालपारिका भीरहरू' - प्रतीक ढकाल १६. 'चोयुका सन्तानहरू' - प्रतीक ढकाल १७. 'हिमालय' - भरतराज पन्त १८. 'कैलाश पर्वतको असफल यात्रा' - डा. माधवप्रसाद पोखरेल १९. 'गोसाइँकुण्डमा शान्तिको गीत' - हेमराज पाण्डे (साइत जुरेको डाँफेमा सङ्ग्रहित)

यस्ता कृतिहरूको बारे अध्ययन गरी नेपाली पर्वतीय साहित्यको महिमा सुरक्षित गर्न समीचीन ठहरिन्छ ।

पश्चिममाहरूले समुद्रमै केन्द्रित भएर साहित्य लेखे; नोबेल पुरस्कारबाट सम्मानित भए र सारा विश्वको ध्यान आफैंतिर खिच्न सफल भए । अरबीहरूले मरुभूमिलाई नै साहित्यमा उतारे र विश्वव्यापी सम्मान प्राप्त गरे । टापु हुनेहरूले टापुकै कुरा गरे र प्रख्यात भए तर हामीले चाहिं आफ्नो अमूल्य सम्पत्तिको रूपमा रहेको पर्वत र हिमालमा केन्द्रित भएर लेख्न सकेनौं, चाहेनौं, लागेनौं, जानेनौं ।

हाम्रा हिमालका सुवासले पाश्चात्य वाङ्मय गदगद भएको छ । त्यहाँका पाठक हिमाली साहित्यबाट रमाएका छन् तर हामी आफू भने छातीभरि विशाल 'हिमाल' को अनन्त शृङ्खला बोकेर पनि नदी किनाराको अभागी सुक्खा खेतभैँ धाँजा फाटेर बसेका छौं । हामीसँग त्यत्रो विशाल हिमाली सम्पदा छ । उच्चताको हिसाबमा भन्ने हो भने संसारकै पहिलो, तेस्रो, चौथो,

पाँचौं, छैटौं, सातौं, आठौं र दशौं सर्वोच्च चुचुराहरू हामीकैमा छन् । ८००० मिटरमाथिका ८ वटा चुली हामीसँगै छन् । ७००० मिटरमाथिका १०० वटा चुली हामीसँगै छन् । ६००० मिटरमाथिका हिमालको सङ्ख्या त २५० छ । ६००० मिटरभन्दा मुनिको उचाइलाई त नेपालमा 'डाँडो' मात्रै मानिने स्थिति छ, 'हिमाल' होइन । जबकि यो भन्दा थोरै उचाइ भएका हिमालहरू संसारभरि नै सम्मानित छन् ।

तर यो 'महान्' अनि अद्वितीय सम्पदा पनि किन हाम्रो साहित्यमा उत्रन सकेन ?

सारा संसारले गौरवको रूपमा हेर्ने गरेका हिमालहरू हामीसँगै छन्, तर हामी आफ्नै यी विशाल अनि गौरवशाली सम्पदाका बारेमा किन लेख्दैनौं ? ■■

कविता

# कालाम्य परिवेश



✍ **प्रमोद नेपाल**

काले बादलको अँगालोमा बाँधिएर
बिहानैदेखि धुम्म परेको छ आकाश
सधैं परबाट स्पष्ट, शान्त र स्निग्ध देखिने
त्यो चन्द्रागिरि पनि
आज आफैंभित्र उकुसमुकुस भएर
छटपटाए जस्तो लाग्छ
मानौं बन्दी बनेका छन्
कालो बादलको
त्यसैले त
केही तिर्सना बिझे जस्तो छ
उनका आँखामा
केही वेदना अड्के जस्तो छ
उनको मुटुमा ।
चन्द्रागिरिको त्यो मनोहर र मनमोहक दृश्य
जसले नयनहरूलाई मुग्ध पार्थ्यो
मस्तिष्कलाई नयाँ चेतनाले चलायमान बनाउँथ्यो
र मुटुको धड्कनलाई ऊर्जा दिन्थ्यो
आज धुम्मिएको आकाशमुनि
त्यही कालो बादलको छायाले गर्दा
सबैतिर अन्धकारमय र कालाम्य भएको छ
अनि यो दृश्य यस्तो लाग्छ
जसरी बली चढ्ने बधशालाको निर्ममताभित्र
रगतको आहाल बग्छ
र जमेका रक्तकोषिकाले भुइँ छोप्छ
ठीक त्यसै गरी नै छाएको छ
यहाँ कालो बादलको साम्राज्य ।
तर मलाई राम्रोसँग थाहा छ कालो बादल !
समयको कालचक्रभित्र
तिम्रो यो अस्तित्व अस्थायी हो
ऋतुको बहिर्गमनसँगै
तिम्रो यो अन्धकार पनि सकिनेछ
त्यसैले, ए कालो बादल!
तिमी धेरै खुसी नहोऊ,
किनकि यहाँ निर्मित हरेक वस्तु
एकदिन टुट्नैपर्छ
जन्मेका हरेक जीवले
एकदिन मर्नैपर्छ
यही नै सृष्टिको
शाश्वत र अटल सत्य हो
तिमी यस नियमको अपवाद
कसरी हुन सक्छौ र?

*– काठमाडौं – ५ ।*

कथा

# भोकको औषधी



✍ **जे. एन. दाहाल**

जङ्गल बिचको सानो गोरेटो बाटो अघि बढ्छ चेतन । अलिपर पुगेपछि नजिकै कोही मान्छे भए जस्तो गुनगुनाहट सुनिन्छ । त्यस आवाजले उसलाई एक्लै त छैन भन्ने मनमा केही आड भरोसा दिन्छ । कुइनेटोको देब्रेतिरबाट फुत्त कोही निस्कन्छ । त्यस जवानको काँधमा भरूवा सिकारी बन्दुक तेर्सिएको छ ।

"यो के हो ? शिविरको मान्छे कता हिँड्यो?"

लिम्बु जातिको जवान चेतनको मट्टितेल भएको जर्किनतिर देखाउँदै सोध्छ। अर्को कम्मरमा पातङ भिरेको होचो मान्छे पनि वरपर नजर डुलाउँदै झाडीबाट निस्कन्छ । ऊ पहिलो जवानकै छेउमा उभिन्छ । "के हुन लाग्दैछ यहाँ ?" चेतनको  मन शङ्कास्पद बन्छ । मस्तिष्कमा हजारौं कुराको सोचाइ आउँछ । उसको मनमा चिसो पस्छ ।

चेतनले घर छाड्नुअघि छलिले बसाएको चुलोमा दुई मुट्ठी चामल उठाएको थियो । त्यसपछि पातलो सुकेको जिउमा लुथ्रनले दिएको कालो रङको स्वेटर, खैरो पाइन्ट र खुट्टामा हात्ती छाप चप्पल हुलेको थियो । ऊ शरणार्थी शिविरबाट जङ्गलको बाटो पत्तुबाडी गाउँतिरको यात्रामा निस्कन भनी लम्किएको थियो ।

चेतनको दायाँ हातमा पाँच लिटरको मट्टितेल जर्किन  झुन्डिएको छ । बायाँतिरको रित्तो हात हावामा मच्चाउँदै ऊ नजिकैको भागर खोलो तर्छ । बाटोभरि ठुला ठुला सालको रूखका पात खसेका छन् । हिँड्दा कतै सरङ सरङ गर्छ । चेतन याद गर्छ मेला जाने हुद्दाका हुद्दा मान्छे बिहानै निस्किसकेका छन् ।

केही घुमाउरो बाटो अलिभित्र पसेपछि कतै गाईवस्तु चरिरहेका देखिन्छन् । कतै रूखमा बाँदर उफ्रिरहेका छन् । कतै भैंसी पानीमा आहाल खेलिरहेका छन् । एउटा जवान रूखको हाँगाबाट वरपरको दृश्य हेरी कोही फुत्त बाटातिर उफ्रन्छ । त्यही मान्छेको केरकारमा जवाफ दिँदै छ चेतन अहिले ।

"मट्टितेल हो हजुर । पत्तुबाडीतिर हिँडेको !"

"रक्सी हालेको कि ? याँले बाहुन म चेक गरूँ !"

एक्लै भएकाले सत्र कुरा नसोची चेतन सानो पाँच लिटरे जर्किन हलुका हातले उसलाई दिन्छ । त्यस जवान जर्किनको बिर्को खोली सुँघ्छ । त्यतिन्जेलसम्म मट्टितेल जर्किन बाहिरबाट पानी जस्तै जस्तै सङ्लो देखिन्थ्यो । आज जस्तो रङ मिश्रित निलो हुँदैन थियो । त्यहाँबाट आएको गन्धले उसको अनुहार बिग्रन्छ  ।

चेतनलाई बितेको सम्झनाबाट मिनेटभरमा वर्तमान समयमा फर्कन्छ चेतन । बिझेको

समयबाट चल्दै गरेको समयमा आउन एक सेकेन्ड पनि लाग्दैन ।

अहिले चुलामा निहुरी परी सोतेले नसा तन्काउँदै छली फुक्दै छ । बाँसको सोतेले माटाको चुलामा आगो सानो ज्वाला हुर्र बल्छ । गोलधापको त्यो बसाइ, अभाव र सङ्कटपूर्ण दिनको सामना गर्दै दुई महिनादेखि ऊ मट्टितेल जोगाउन यसरी नै मेहनत गरिरहेकी छ ।

चुलाको आगो मिनेटभरमै झ्याप्प निभ्छ । ऊ घरीघरी त्यो छेउतिरको नूतन स्टोभतिर हेर्छे ।

छली अप्ठ्यारो अनुभव गर्दै छेवैको काठको परालको पिरामा थचक्क बस्छे । बाहिपट्टि माटो पोतिएको चुलाको कालो हलुङे भाँडामा हेर्छे, 'भात भर्सिरहेको छ । सब्जी पनि केही बेरमा पाक्ला' उसको मनमा सानो आशा छ, यही आशाले ऊ चुलामा नजिक छ ।

त्यही समय ६ फिट जति अग्लो चेतनको मन बोल्न थाल्छ, "बिचरा असक्त छली ! कति सङ्घर्ष गर्छे ।"

चुलामुनि हालेको सालका पात र रूखका केही साना झिरिमिटिबाट जोरेको आगो अघिदेखि बल्दै, निभ्दै गर्दै छ । कराही आगो भन्दा धुवाँले छोपिएको छ । पछाडि फर्कँदै छली भन्छे, "ए आयौ  बुडा । भोक लागेको होला । सब्जी पकाउँदै छु, धेरै बेर लाग्दैन ।"

सधैं नूतन स्टोभमा खाना बनाउने छलीले केही महिनाबाट चुलामा आगो जोरिरहेकी छ । ऊ बढेको शरीरको अप्ठेरोपनसँग जुध्दै धुवाँसँग उठबस गर्दै छ । छली नवआगन्तुक मान्छेको खुसीका लागि दुई रूपियाँ जोगाउन सङ्घर्षरत छ ।

चेतन नजिकैको गाग्राबाट स्टिलको गिलासमा पानी सार्छ । तिर्खाएकाले सासैले घटऽऽघटऽऽ तान्छ । उसका हरिया नसा तन्किएर प्रस्ट देखिन्छन् । चेतन उसको विवशतालाई निरीह आँखाले हेर्छ । सधैं खाना पकाउने मट्टितेलबाट बल्ने नूतन स्टोभ, जुन आज पनि कुनामा थन्किएको छ । त्यो स्टोभ नजिकै एउटा पाँच लिटरे सानो पहेँलो जर्किन हुन्थ्यो, जसमा छलिले मट्टितेल भेला पारेकी हुन्थी । त्यो चाहिँ छैन ।

निलो रङको गोलघेराभित्र रातो रङको खाना बसाउने फलामका तीन चौका सद्दे छन् । रातो जालीको बिच भागमा पहेँलो रङ गोलाकार थोप्लाको बिच भागमा नूतन लेखिएको छ अर्थात् भारतीय कम्पनीले निर्माण गरेको यो स्टोभको नाम नै नूतन हो । त्यसको एउटा खुट्टा त हो खियाले खाएर भाँच्चिएको । अरू पार्टपुर्जा सबै सद्दे छन् । स्टोभको फेदमा निलो रङको मट्टितेल हाल्ने ट्याङकी छ । त्यसमै डुब्छ सलेदो । जब चौकामा बसाएको खाना पाक्छ, तब सलेदोको हेन्डले मुनि सारी सासैले फुऽऽ गर्दा निभ्छ स्टोभ । छलीको अवस्था अनुकूल सहज थियो खाना बनाउने यो प्रक्रिया तर मेरै बुद्धिले धत् धत् !!

"त्यसरी हेरी के सोचिरहनुभको, हात धोएर आउनु । तातै भात खानुपर्छ ।"

हँऽऽ उसको कुराले चेतन झस्कँदै उठ्छ । छलीको बढेको पेटको असहजता र

आँखाअघि भएको घटना तुलना गर्छ । अहो ! बिहान तिर फर्कँदा उसको मन बिग्रिन्छ ।

छली क्रमशः उसरी नै सिमेन्टको पुरानो बोरा भित्रबाट दुइटा मसिना सालको रूखका झिरीमिटी चुल्होमा हाल्छे । यसपाली  आगाको पहेँलो लप्का देखिने गरी बल्छ । उसका आँखा धुवाँले पोल्दैन । सब्जी पाक्दै गरेको बास्ना घरभरि फैलिन्छ ।

"मलाई तेती धेरै भोक छैन । तिमीलाई ज्यादै लागेको होला । दिउँसो केही खायौ बुडी ?" आज चेतन सामान्य दिनभन्दा गम्भीर बन्दै सोध्छ । छली कपाल कानमाथि सिउरिन्छे, त्यो सोधाइ उसलाई साँच्चै प्रिय लाग्छ ।

"अँ.. तातोपानी र केही फ्वाँक सातु खाएँ ।" यो सुन्दा चेतनको मनमा गाँठो पर्छ । सोहोरिएर पीडा र छट्पटी अनुहारमा आई अल्झिन्छ । त्यो पल उसलाई छलीप्रति असीम सहानुभूति हुन्छ ।

चेतन हड्बडाउँदै भन्छ, "यस्तो बेला भोक धेरै लाग्छ अरे । एकनास सातु पनि खाइरहन मन हुँदैन होला । म नहुँदा कैलेकाहीं रेग्मीको दोकानबाट खातामा लेखाएर कोकिज या पाउरोटी ल्याएर खानू ।"

डाडुले कराही छोपेको हलुङेको थाल हटाएर हेर्छे छली । खन्द्रङ्ग गर्दै थाल सोतेमा ठोकिएर चुल्हाको छेउतिर गिलो माटाको गाह्रोनजिक उत्तानो पल्टन्छ ।

"कोकिज चैं होइन बुडा । अति नै भोक लागे चाउचाउ ल्याएर झोल हालेर खाउँला ।"

"हुन्छ त्यसै गर्नू । यस्तो बेला तिमीलाई धेरै दुःख भयो, तर अबदेखि म मट्टितेल बेच्ने भनी पत्तुबाडीतिर लाने छैन छली ।"

मट्टितेल त्यो शब्द सम्झँदा पनि चेतनका आँखा अघि जङ्गलको त्यो दृश्य नाच्न थाल्छ । ऊ भित्रको पीडा र बेचैनी नमज्जाले छटपटाउँछ।

"थोरै थोरै बचाई बेच्नु पर्छ । केही लिटरले सुत्केरी खर्च टर्छ । आज मैले सालका पात धेरै उठाएर ल्याएँ । तेसैले आगो नबलेको ! भोलि रूखका झिरीमिटी धेरै खोजेर ल्याउँछु । चुल्होमा धुवाँ आउँदैन बुडा ।"

चेतन स्टिलको थालमा युएनले दिएको बगडा चामलको भात छ । बाफ उड्दै गरेको भात भोकको औषधी बनेर मिल्कन्छ पेटतिर । छेवैबाट छली पनि तातो गाँस देब्रे हातले उठाउँदै छ, तर धेरै कुरा उठाउन नपाउँदै हातबाट मिल्कन्छ यहाँ ।

"बेच्न भनी सम्झेको होला । हाम्ले लान्छ । याँ हेर !"

दोस्रो बन्दुक भिरेको लिम्बु जोडले कराउँछ । त्यस बेला यस्तो भरूवा बन्दुक जङ्गलमा मृग र बँदेलजस्ता जनावर मार्न प्रयोग गरिन्थ्यो । बन्दुकको नाल देख्दै चेतनको मनमा चिसो पस्छ । उसको मुटुको धड्कन बढ्छ, डरले काम्न थाल्छ ।

आफ्ना अघिल्तिर निधारमा फोको भएको, मोटो ज्यानको लिम्बू कम्मरसम्मको डन्ठी लिएर उभिएको छ । त्यसले ठुला आँखाले हेर्छ ।

"बुढी गर्भवती छ हजुर । त्यसो नभन्नु न । शिविरको मान्छेलाई दया गर्नु न ।"

यी तीन जनाले चाहँदा, नाथे म जस्तो दुब्लो र एक्लो मान्छेलाई मारी झाडीतिर फाल्न पनि सक्छन् । चेतनको मनमा चिसो पस्छ ।

"बढ्ता बोल्छस् साले । भाग मुऽऽ"

लट्ठीवाल जवानचाहिं हातले कुट्न झम्टिँदै चेतन नजिक आउँछ । बन्दुकवाल अझ डर देखाउँछ, "यो हाम्रो भो । मुऽऽ चलाख भई यताउति गरे सिद्धेलास् पाजी !"

पाँच मिनेट पनि लाग्दैन, पाँच लिटर मट्टितेलको जर्किन आँखै अघि उनीहरूको बन्न । तेल लगे पनि जर्किन दिए हुने भन्ने चेतनको अन्तस्करणमा हुन्छ तर तीनै जवान जङ्गलभित्र पस्छन् ।

ऊ सोच्न थाल्छ, "मेरो आँखा अघि मट्टितेल मात्र चोरी भएन, सुत्केरी खर्च पनि चोरी भयो ! तर केही गर्न सकिएन । थुइक्क मैले केही गर्न सकिन ।"

खाली हात ठिङ्ग उभिएर चेतन केही बेर झोक्राउँछ । आधा बाटो आइपुगेको मान्छे । घरतिर जाऊँ कि पारी पत्तुबाडी गाउँतिर निस्कौं ? उसको मन दोधारमा अल्झिन्छ ।

केही बेरमा एउटा बाँदरले सालको रुख माथिबाट घकघक.. घकघक.. गर्छ। साला लाखे, मेरो दुर्गति देखेर जिस्काउँछस् । त्यसलाई तर्साउन छेउतिरको एउटा भाँचिएको स्याउलो देखाउँछ। बाँदर ओल्लो रूखबाट पल्लोमा फुर्ती देखाउँदै फुत्त उफ्रन्छ।

"घाम डुबीसको । ज्याला दिनुभए म बाटो लाग्छु । घर पुग्न एक घण्टा जति लाग्छ हजुर !" घरधनीका अघि पर्छ चेतन ।

"आजै केको हतार । तँलाई दुई दिनको ज्याला मिलाएर भोलि दिउँला !"

चेतनका सामु बुढी कडा र कड्केको आवाजमा आँगनमा उभिन्छे । खैरो रङको चेतनको सर्ट कामको पसिनाले लुथ्रुक्क भिजेको छ । ऊ बिहान आएको मान्छे भन्दा थकानले गलेको पनि छ ।

"आजको मजदुरीले केही होला जस्तो छैन । छलीले मट्टितेलको पैसा माग्दा के देखाउनु ? मैले उसका अघि के भन्नु ?" यही अवस्था सोच्दै चेतन पनि अनुहार सोरेर एकै ठाउँ ल्याउँछ ।

खरेलको घरमा मजदुरी गर्न आउनुअघि उसलाई जङ्गलमा लागेको थियो, "रित्तो हात घर फर्किएर के गर्नु ? बाँदरले पनि खिल्ली गर्दै छ । जे होला होला पारी गाउँतिर निस्कन्छु ।" त्यो समय चेतनमा एकाएक ईखको भाव पलाएको थियो ।

चेतनले दिनभरि धानका बिट्टा बोक्ने काम गरेको थियो । अरू मजदुरसरह खेतबाट खले गरामा बिट्टा ओसार्ने काम गर्छ । घाम ओरालो लागेपछि मात्र साहुनी नजिक पुगेको चेतन अहिले कसरी खरेलनी बुढीलाई आफ्नो वेदना बुझाउनु भन्नेतिर दिमाग लडाउँदै छ ।

"बुढी दुई जिउकी छ । भोलि आउन सक्छु सक्दिन, के ठेगान । बिन्ती आजै दिनुहोस् । मलाई बाटो लाग्न हतार भो ।"

आफ्नो मजदुरीको पैसा पनि मगन्ते जस्तो भएर माग्नुपर्ने विवशता देखेर चेतन चियापत्ती टिप्दा फुटेका औँला टाउकाको कपाल माथि पुऱ्याउँछ । साहुनी काठको टुङ्सी घरको भित्र कोठामा पस्छे । आँगनमै रिट्रिभर जातको कालो रङको कुकुर लामो जिब्रो निकाली बसेको छ, चेतन त्यसकै नजिकै उभिइरहन्छ ।

"लु लु लैजा भोलि लाँदा पनि हुने । कर गरिस्- लैजा अब !"

दिउँसोको खाजासहित साहुनीको हातबाट ५० रूपियाँ पाएर चेतन खुसी हुन्छ । ऊ देख्छ, निलो रङको रूपियाँमा राजा वीरेन्द्रको अनुहार उसको हातमा टल्किरहेको छ । यो देखेपछि दिनभरि धानका बिटा बोकेको थकाई बिर्सन्छ । एक छिनलाई लुटेराले मट्टितेल खोसिदिएको पनि बिर्सन्छ।

तर जङ्गलको बाटो घर फर्कनु छ, उसलाई यो यात्रा केही सङ्कुचित लाग्छ । नचाहेर पनि मनमा आफैँ डर पैदा हुन्छ । बिहानका लुटेराले भेटे यो पैसा पनि उडाइदिन बेर लगाउँदैनन् । ऊ पचासको नोट पेन्टको भित्रपट्टिको चोर गोजीमा पट्याएर सानो बनाई जतनसाथ राख्छ । साँझको समय चार किलोमिटरको जङ्गल छिचोल्नु छ । सुरक्षित घर कसरी पुग्नु ? चेतनलाई चिन्ता लाग्छ ।

चेतन कालोपत्रे सडकतिर परऽऽ अरू मेलामा आएका मजदुरहरू गोलधाप शिविरतिर जाँदै गरेको देख्छ । पत्तुबाडी कालो पत्रे बाटो छाडी जङ्गलतर्फ जाँदै अरू तीन लोग्ने मान्छे र दुई आइमाईहरू घरतिर फर्कँदै गरेका छन् । सोचाइमा एक छिन घोरिएको ऊ अब केको चिन्ता भन्दै दौडेर तिनीहरूको हुलमा हात्तीछाप चप्पल पड्काउँदै मिसिन्छ ।

उनीहरूको दुःख र सङ्घर्षको संवाद सुन्दै जङ्गलको शरणार्थी शिविरतिर लम्कन्छ चेतन । मान्छेको हुलमा हिंड्दा उसलाई शान्ति मिल्छ । समूहको चर्को बोली र चप्पल पट्काइको आवाजले उसमा कोही तर्साउन आउने छैन भन्ने भरोसा छ ।

साँझको दृश्य केही भिन्नै छ ।

चरणमा वस्तुभाउ छैनन् । रूखका हाँगामा वरपर गर्ने बाँदर पनि देखिन्न । भैंसी पानीमा छैनन्, आहाल रित्तै छ । यहीं त हो म लुटिएको ठाउँ; उसको मनमा चिसो पस्छ ।

"भात थपिदिऊँ ?" त्यो बोलीले चेतन झसङ्ग हुन्छ । छली पुन्युले भाँडो टिङटिङ पार्छे । रित्तिएको भाँडोको आवाजले कति कुरा भनिसकेको छ ।

भाँडाको भित्तामा टाँसिएका सिता पनि नफालौँ भन्ने छलीको चिन्तन याद गर्दै भन्छ, "रको भात तिमी उठाऊ । म उठें ।"

त्यसपछि ऊ खियाले खाएको नूतन स्टोभको खुट्टा मर्मत गर्न लाग्छ । अब म तेल बेच्ने छैन । बिचरीले धुवाँसँग जुधेर भात पकाई ! लुटेरालाई मट्टितेल सुम्पनुभन्दा जे सुकै होस् घरमै बाल्ने हो ।

हाल छली जुठेल्नुतिर निस्केकी छ । चेतन हात पुछ्दै चुलामा पस्छ । नूतन स्टोभ निकाल्छ । खियाले खाएको उक्त स्टोभका तीन खुट्टा सही छन् तर एउटा खुट्टा भाँचिएको हो ।

अब म तेल बेच्ने छैन । बाँसकै भए नि एउटा खुट्टा जोड्न पाए छलीलाई कति सहज हुन्थ्यो । उसलाई यस्तो बेला चुलाको काम कति झ्याउलो हुने रछ ।

चेतन नूतन स्टोभ राम्ररी नियाल्छ । बाहिर गएर ट्वाइलेटका लाइन वरपर बाँसको टुक्रा खोज्छ । केही भेटाउँदैन । भनेको बेला के कुरा चाहिँ भेटिन्थ्यो र भन्ने समयसँग साक्षात् गरिरहेको आफ्नो अभावलाई दोस्छ । एकपल्ट आफ्नै दिनहीन र गरिबीप्रति आक्रोश पोख्छ ।

चेतन दौडेर फेरि भित्र आई छानातिर हेर्छ । सिलिङमा पनि तेर्सा डाँडाभाटाबाहेक केही छैन । 'तिनलाई काट्न नमिल्ने, के गरौं !' फेरि बाहिर निस्कन्छ । छिमेकको करेसाबारी नजिकै एउटा सानो काठको टुक्रा झरेको देख्छ । त्यही टिपेर ल्याउँछ । हातको भित्ताले नाप्छ र पुरानो ह्याक्सस ब्लेडले रेट्न थाल्छ ।

ह्याक्सस ब्लेड होल्डर बिना रेट्दा हातका ठाउँ ठाउँ रातो बनाउँछ । केही बेरको मेहनतले उक्त काठ भाँचिदैन । पाँच मिनेट जतिको रेटाइपछि हात दुख्न थाल्छ । बिचमा लम्किएर चुल्होको झुम्रो तानी ह्याक्सस ब्लेड समाई रेट्न थाल्छ । काठको आधा भागसम्म दागिलागेपछि घुँडामा राखेर भाँच्छ।

जुठेल्नोमा भर्खर सफा गरेका भाँडा वर्तन लिएर भित्र पसेकी छली अनुहार बिगार्दै एकक्षण रोकिएर हेर्छे । के गर्दै छन् बुडा ? भाँडा कराइ थाल बटुका चुलाको भारमा राख्दै भन्छे, "आजै मट्टितेल सप्पै बेचेको होइन? फेरि किन बनाउनु स्टोभ ?"

"बेचेको होइ.." खै के सोचेर आफूलाई तुरून्त सच्याउँछ चेतन । आँखा झिमझिम पारी हडबडाउँदै भन्छ, "हो छली, बेचेकै हो बेच्न त !"

तर चेतन उसलाई श्रम बेचेको हो; मट्टितेल बेच्न सकिनँ भन्न पनि सक्दैन । उसलाई लाग्छ लुटेराको कहानी सुनाएर छलीलाई किन तनाव दिनु ! भनौं त मनमा कुरा खेलाएर कति दिन यही विषयमा चिन्तित बन्छे ।

"बिना मट्टितेल स्टोभको बनाएर के काम भन्दैछु ! ए साँची पाँच लिटरको कति पैसा आयो बुडा ?"

उसको सोधाइले चेतनको मन खिन्न हुन्छ । पेन्टको भित्री चोर गोजीतिर हात हाल्छ । चार भागमा पट्याएको सानो निलो रङको पचासको नोट श्रीमतीलाई पास गर्छ । छली हातमा परेको नोट देखी दङ्ग बन्छे ।

यति ठुलो पैसाको मुख राम्ररी देख्न पाएकाले ओल्टाइ पल्टाइ हेर्छे छली । त्यसलाई एकपल्ट ताता ओठमा लगेर टाँस्छे ।

"धन्न चिया बगानको आज छुट्टी नभनी, तेल बेच्न जानु भो ! नानीलाई नयाँ लुगा, घ्यु, ज्वानो, मसला, दुध । सुत्केरीमा कति धेरै खर्च हुन्छ।"

चेतन तिखा कानले छलीको पोखिएको मतो सुन्छ । केही नभनी आँखा पुन्टे पेटमा राख्छ र राखिरहन्छ । ■■

लेख

# घडी नहुँदा



✍ **शारदा पराजुली**

म संस्थागत विद्यालयकी एक शिक्षिका । यसो हेर्छु, आजका विद्यार्थीको अवस्था कति रमाइलो छ है जस्तो लाग्छ । मैले पनि विद्यार्थी जीवन पार गरेँ तर आजका विद्यार्थीभन्दा निकै भिन्न तरिकाले । आजका विद्यार्थी किताबको बोझले थिचिएको देख्दा भित्रभित्रै मन अमिलिएर आउँछ । उनीहरूको विद्यार्थी जीवनभन्दा स्वतन्त्र थियो हाम्रो विद्यार्थी जीवन । कक्षा दसमा नपुगी ट्युसन र कोचिङ पढ्ने चलन थिएन उस वेला । मैले पनि एस. एल. सी. दिने बेलामा मात्र केही महिना अङ्ग्रेजी र गणितको ट्युसन पढेकी थिएँ । आज मेरा विद्यार्थी कक्षा आठदेखि नै बिहान छ बजेदेखि ९:३० सम्म कोचिङ, दिउँसो १०–४ सम्म विद्यालयको नियमित कक्षा अनि फेरि बेलुका ४:०० बजेदेखि कोचिङ नै पढ्ने गर्छन् । हाम्रोभन्दा आजका पुस्ताको पढाइमा आकाश र जमिनको फरक छ । त्यस बेला पढाइभन्दा कामलाई प्राथमिकता दिनुपर्थ्यो । अहिलेका बालबालिकालाई समय मिलाएर दिनमा चार पटक खान दिएर केवल पढ्न लगाउँदा पनि पढाइमा भन्दा मोबाइल, ल्याप्टप र विभिन्न गेममा उनीहरूको मन जान्छ । हामी पढ्ने समय नपाएर भैंसी चराउन जाँदा, खेतमा बाली खाने चरा रूँङ्न जाँदा पनि किताब बोकेर जान्थ्यौँ । हाम्रा गृहकार्य सरहरूलाई जाँच्न दिंदा पनि पढ्दै नपढी राइट चिह्न दिएर पठाउनुहुन्थ्यो । अहिलेका बालबालिकालाई पढाएको कुरा कक्षाकार्य र गृहकार्य गर्न लाउँदा पनि अर्काको सारेर देखाउने बानी परेको छ ।

हाम्रा पालामा पत्रपत्रिका पढ्न कहाँ पाउनु ? एकचोटि मामाघर जाँदा मामाले पढ्न ल्याएको पत्रिका भेटेर विज्ञापन पनि नछोडी पढेको कुरा अहिले पनि याद आउँछ । आजका बालबालिकालाई किताबको कुरा पढाएर प्रश्नोत्तर गर्न दियो भने भन्छन्, "मेम क नं. को उत्तर यो अनुच्छेदको कहाँदेखि कहाँसम्म सार्ने ?" यो देखेर लाग्छ संस्थागत विद्यालयले जतिसुकै गुणस्तरीय शिक्षा दिन्छु भने पनि हाता लाग्यो शून्य हुन बेर छैन ।

जब मैले एस. एल. सी. दिएँ, तब आफू निकै ठुली भइछु भन्ने महसुस हुन थाल्यो । एस. एल. सी. दिएपछि कान्छी फुपू र म साइकल सिक्न थाल्यौँ । तराईमा बस्नेले साइकल नसिकी धरै हुँदैन । साइकल सिकेपछि धानमकै पिसाउन बोकेर लान सजिलो, यताउति हिंड्न सजिलो । निकै मिहिनेत गरेर साइकल सिकेपछि हामी गौरादह क्याम्पस पढ्न थाल्यौँ । हाम्रो घरबाट नजिकै भनेकै त्यही क्याम्पस थियो । हुन त दमकमा पनि क्याम्पस त थियो तर त्यहाँ पढ्न डेरा नबसी सम्भव नै थिएन । डेरा राखेर घरबाट पढाउनुभन्दा त बरु बिहे गरिदिन्छु भन्थे घरकाले । त्यसैले हामीले गौरादह क्याम्पस नै भए पनि पढ्ने मनसाय राख्यौँ ।

साइकल चलाउन सिकेर मात्र भएन मूल बाटामा चलाउन हिम्मत पनि आउनुपर्‍यो

नि ! पहिलो दिन क्याम्पस जाँदा परबाट गाडी आउँदै गरेको देख्नेबित्तिकै डरले मैले साइकल रोकेर साइड दिएको अझै याद छ । बिस्तारै साइकल कुदाउन जानेपछि पछाडि क्यारियरमा अरूलाई राखेर कुदाउन पनि जान्दै गयौँ हामी फुपू भदैले । क्याम्पस जान भनेर फुपूलाई हजुरबाले लेडिज साइकल किनिदिनुभएको थियो । मलाई केको साइकल किनिदिनु । बुबाको बुढो साइकल नै चलाएर क्याम्पस जान्थेँ । मनमा त लाग्थ्यो नि मेरो पनि फुपूको जस्तै लेडिज साइकल भए हुन्थ्यो तर आर्थिक समस्याले होला बुबाले किनिदिनुभएको थिएन । मैले पनि मुख फोरेर लेडिज साइकल किनिदिनु भन्न सकेकी थिइनँ । मलाई थाहा थियो लेडिज साइकल किनिदिनुभन्यो भने बुबाले भनिहाल्नुहुन्थ्यो "केले किनिदिनु ? अर्को साइकल चाहिने भए बरु क्याम्पसै नजा ।" म चुपचाप बुढो साइकल चढेर क्याम्पस जान्थेँ । त्यस बेला मलाई साइकलभन्दा पनि पढाइ महत्त्वपूर्ण थियो । यदि म फेल भएँ भने बुबाले मेरो बिहे गरिदिने कुरा बारबार सुनाइरहनुहुन्थ्यो । त्यसैले म खुब मिहिनेत गरेर पढ्थेँ ।

म र फुपूसँगै हाम्रो गाउँका प्रदीप कोइराला दाइ पनि क्याम्पस जानुहुन्थ्यो । लालपानीमा पुग्दा थपिन्थे छवि काफ्ले दाइ । रङ्गपुरमा पुग्दा कमला लामिछाने र तिलरूपा बास्तोला पनि थपिन्थे । यसरी नै साथीहरूसँग गफिँदै साइकलको पाइडल मारेर हामी समयमै गौरादह क्याम्पस पुग्थ्यौँ । वरिपरि अरू कलेज नभएर होला, त्यहाँ विद्यार्थी यति थिए कि हरेक सेक्सनमा असी-पचासी जना राख्दा पनि विद्यार्थी समेट्न गाह्रो थियो । विद्यार्थीको चाप धेरै भएर होला, पाँच दस मिनेट ढिला पुगियो भने बस्ने ठाउँ नपाएर उभिएरै लेख्नुपर्थ्यो । त्यसैले हामी सकेसम्म समयमै पुग्न ढुङ्गा लडाउँदै साइकल कुदाउँथ्यौँ । त्यस बेला घरपरिवारमा घडी लगाउने चलन खासै थिएन । हामी आकाशका तीन आँख्ले तारा हेरर कति बज्यो भनी अड्कल काट्थ्यौँ । गर्मी महिनामा तीन आँख्ले तारा प्रस्ट देखिए पनि बादल लागेका बेला र पानी परेका बेला भने राम्ररी देखिँदैनथ्यो । जाडो महिनामा कहिले कहीं हुस्सु लागेर आकाशै ढाकेजस्तो हुन्थ्यो, त्यसैले तीन आँख्ले तारा देखिँदैनथ्यो ।

एक दिन चारैतिर हुस्सु लागेर कुइरिमण्डल थियो । राति त झन् हुस्सुले सर्वत्र निलेको थियो । हामी फुपू भदै शौच गर्न उठ्यौं । डम्म कुहिरो लागेकाले तीन आँख्ले तारा नै देखिएन । तीन आँख्ले तारा हेरेर समयको अड्कल काट्न अभ्यस्त भइसकेका हामीलाई लाग्यो उज्यालो भइसकेछ । तीन आँख्ले तारा तल झरिसकेछन् । आज क्याम्पस जान ढिला हुने भयो । लु, छिटो गरेर जाऔँ । हुन त अघिल्लो दिन काका जागिरबाट आउनु भएको थियो । काकाको हातमा घडी थियो । काकाले घडी लगाएको कुरा हामीलाई यादै भएनछ । फुपू र म उठेर नित्य कर्म गर्‍यौँ अनि साइकल निकालेर क्याम्पसका लागि बाटो लाग्यौँ । सधैँ लालपानीमा पुग्दा कतैकतै मान्छे उठेका हुन्थे तर त्यस दिन कोही पनि उठेका थिएनन् । हामी साइकल गुडाउँदै बारघरे पुग्यौँ, त्यहाँका चियापसल पनि बन्द थिए । हामीलाई लाग्यो 'सधैँ खुल्ने चियापसल आज किन खुलेनन् ? आ, जाडामा किन चाँडै उठ्नु भनेर उठेनन् होला । हामीलाई जस्तो

यिनलाई क्याम्पस जानुपर्ने छैन क्यार । सुतेहोला नि मज्जाले ।' मनमा यस्तै सोचेँ मैले । हामी अझै अगाडि बढ्यौँ । धुलाम्मे बाटो अन्धकारमा साइकल चलाएर हिँड्दा अन्सारले मात्र साइकल चलाउनुपर्थ्यो । साइकल कतै धुलोमा भासिन खोज्थ्यो त कतै डिलमा ठोकिन्थ्यो । चिसाले गङ्रिएका हातले बल्लतल्ल साइकलको हेन्डिल अँठ्याएर हामी अघि बढ्दै गयौँ । जति जति अगाडि गए पनि अहँ, कसैका घरमा बत्ती बलेका थिएनन् । कुहिरोभित्र सारा गाउँबस्ती लुकेको थियो । शीतले बाटो लछ्याप्रै भिजेको थियो । अब भने हाम्रो मनमा निकै डर पसिसकेको थियो । डरले मनमरि कति हो कति कुरा खेल्न थाले । रङपुर स्कुल आउनु अगाडि चान्दु खोलाको पुल थियो । पहिला त्यहाँ मान्छे हिँड्न मिल्ने बाँसको साँघु थियो । बयलगाडी र ट्रक भने खोलैबाट हिँड्ने गर्थे । त्यहाँ पुग्दा मैले त्यो घटना सम्झिएँ, जुन कुरा एक दिन हामी स्कुल जाँदै गर्दा घटेको थियो । त्यो दिन हामी स्कुल आउँदै थियौँ, जब हामी साँघु नजिकै आइपुग्यौँ, तब धान बोकेको ट्रक खोलामा पल्टियो । धानका बोरा कतिपय पानीमा परे त कतिपय भुइँभरि असरल्ल पोखिए । गाडीभित्र चालक, सहचालक, र हाम्रै गाउँका दुई जना सरहरू पनि हुनुहुँदो रहेछ । त्यहाँ कसैको मृत्यु नभए पनि अङ्गभङ्ग भएर उहाँहरू रगतपच्छे हुनुभएको थियो । पुलमा पुग्दा त्यस दिनको घटना सम्झना भयो । पुल कटेपछि बरपिपल भएको चौतारो थियो । त्यहाँ मरेका मानिसलाई खोला लाँदा बिसाउने गरिन्थ्यो । लास बिसाउने कुरा पनि त्यो बरपिपल देखेपछि मनले सम्झिहाल्यो । डरले मनमा भूतप्रेतका कुरा खेल्न थालिहाले । यस्तो सुनसान ठाउँमा तर्साउने त होइन ? कतै वनझाँक्रीले लिएर त जाने होइन ? कतै किचकन्याले तर्साउने त होइन ? न मरेको लास यहीँबाट जुरुक्क उठेर हामीलाई आक्रमण त गर्ने होइन । डरले गोडा लुगलुग काम्न थाले । डरले नै होला साइकलको पाइडल पनि मार्न सक्दिँनथेँ म । फुपूको मनमा के खेल्दै थियो कुन्नि ! सायद उहाँलाई पनि डरले अत्याएको थियो होला । त्यसैले सधैँ गफ गर्दै हिँड्ने हामी चुपचाप साइकल चलाउँदै थियौँ । त्यो चौतारो पनि मुस्किलले पार गर्‍यौँ हामीले । त्यसपछि त झन् खेतै खेतको बाटो अर्को गाउँ निस्कन्थ्यो । हामी डराएका थियौँ तर पनि साइकल त चलाउनु नै थियो । हामी जतिसक्दो चाँडो त्यो मुर्दातुल्य सुतेको बाटो पार गरेर अर्को गाउँ पुग्न चाहन्थ्यौँ । त्यस ठाउँमा पुग्दा गन्ने हो भने हाम्रो मुटुको चाल अत्यन्तै तीव्र गतिले ढ्वाकढ्वाक गर्दै थियो । हामी बल्लतल्ल अर्को गाउँ नजिकै पुग्यौँ । त्यहाँ चुक घोप्टिएजस्तो अँध्यारो बाँसघारी थियो । हामी त्यो बाँसघारी कटेर अगाडि बढ्न सकेनौँ । हामीले साइकल त्यहीँ रोक्यौँ ।

"आज निकै राति नै हिँडिएछ । अब कता जाने ? घर जाने कि अगाडि जाने ?" मैले प्रश्न गरेँ ।

"बरु कमलाको घर जाऔँ । त्यहीं गएर बसौँला उज्यालो हुन्छ अनि क्याम्पस जाऔँला ।" फुपूको उत्तर थियो ।

"जान्छन् अर्काको घर यति राति । चोर भन्दै लखेटे भने के गर्ने ।" मैले प्रतिउत्तर दिएँ ।

"उसो भए के गर्ने त ?" फुपूले फेरि प्रश्न तेर्स्याउनु भयो ।

"बरु यहीं केहीबेर बसौं । उज्यालो हुन्छ अनि जाऔंला ।" मैले मन दह्रो पारेर भनें ।

"बाँसघारीभित्रबाट केही आएर तान्ने पो हो कि ? भूतप्रेतले तर्साउने पो हो कि ?" फुपूले डर प्रकट गर्नुभयो । म केही बोलिनँ । मेरो पनि डरले सातो गइसकेको थियो । मनमा अनेक थरी कुरा खेलेर होला हातखुट्टा नै लुला भएका थिए । टुसुक्क बसेर मैले कान थुनें, आँखा चिम्लिएँ । फुपूले पनि त्यसै गर्नुभएछ । सबै थोक लुकाउने ठाउँ पाइन्छ तर डर लुकाउने ठाउँ पाइँदैन भन्ने सुनेकी थिएँ, त्यस्तै भयो ।

परबाट साइकल आएको आवाज सुनें । मैले बिस्तारै आँखा खोलें । साइकल हामीतिरै आउँदै थियो । अब त झन् हाम्रो डर झुसी भएर असरल्ल पोखियो । हामीले एक अर्कालाई च्याप्प समात्यौं । चुक घोप्ट्याएजस्तो अन्धकारमा डाकु पो हो कि चोर पो हो कि कसले जान्ने । धन्न त्यस वेला अहिलेको जस्ता अपराधी मानसिकता बोकेका मानिस थिएनन् गाउँघरतिर । त्यस वेलाका मान्छेमा मानवताको भाव प्रगाढ थियो । एक्लै दोक्लै भएका वेला कसैले बलात्कार गरेर मार्‍यो रे भन्ने सुनिँदैनथ्यो । त्यसैले मान्छेको डर खासै थिएन तर घरमा धामी झाँक्री बसाएका बेला कुरा गरेको सुनेकी थिएँ, "वनझाँक्रीले मन्त्र सिकाउन मान्छेलाई लिएर जान्छ । उसका पाइताला माथिपट्टि फर्केका हुन्छन् । भूतप्रेतले भेटे भने मुटुकलेजो झिकेर खान्छन् ।" यस्ता उट्पट्याङ् कुराले मनमा डर पसेको थियो । जब एक्लै दोक्लै हुँइन्छ तब यी कुरा स्मरणमा आइहाल्दा रहेछन् । त्यस बेला पनि यही कुराले मुटुमा ढ्याङ्ग्रो ठोकेको थियो । यस्तो निस्पट्ट अँध्यारामा दुइटी अबोध केटीलाई कसैले पिछा गरेको रहेछ भनेर रोऔं कि चिच्याऔं भयो । रुँदा र चिच्याउँदा कसैले सुन्ने ठाउँ नै थिएन । त्यो साइकल हामी भएनेर आएर रोकियो । मैले बेस्सरी आँखा चिम्लिएर फुपूलाई दह्रो गरी समाएँ । खुट्टा थर्थरी काम्दै थिए । मुटु भ्याट भ्याट गर्दै थियो । फुपूको पनि चाला त्यही त हो नि ।

हामी फुपूभदै सँगैका हौं, अझ मभन्दा फुपू तीन महिनाले कान्छी । सानैदेखि सँगै हुर्केका हामी साथीजस्ता थियो । "बौलाइहरू आधा रातमै उठेर कहाँ हिंडेका ?" बोली बुबाको थियो । यस्तो राति बुबा कहाँबाट यहाँ आउनुहुन्छ ? पक्कै यो भूतप्रेत नै हुनुपर्छ । यसले हामीलाई झुक्याउन बुबाको आवाज निकालेको हुनुपर्छ भन्ने ठानेर झन् डरले टाउको निहुर्‍याएँ । "छिटो उठ घर जाऔं ।" फेरि बुबाकै बोली सुनेँ अनि पो बिस्तारी आँखा खोलेर हेरें । अगाडि बुबा हुनुहुन्थ्यो । हामी केही बोल्न सकेनौं । मनमा लागेथ्यो बुबालाई च्याप्प समातेर धित मरून्जेल रोऔं तर सकिनँ । म कहिल्यै बुबाको अगाडि बोल्न सक्दैनथें । म मात्र होइन हाम्रा घरका कोही पनि बुबाका अगाडि बोल्न सक्दैनथे । हामी चुपचाप बसिरह्यौं । 'भर्खर दुई बज्दै छ । घर हिंड छिटो ।' बुबाले यति भनेपछि मनमा गाँठो परेर आयो अनि हिम्मत गरेर उठें । म उठेपछि फुपू पनि उठ्नुभयो । हामीले साइकल मोड्यौं । चुपचाप तीनै जना घर पुग्यौं । घर पुग्दा पो थाहा भयो । हामी क्याम्पस हिंडेपछि आमा र हजुरआमा उठेर खोले पकाउनुभएछ । भाँडाकुँडा

चोख्याउनु भएछ तैपनि उज्यालो नभएपछि काकालाई घडी हेर्न लगाउनुभएछ । भर्खर २:३० बज्यो भनेपछि पो बुबा हामीलाई खोज्न आउनुभएको रहेछ ।

त्यस दिनदेखि बरु ढिलो भए पनि होस् रिमरिम उज्यालो भएपछि मात्र क्याम्पस जान थाल्यौं । हिजोआज घाँसदाउरा जाँदा, उकाली ओराली गर्दा एक्लै दोक्लै हिँड्दा छोरीचेली बलात्कृत भएको सुन्दा मलाई त्यही घटना याद आउँछ । धन्न त्यस वेला मान्छेमा मानवता थियो र हाम्रो अस्मिता बच्यो भन्ने लागिरहन्छ । ■■

# पाँच मुक्तक



**✍ दिनेशकुमार शर्मा**

**१**

यो जिन्दगी पो हो त, दुःखकष्ट सहेर पनि जिउनु पर्छ
मसँग फाटेको दिल छ हजुर छिनछिनमा सिउनु पर्छ
जीवन सिध्याउनलाई एकपल्ट विष पिए काफी हुन्छ
जिउन पो गारो छ यहाँ पलपलमा विष पिउनु पर्छ ।

**२**

जीवनपथका पीडाका डोबहरू मेटेर मेटिँदैन
असङ्ख्य घाउ छन् छातीभित्र बाहिरबाट देखिँदैन
अचेल मलाई जिन्दगी रेल्वे स्टेसन जस्तै लाग्छ
सधैं मान्छेको भिडभाड छ आफ्नो मान्छे भेटिँदैन ।

**३**

तार चुडिएपछि सितारले पनि सुरमा गाउँदैन
पात झरेपछि फेरि डाँठमा जोडिन पाउँदैन
दोस्रोपल्ट तताएको चिया, सम्झौतामा टिकेको नाता
दुवै बेस्वाद हुन्छ, पहिला जस्तो मिठास आउँदैन ।

**४**

ठुला मलभन्दा फुटपाथ पसल रोज्न मन लाग्छ
महँगो भन्दा सस्तो सामान खोज्न मन लाग्छ
पुऱ्याउने जिम्मेवारी आफ्नै काँधमा आएपछि
नुनको भाउ पनि तीन ठाँउमा सोध्न मन लाग्छ ।

**५**

मन अहङ्कारले भरिँदा, हात्ती पनि कमिलो देखिन्छ
बिस्वा राम्रो सप्रिए मात्रै माटो पनि मलिलो देखिन्छ
संसार रङ्गीन देख्नु छ भने मुस्कुराउन सिक्नुहोस्
परेलाभरि आँसु हुँदा त ऐना पनि धमिलो देखिन्छ ।

*– टीकाथली, ललितपुर ।*

लघुकथा

# मोबाइल



✍ **ईश्वर पोखरेल**

"सीमान्त र कला लिभिङ् टुगेदरमा रहेछन् । प्रसन्ना र रिदम पनि रिलेसनमा छन् रे । प्रशंसाको पनि विदेशमा बस्ने केटासँग लभ छ रे । हिजो बजारबाट आउँदा बाह्र पढ्दै गरेकी कलिली केटीसँग गफ गर्दै आएँ । विवाहका बारेमा ऊ भन्दै थिई, "मेरो त फिक्स नै छ । के भएको हो यस्तो ?"

बैठक कोठामा निर्जला छिमेककी दिदीसँग कुराकानी गर्दै थिइन् ।

पूजाकोठामा थिइन् निर्जलाकी सासू ।

कति टाठो उनको कान !

सबै सुनिछिन् ।

त्यहीँबाट प्रसङ्ग पक्रिइन्–"कलियुग हो; कलियुग !... कलि व्याप्त भएपछि यस्तै हो ।"

केही क्षण सन्नाटा छायो ।

कोही केही बोलेको सुनिएन ।

एक छिनपछि निर्जलाकी सासू एक्लै फत्फताएको सुनियो' "हुन त यो मोबाइल भन्ने ठाँडो हातहातमा आएको भए सत्ययुग/देउताको पालामा पनि यस्तै हुँदो हो ।" ■■

*- बोझेपोखरी, ललितपुर ।*

# तिम्रो अर्को अनुहार



✍ **पागल यात्री**

आज यौटा भिडमा
तिमीलाई परैबाट देखेँ
भिड अलि बाक्लो थियो
तर पनि
प्रस्टै चिनिन्थ्यो,
"उही चञ्चलता, उही स्वभाव,
आकर्षक ओठ, मृगनयनी,
मेरी मन्दाकिनी ।"

एक्कासि मेरो सहरमा
तिमीलाई देख्दा
उत्सुकता र कौतूहलता बोक्दै
भिडलाई छिचोल्दै
नजिकै पुगी हेरेँ–
– तिम्रो झझल्को,
– तिम्रो अनुपस्थितिको उपस्थिति,
– तिमी जस्तै तिनी,
– केवल तिम्रो अर्को अनुहार रहेछ ।

*- चाबहिल, काठमाडौं ।*

कविता

# भाषाका दीप

*(भानुभक्त आचार्यप्रति समर्पित बालगीति कविता)*

**अन्जु चालिसे (रूपान्जली)**



भाषाका दीप फेरि आउनु,
हाम्रो भाषा उज्यालो पार्नु ।
भाषाका दीप फेरि आउनु,
शब्दहरूमा जीवन भर्नु ।

सादा जीवन बाँच्दै बाँच्दै,
ठुलो सपना देखाइदियौ ।
सानो कर्मको उज्यालाले,
सिङ्गो भाषा जगाइदियौ ।

भाषाका दीप फेरि आउनु...

घाँसीको त्यो सानो कर्मले,
तिम्रो मनमा दीप जलायो।
त्यही सानो प्रेरणाले,
नेपालीलाई शिर उठायो ।

भाषाका दीप फेरि आउनु...

रामायण नेपाली गुन्जायौ,
सरल शब्दमा सजाइदियौ ।
कठिन भावलाई सजिलो बनाई,
सबैको मनमा बसाइदियौ ।

भाषाका दीप फेरि आउनु...

त्यस दिनदेखि शब्दहरू हाँसे,
हाम्रो भाषा आँगनमा नाच्यो ।
लेखिएका अक्षर मात्र होइनन्,
हरेक मनमा उज्यालो बाँड्यो ।

भाषाका दीप फेरि आउनु...

आज पनि यो भाषा हाम्रो,
तिम्रै ज्योति खोजिरहेछ।
शब्दहरू सबै मिलेर आज,
तिम्रो नाम गाइरहेछन्।

भाषाका दीप फेरि आउनु,
हाम्रो भाषा उज्यालो पार्नु।
भाषाका दीप फेरि आउनु,
हाम्रो मनमा दीप जलाउनु ।

*विजय-लक्ष्मी निवास, रमेश विकल प्रतिष्ठान मार्ग, आरुबारी ।*

www.kalpatarupub.com.np
मा 'कल्पतरु' संसारभर पढ्न सकिन्छ ।

निबन्ध

# त्यसपछि



**माधव काफ्ले**

मायाजालको चँदुवाले सबै पदार्थलाई सर्वत्र छोप्तै गएको हुनाले हामी दृश्यमा र अदृश्यमा मायावी चहककै पराकम्पन छचल्किरहेको देख्तै भोग्दै आएका छौं ।

त्यसका तिलस्मी उपादानहरू मानसिकतामा स्युरेर नहिँड्ने मान्छे विरलै होलान् धर्तीमा ।

यसकारण पनि हाम्रो गन्तव्य, उडान र आरोहण मायावी बन्दै गइरहेका छन् । लोकोपकारी कार्य गर्दै आउनेहरू पनि यसकै पार्श्व छायामा उभिएर कर्मलाई थाती राखी यसैको माध्यमद्वारा ठुलो छलाङ् मार्न खुट्टा उचालिरहेका छन् ।

भूतै भूतको उडानमा पञ्चमहाभूत भष्मीभूत हुन पुगेको छ
चेपारे अस्तित्वको आवरणमा हुकैँदै गएको बाइफाले आदर्श
रङ्गीन भ्रमहरूको व्याधा र सिकार बनेको छ मान्छे
युगलाई नारेर पाइतालामुनि
सम्झौतामुखी दारुण घाउहरूका तक्मा छातीमा झुन्ड्याउनुलाई
महान पुरुषार्थ र प्राप्तिको औतारी अनुष्ठान ठानी हिँड्नेहरूको हँकाइमा
आशा घिसारेर हाँकिरहेका छन् मान्छे
र, हामी नियतिका कमारा
साधन, स्रोतको विरासतमा टेकी; गरेर पनि खान नसक्ने
व्यभिचारका कोर्राहरू नचाखी सहजै गराएर पनि खान नसक्ने
चोटिला चाटेर अलिना भाष्यहरू
हिन्हिनाउन खोज्ने मनोबल बोकी भविष्य खोजिरहेका
हामी बलिका बोका ।

रहस्य र रोमाञ्चपूर्ण संसार ओढेर पनि रहस्यमय पौराणिक पात्रमा अनुवाद हुन खोज्नु कुनै ठूलो पुरुषार्थ होइन । अकुत आयआर्जन गर्ने गायत्री जप्दै हिँड्नुलाई आलो आदर्श ठान्ने नियति घरघरमा फुलिरहेको, फैलिरहेको र त्यसले तारन्तार झम्टा मारेर छोप्न खोजेपछि म झसङ्ग हुन पुग्छु । त्यसको अनाचारी दुर्गन्ध अनायास नाकमा छिरेर मानसिकतालाई नै भरङ्ग पार्ने स्वैरकाल्पनिक अमूर्त रागले थिच्तै गएपछि आकुलव्याकुल बनेर छट्पटिन थाल्छु । आज त जसरी पनि बाँचिएला । खान नपाए पनि एकमुठी प्रदूषित वायु लोटाएको बुढी औँलो चुसेर जेनतेन रात कटाउन सकिएला तर त्यसपछि भने........ ?

अनि एउटा अघोरी अत्यास बडेमाको उल्कापिण्ड जत्रै बने आउँछ र उत्साहको जरो समेत ठुन्कने गरी घ्याच्च थिच्च ।

म डरले शीताङ्ग हुँदै थचक्क बस्न पुग्छु ।

त्यसपछि त्रासको अजिङ्गर यामानको हाब्रो बाउँदै आउँछ र मेरा दुर्बल सपनाहरू चिथरेर डकार्न थाल्छ । दरिद्र स्थितिलाई भजाएर उकेरा लगाएको आदर्शको टेको हल्लिन थाल्छ । आशा र भरोसाका फाहाहरू फतलफाँडो हुँदै जान्छन् । पुरानो क्षितिजलाई चिरेर नयाँ क्षितिज उघार्ने उत्कण्ठा बयलिन थाल्छ र रिक्तताको गोमन फणा उठाएर झम्टामार्न आइपुग्छ ।

गणित हाम्रो गायत्री र आँकडा बनिरहेको छ । कहिले मोक्षयान बनिरहेको छ । धेरै मानिसहरू गणितको बुइ चढेर मोक्ष पनि हुन पुगेका छन् । मोक्षको मोहले मुग्ध पार्न नसकेको लठुवा म । तामसी नै सही बाँचेको दिनप्रति कुनै गुनासो नै रहेन । पिरो, तितो, अमिलो, टर्रो जस्तो भए पनि अनुभूति अवगाल खाइयो, पिइयो, पचाइयो ।

सद्दे हुन या कीर्ते, औतारी हुन् या आल्पायु, स्थिर हुन् या अस्थायी प्राणी उद्धारको पहिलो आधार आँकडा बनेको र त्यस अपाहिज आधार शृङ्खलाले समस्त मानव समुदायलाई नै जबर्जस्ती घिसारिरहेको हुनाले त्यसको पार्श्वछायामा उभिएर त्यसपछिका गतिविधिलाई नियाल्न थाल्छु ।

तहकिकातमा दरपिठ नै हुन नसकी सम्भावना नै देख्न नसकिएका त्यसपछिका अमूर्त रेखाखण्डहरू मेरो मानसिकतामा पसेर हुँडलिन थाल्छन् । अनि अन्तश्चेतना भरी त्यसपछिका टुटुल्का नै टुटुल्का उठ्न् थाली ठुङ्न थाल्छन् जथाभावी ।

मानौं, खण्डवृष्टि भयो, अखण्डवृष्टि भयो । बर्सौं वर्षको अनिकालले दर्फन्याएको मानसिकता घिसार्दै हिँड्न परेका दुर्बल दिनहरू बाक्लै आउन थाले । पानीका मुहानहरू सुक्तै गए । धरती धाँजा, धाँजा हुँदै गइरहे, खातामा पैसा मनग्गे भए पनि बजारमा अन्न, पानी किन्न पाइएन भने त्यसपछि मान्छेको हविगत के हुन्छ......?

यही अघोरी प्रश्न अन्तश्चेनामा लुत्त पस्छ र सारा शरीर वफाउने गरी उम्लन थाल्छ । त्यो भित्रभित्रै पाकेर पोल्न थालेपछि, मरणासन्न हुने गरी भबाउन थालेपछि गणितीय सूत्र लेपन गरेर चर्मचक्षुमा निस्पट्ट देखेपछि म त्यसपछिको नालीबेली खोतल्न थाल्छु ।

म सानै थिएँ तर हेक्का छ हजुरआमा कीर्तिशेष भएपछि झस्कँदै सोचेको थिएँ 'मान्छे मरेर गएपछि के हुन्छ होला हँ ? म मरेँ भने त्यसपछि के हुन्छ होला हँ ?' ।

मरेपछिको थात, ठेगान थाहा नपाएपछि डरले जिउ सिरिङ्ग गरेर आयो । घाँटी च्याप्प सुक्यो । खोकेँ आवाज त आयो तर खकार आएन ।

त्यसपछिको बाटो पहिल्याउन मैले कति किताब पढेँ, कति प्रवचन सुनेँ, कति मठ, मन्दिर धाएँ तर कतै पनि चित्तबुझ्दो उत्तर पाउन सकिनँ ।

अहिले पनि म त्यही बिन्दुमा उभिएको छु जुन ठाउँमा टेकेर यस अलच्छिनी विचारको उपोद्यात गर्न पुगेको थिएँ ।

त्यही अनुत्तरित प्रश्नको सुर्कनी मेरो घाँटीमा बेरिइरहेको छ र घरिघरी निसासिने

गरी गाँठो पर्न थाल्छ ।

तपाईँलाई थाहा होला ? तपाईँ त पढे, लेखेको निकै ठुलो जानकार मान्छे ! छ भने बताइदिनुस् न, ठुला, ठुला विनाशकारी, विस्मयकारी उल्कापातपछि के हुन्छ ?

मानौँ, कुनै एस्ट्रोइड आएर पृथ्वीमा ठोकियो र यो ग्रह आल्पायुमै धोबीपाट हुने गरी उत्तानोटाङ हुन पुग्यो भने त्यसपछि के हुन्छ ? सबै मान्छे भस्म हुन पुगे पनि यतिका मान्छेको हंस कहाँ पुगेर अडिन्छ होला ?

यदि कहीं पुगेर पनि अडिँदैन र फर्किँदैन भने दुई दिनको रामछाया भोग्न आएको मान्छेले दुई दिनभित्रै यति निर्मम र यति बर्बर भएर मारमुङ्ग्रीमा अनुवाद हुँदै मान्छेको छाला काढ्न किन तम्सिएको होला ?

अनि ती मानिसहरू जुन मानिसहरू आफूलाई शिक्षित, सम्भ्रान्त, सभ्य, जागरक र म भन्दा जानिफकार अरू कोही छैन भनेझैँ गरी दम्भले पुक्क फुलेर हिँड्छन् । तिनीहरूसँग पनि सोध्न मन लागेको छ, "महाशय मरेपछि मान्छेका सम्पूर्ण उपलब्धि खरानी हुने सापेक्ष नजिरको घुर ताप्तातापै पनि यति ठुलो अहङ्कार पालेर कुनचाहिँ भौतिक पदार्थ साथ लान खोजिरहनु भएको हो ?"

तर, भन्दिन एक छिमल जिन्दगी मजाले भोगिसकेको छु । भूत चिप्लिइसकेको छ हातबाट । भविष्य कयसमा छैन । समय सधैँ सम्भावनाको काँचो धागामा झुन्डिएर मच्चिइरहेको छ । विसङ्गतिका ज्वारभाटा उरालेर वर्तमान बाँकटे हानिरहेको छ । गर्न खोजेको पनि केही होइन, गर्न चाहेको पनि केही थिएन । कसैको गाँस नकोतरी, कसैको पसिना नचुसी, कसैको प्राप्ति नकोट्याई मात्र दुई मुठी सास सन्चले फेर्न खोजेको थिएँ, सुबिस्ताले फेर्ने खोजेको थिएँ । धरापको दसगजामा कामेर परान धान्न खोज्दा त्यो पनि सन्धि सर्पनका सहयात्रीहरूलाई बिझाएर, पाछेर हत्तुहैरान पार्दै लगेझैँ लाग्दै गएपछि कसैसँग फिराद गर्नुको अर्थ पनि नहोलाजस्तो लाग्यो । गालिबसँग शब्द सापटी लिँदै यत्ति भन्छु;

"सिकवा नहीं किसी से गिला नहीं
नसिब मे नहीं था हमको मिला नहीं ।" ■■


## लेखकहरूमा अनुरोध

विगत २२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौँ ।

आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।


Email : navarajpudasaini@gmail.com

# नियात्रा लेखन भनेको बाहिरी संसारको यात्रा विवरण मात्रै होइन, अन्तर्मनको यात्रा विवरण पनि हो

**– पशुपति घिमिरे**



**पशुपति घिमिरे**






**डा. ऋषि बस्ताकोटी**

**स्रष्टाको परिचय :** *मोरङको केराबारी डाँगीमा जन्मेका पशुपति घिमिरे पचासको दशकदेखि पत्रकारिता र साहित्य सिर्जनामा क्रियाशील स्रष्टा हुन् । हाल उनी अमेरिकाको भर्जिनिया बसोबास गर्छन् । बुद्धवादका तीन आयाम, Wandering Words र Three Dimisions of Buddhism उनका यस अघि प्रकाशित पुस्तकहरू हुन् । दर्शन र भ्रमणमा विशेष रुचि भएका घिमिरेले तीन महादेशका विभिन्न स्थानको भ्रमण गरी देखेका स्थान र बटुलेका अनुभूतिहरू समेटेर विभिन्न स्वादका सत्र थान नियात्रासहितको 'तीन महादेशका केही तरङ्ग' पुस्तक प्रकाशित गरेका छन् । यसपटकको 'कल्पतरु पुस्तक वार्ता' मा नियात्राकार पशुपति घिमिरेसँग उनको नवीनतम कृति 'तीन महादेशका केही तरङ्ग' का यात्रा निबन्धहरू र आम नेपाली नियात्राका सन्दर्भमा केन्द्रित रहेर डा. ऋषि बस्ताकोटीले तयार पार्नुभएको अन्तर्वार्ता प्रस्तुत छ ।*

**'तीन महादेशका केही तरङ्ग' बजारमा आएको कति भयो ? यो पुस्तकबाट के अपेक्षा राख्नुभएको थियो र अहिलेसम्म कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

– तीन महादेशका केही तरङ्ग वि. सं. २०८२ को फागुनमा काठमाडौँमा विमोचन गरी बजारमा आएको हो । करिब छ महिनाको यो अवधिमा पाठकहरूमा पुग्ने क्रम जारी छ, पुगिरहेको छ । पुस्तक पढिसक्नुभएका केही पाठकबाट प्रतिक्रिया पनि पाइरहेको छु । समग्रमा राम्रो र सकारात्मक प्रतिक्रिया नै पाएको छु । केही बौद्धिक पाठकले यसका बारेमा केही आलोचनात्मक र समीक्षात्मक टिप्पणी पनि गर्नुभएको छ । जसलाई मैले सिकाइका अवसरका रूपमा लिएको छु । अपेक्षा पनि यस्तै नै थिए । बढीभन्दा बढी पाठकमा पुगोस्, समालोचनात्मक दृष्टिले यो पुस्तकलाई ग्रहण गरियोस् र आफूलाई सिकाइको मौका मिलोस् भन्ने थियो, त्यस्तै नै भइरहेको छ ।

**एक जना लेखक योजनाबद्ध रूपमै 'यसबारे लेख्छु' भनेर घुम्छ कि घुमेका ठाउँले मन छोएपछि मात्र लेखिने निष्कर्षमा पुग्छ ? तपाईँको हकमा कस्तो रह्यो ?**

– कुनै लेखक योजनाबद्ध रूपमै यो यात्राबारे लेख्छु भनेर नै घुम्न निस्केका पनि हुन सक्छन्, कुनै लेखकले घुमेका ठाउँले मन छोएपछि मात्र लेख्ने निष्कर्षमा पुगेका पनि हुन सक्छन् अथवा दुवै हुन पनि सक्छ, दुवै नहुन पनि सक्छ । यो नितान्त व्यक्तिपरक लेखकीय परिस्थितिको कुरा हो । मेरा हकमा यो नियात्रा लेखन अलिक फरक ढङ्गले आयो । म प्रायः डायरी वा जर्नल लेख्ने गर्छु, यो पुस्तकमा समेटिएका धेरै यात्राहरूपछिको लस भेगस यात्राको जर्नल लेख्दै जाँदा यो त नियात्रा जस्तो पो भयो भन्ने लाग्यो आफैँलाई । त्यसपछि मैले अरू पनि मुख्य यात्राहरू सम्झिँदै नियात्रा लेखनलाई निरन्तरता दिएँ । यसर्थ 'तीन महादेशका केही तरङ्ग' योजनाबद्ध नियात्रा लेखनका रूपमा सुरु भएको थिएन ।

**नियात्रा लेखनको सबैभन्दा ठूलो चुनौती के रहेछ ? भावना र यात्राविवरणको यान्त्रिकता बीच सन्तुलन मिलाउनु, कि सम्झनालाई तटस्थ राख्नु ? यो सन्तुलन बिग्रिएला जस्तो लागेको कुनै क्षण थियो कि, जुन लेख्दा तपाईँ आफैं अलमलिनुभयो?**

– मेरो व्यक्तिगत हकमा भन्नु पर्दा त मैले कुनै चुनौती वा अवसरको हेक्का नराखी लेख्न थालेको रहेछु । डायरीका रूपमा आफ्ना स्मृतिहरूलाई सजाउँदै गर्दा ती स्मृति र यात्राका विवरणहरू आफैं लुखुरलुखुर नियात्राका बाटामा हिंडेछन् । स्थान र स्मृतिहरूको सन्तुलन आफैं अलिअलि मिल्दै जान थालेछ । मिलाउन त्यति जोड नगरेको हुनाले यात्राका विवरण अलिक बाक्लो र भाव पक्ष अलिक पातलो भयो कि जस्तो पनि लाग्छ अहिले । समग्रमा कुनै अलमल छैन, सन्तुलित नै छ भन्ने ठान्दछु, तर तपाईँले भने जस्तो भावना र यात्रा विवरणबिच सन्तुलन भने मिलाउनै पर्छ, मिलेन भने त्यो नियात्रा हुँदैन, ट्राभल गाइड मात्रै हुन्छ ।

**नेपाल हुँदै एसिया, उत्तर अमेरिका र युरोपका अनेक स्थान अनेक रङ, अनेक तरङ्ग यो पुस्तकमा समेटिएका छन् । यी सबै यात्राहरूमध्ये एउटा यस्तो क्षण बताइदिनुस् न, जुन लेख्दा तपाईँलाई लाग्यो, "यही त हो, जसका लागि म यात्रामा निस्केको थिएँ ।"**

– सही हो, तीन महादेशका डेढ दर्जन बढी स्थानहरू समेटिएका छन् यो नियात्रा सङ्ग्रहमा । ती अनेक स्थान पुग्दा हरेक ठाउँका आआफ्ना सुवास र सौन्दर्यले आकर्षित गरे । तिनका आफ्नै किसिमका मिठासको मजा लिन पाइयो । मेक्सिकोका अग्ला नरिवलका रूख देख्दा पनि नेपाल सम्झैं, स्विट्जरल्यान्डका नदी, पहाड र हिमाल देख्दा पनि नेपाल सम्झैं, ग्रिसको गर्मीमा नेपाल सम्झैं, पोर्टोरिकोको जङ्गलमा पनि नेपालै सम्झैं, कोरियाको आकाशबाट नेपालको विकास सम्झैं । यसरी विभिन्न स्थान पुग्दा नेपालको सम्झना आएको विषय पुस्तकमा पनि प्रस्ट देखिने गरी आएको छ । ती अनेक ठाउँका रङ र भाव भङ्गिमासँगै तरङ्गित पार्दै मेरो मनलाई उडाएर नेपाल पुऱ्याउने सामर्थ्य भएका हरेक ठाउँ पुग्दा लाग्यो कि यो भ्रमणले मेरो यात्रालाई सार्थक बनायो ।

**मानिसहरूलाई नयाँ ठाउँको संस्कृति, प्रकृति र इतिहास जान्न निश्चय नै रहर हुन्छ । पाठकहरू नियात्राकारसँगै यात्रा गरेको अनुभूत गर्न चाहन्छन् । नियात्राकारको हैसियतले छोटो भ्रमणका क्रममा सही तथ्यहरू जम्मा गरी स्थान विशेषको सजिव चित्र साहित्यिक रूपमा प्रस्तुत गर्न कत्तिको जोखिमपूर्ण काम रहेछ ?**

– यो त्यत्ति सजिलो काम होइन । अप्ठ्यारो मानेर पनि नियात्रा लेखिँदैन । यही

सजिलो–अप्ठ्यारोको दोभानमा उभिएर यात्राका छाल तरङ्ग नियाल्नुपर्छ नियात्राकारले । नयाँ नयाँ ठाउँ, समाज र संस्कृति, भूगोल र प्रकृति, वर्तमान र इतिहास सबैका बारेमा जानकारी राख्दै ती वस्तुगत तथ्यलाई व्यक्तिगत अनुभूतिको चास्नीमा डुबाएर मिठो पाठकीय परिकार तयार पारूँ भन्ने रहरले काउकुती लगाएर नै म नियात्राकार भएँ कि जस्तो लाग्छ र, त्यो जोखिमपूर्ण रहरको छाप निश्चय नै यी नियात्राहरूमा परेको छ भन्ने लाग्छ । पाठकहरूलाई शब्दका माध्यमबाट आफूसँगै यात्रा गरेको अनुभूति गराउन यस सङ्ग्रहमा सङ्गृहीत नियात्राहरू सफल भएका छन् भन्ने लाग्छ ।

**'तीन महादेशका केही तरङ्ग' लाई अरू नियात्रा–कृतिहरूभन्दा फरक बनाउने कुरा के हो ? यो कृति छुटायो भने नियात्राका पाठकले वास्तवमा के छुटाउँछन् ?**

– 'तीन महादेशका केही तरङ्ग' विभिन्न स्थान र अनुभूतिका त्यान्द्रा बटुलेर बुनिएको सानो गुन्द्री हो नियात्राको । यसमा कतै स्थान विशेषका बहुआयामिक जानकारी छन्, कतै अनुभूतिका उचाइ छन्, कतै दर्शनका गहिराइ पनि छन् । कतै कतै गजल कविता पनि मिसिएर आएका होलान्, कतै यात्रामा भेटिएका पात्रका दुःखदर्दका कथा होलान् । धेरै किसिमका मसला प्रयुक्त एक साहित्यिक परिकार हो यो । यो पढ्न छुट्दा अमृत नै छुट्छ भन्ने त्यस्तो केही पनि छैन तर एक अलग स्वादको साहित्यिक परिकार चाख्नबाट वञ्चित भइएला, अलग दृष्टिबाट देश र दुनियाँलाई पर्गेलेका कथा सुन्न छुट्ला ।

**आजभोलि पैसा र पहुँच पुगेकाहरू खास गरी देश विदेश घुमेको देखाउन यात्रा–विवरण लेख्ने/लेखाउने गर्छन् भन्ने चलन छ । अधिकांश यस्ता प्रकाशनमा साहित्यिक गुण कम र उपभोक्तावादी रवाफ बढी हुने आरोप छ । यहाँले यसलाई कसरी हेर्नुहुन्छ ?**

– तपाईँका प्रश्नले इङ्गित गरेको विषय निश्चय पनि मननयोग्य विषय हो । पैसा र पहुँच पुग्नेहरूले देशविदेश घुमेको देखाउन खेताला लगाएर समेत यात्राविवरण लेखाउने गर्छन् भन्ने सुनिन्छ । अधिकांश यस्ता प्रकाशनमा साहित्यिक गुण कम र उपभोक्तावादी रवाफ बढी हुन्छ भन्ने पनि सही कुरा हो । यो साहित्यका नाममा विकृति हो । आफूसँग लेखनको सिप र दक्षता नहुँदा नहुँदै पनि अर्काको काँध चढेर आफ्ना नाउँमा लेखाउनु त एक साहित्यिक अपराध नै हो । यसो गर्नु र गरिनु हुँदैन भन्ने मेरो मान्यता छ ।

लेखक बन्ने रहरमा कसैले यसो गर्छन् भने पनि साहित्यिक गुण र गरिमा नभएका,साहित्यिक रस र माधुर्य नभएका त्यस्ता किताब पाठक र समीक्षक माझ चर्चायोग्य हुँदैनन् । तिनलाई बहिष्कार गर्नुपर्दछ ।

**नियात्रामा कलम चलाउन चाहने नयाँ लेखकहरूलाई तपाईँका केही सुझाव छन् कि ? पहिलो यात्र लेखन सुरू गर्नेलाई एउटै कुरा भन्नुपर्‍यो भने त्यो के होला ?**

– अचेल घुमफिरको चलन व्यापक छ । धेरै मानिसहरू विभिन्न किसिमका यात्रामा निस्केका हुन्छन् तर सबैसँग आफ्ना यात्राका अनुभूतिलाई शब्दमा उन्ने सिप र दक्षता हुँदैन । यदि तपाईँसँग त्यो किसिमको सिप छ जस्तो लाग्छ भने लेख्नुहोस् । आफू पुगेका ठाउँ, आफूले भेटेका पात्रका कथा सुनाउनुहोस् । नियात्रा लेखन भनेको बाहिरी संसारको यात्रा विवरण मात्रै होइन, यो त अन्तर्मनको यात्रा विवरण पनि हो । बाहिरी यात्रामा भित्री यात्रालाई बेस्सरी घोल्नुहोस्, तब मात्र तपाईँको नियात्रा रसिलो बन्ने छ । व्यक्तिगत अनुभूतिको गहिराइमा पुगेर लेखिएका यात्रा वृत्तान्त मात्रै वास्तविक नियात्रा हुन सक्छन् । ■■



# आमा

✍ **कृषा कार्की**

संसारकै खुसीहरू मैले तिमीबाट पाउँछु,
हेर है आमा मैले तिम्रो नाम संसारभर चिनाउँछु ।
नौ महिना कोखमा राखी मलाई जन्म दियौ,
जन्म दिंदा आमा तिम्ले कति दुःख भोग्यौ ।

बाबा शिवशक्ति हुन् भने मेरी आमा लक्ष्मी,
सधैंभरि गर्नुपर्छ हामीले उहाँहरूको भक्ति ।
मेरा परिवार यस्ता छन् भनी घमण्ड नगर,
भगवान् जस्तै आमाबा पाएका छौ तिम्ले अपार ।

भगवान् मानी आमाबालाई पनि सेवा गर
भगवान् जस्तै आमाबा छन् मान्नहुन्न है हार
हजुरहरूको माया नौ लाख छ म माथि
हजुरहरू नै मेरो जीवनको सहारा र साथी

बगैंचाको फूल हेर भनी संसारकै रङ चिनायौ
कोखाइ कोखाइ गरी एक एक गाँस खुवायौ
आमा बुबालाई देवता झैं मान गर्नुपर्छ
आफूभन्दा ठुलाबडालाई सम्मान गर्नुपर्छ

*कक्षा – ८, सुसंस्कार एकेडेमी, जोरपाटी ।*



# आशा

✍ **तृष्णा श्रेष्ठ**

मनलाई बल दिने सुन्दर विचार हो
आशा नै जीवनको उज्यालो दीप हो ।
अन्धकार रातमै उज्यालो देख्न आउँछ,
दुःखको बीचमा आशाको किरण छाउँछ ॥

साहस नछोडी अघि बढ्ने बाटो रोज,
परिश्रमको पसिनाले सफलताको फल खोज ।
सङ्घर्ष गरे पानी उज्यालो दिन आउँछ,
पराजयलाई जितमा बदल्न प्रेरणा दिलाउँछ ॥

विद्या, ज्ञान र सत्यको बाटो समाई,
उज्ज्वल भविष्यको सपना सजाई ।
आशाले नै मानिसलाई महान् बनाउँछ,
अन्धकार चिरेर नयाँ बिहान ल्याउँछ ॥

त्यसैले आशालाई कहिल्यै नछोडौं,
सफलताको फूल जीवनभरि फुलौं ।
साहस र आत्मविश्वास सधैं जगाऔं,
आशाको उज्यालो मनमा सधैं फैलाऔं ॥

*- गोकर्ण, काठमाडौं ।*

# मुक्तक



✍ **लक्ष्मी थापा**

१

कसले रोप्यो सङ्गीन र भाला आमा बिरामी छिन्
तिमी उन्दै छौ उत्सवको माला आमा बिरामी छिन्
रूप फेरी फेरी लुट्नेहरूको लर्को उस्तै छ
कतिन्जेल बनाउछौ देश प्रयोगशाला आमा बिरामी छिन्

२

पत्थरसँग नौनीको टकराव के हुन्छ अब
अभिन्न मित्र बन्दै छ तनाव के हुन्छ अब
हिराको हतगडी लगाई सुनको पिंजडा कुर्ने
ऊ राखिरहेछ प्रस्ताव के हुन्छ अब

३

नाफाको धारसँग बहन त नामन्जुर छ
सोकेसमा सजिएर रहन त नामन्जुर छ
आवश्यक परे कटाउँला बरु शिर
तर अत्याचार सहन त नामन्जुर छ

*- पोखरा ।*

कथा

# विजय जुलुस



✍ **श्रीरामसिंह बस्नेत**

"तु अपनी मरदके साथ जो खेल खेलती हे वही खेल मुझसे खेल, बस् । तु भी बच जाएगी, मेरा भी काम हो जायगा । बेकार मे काहेको नखरा करती है । अपनी जान प्यारी नही है का ? नही तो भुन्दुँ तेरे लौन्डे को ? सा.....ली"

पारिको बर्दीधारीले यसो भन्दै खटियामा सुतिरहेको ढाई वर्षको छोरोतर्फ राइफल ताकेपछि गोमती अड्न सकिन, ऊ बर्दीधारीको खुट्टा समाउन पुगी । त्यसपछि के भयो, त्यो बर्दीधारीले उसलाई के गर्‍यो, त्यसको बेलिविस्तार लगाइरहन आवश्यक छैन । गोमती जिउँदो लास बनिरही । कतिखेर त्यो बर्दीधारी रित्तियो र गयो उसले हेक्का राखिन । रातको सन्नाटालाई चिर्दै उसको छोरो रुँदै ब्युँझिएपछि मात्र गोमती सकिनसकी उठी र छोरोलाई काखमा च्यापी ।

आन्दोलन सुरु भएदेखि उसको लोग्ने कल्लुको घरमा बास छैन । चार दिनअघि आएको थियो, हतार हतार तीनवटा चपाती खायो र हाफ स्विटरमाथि कुहिनो प्वाल परेको फुल स्विटर लगायो । गोमतीले के के कुरा सोधी तर उसले राम्ररी जवाफै नदिई हिँडिहाल्यो । कल्लुको दिमागमा अहिले आन्दोलनबाहेक केही पनि छैन, न घर, न स्वास्नी, न नाबालक छोरो ।

पारीको बर्दीधारीले गोमतीलाई जिउँदो लास बनाएको पर्सिपल्ट ऊ आयो । सधैं हाँस्ने, बोल्ने गोमती केही बोलिन, चुल्होचौकामै अल्मलिइरही । उसले स्वास्नी नबोलेकोमा त्यति अनौठो मानेन । ऊ घरमा नबसेकोले ठुस्किएकी होली भन्ने ठान्यो । निकैबेरसम्म पनि केही बोलचाल नभएपछि उसले कारण सोध्यो । गोमतीले सन्चो नभएकोले बोल्न मन नलागेको भन्ने छोटो जवाफ दिई । ऊ आफैं आन्दोलनकारी भएकाले उसलाई राम्ररी थाहा छ, अहिले गोमतीलाई जँचाउन कुनै अस्पताल पुर्‍याउन सम्भव छैन ।

ऊ आज एक रात घरमै बसेर गोमतीलाई फकाई फुल्याई गरी भोलि बिहानै धर्नामा जाने विचार गरेर खटियामा लेट्यो । झपक्क निद्राले मात्र के छोपेको थियो, उसको मोबाइल फोन घन्किन थाल्यो । उसले हत्तपत्त फोन उठायो । धर्नास्थलबाट फोन आएको रहेछ । कल्लुले जवाफ दिँदै भन्यो, "ठिक है बिरादर ठिक है, मै अभि आया ।" आजको रात घरमै बिताउने इच्छालाई उसले तिलाञ्जलि दियो । गोमतीलाई केही नभनी छोरोको गाला मुसारेर कल्लु बाहिरियो । गोमतीले  पनि केही भन्न, सोध्न आवश्यक ठानिन ।

केही दिनपछि गाउँ सहरको वातावरणमा अनायास नयाँ रङ देखियो । ठाउँ ठाउँमा विजय जुलुस निस्किए । गोमतीका छिमेकी महिलाहरू पनि उत्सुक भएर रमिता हेरिरहेका थिए । यस्तैमा विजय जुलुसको एउटा झुन्ड नारा लगाउँदै गाउँ परिक्रमा गर्न

थाल्यो । त्यसै क्रममा त्यो झुन्ड गोमतीको आँगनमा आइपुग्यो । जुलुसका सबै अबिरले रङ्गिएका थिए, अनुहारै नचिनिने गरी । गोमतीले पहिला त आफ्नो लोग्ने कल्लुलाई पनि चिनिन । सबै जना उसको आँगनमा नाच्दै उफ्रिँदै थिए । त्यसैमध्येबाट एउटा अलि पाको मानिस अघि बढ्यो र ढोकाको छेउमा ठिङ्ग उभिएर टोलाइरहेकी गोमतीलाई रातो टीका लगाई दिन खोज्यो । गोमती टीका नलगाई दौडेर घरभित्र पसी ।

"शर्माती है, रहने दो चाचा रहने दो, चलो आगे बढें" कल्लुले जुलुसलाई आफ्नो आँगनबाट अघि बढायो ।

बर्दीधारीले आफूलाई जिउँदो लास बनाएपछि गोमतीले बोल्न र हाँस्न बिर्सेकी थिई तर रुन भने सकेकी थिइन । आज अचानक गोमतीको भक्कानो फुट्यो । ऊ रजाईमा अनुहार घोप्ट्याएर रोई रही......निकैबेर ।

विजय जुलुस नारा लगाउँदै गाउँ परिक्रमा गर्न व्यस्त थियो । ■■

*- वनस्थली काठमाडौं ।*

गीत

# भन्न केही बाँकी नहोस्



✍ **बुद्धिसागर पौड्याल**

भन्न केही बाँकी नहोस् गर्न केही थाँती नहोस्
कुरा काट्ने धेरै हुन्छन, कुरा काट्न केही नहोस् ॥
आङ्का किर्नू नदेख्नेले, कपालको जुम्रा देख्छन
एक औंलाले औंल्याउँदा, बाँकी औंला लजाउँछन
वैरी पनि कोही नहोस्, सेखी गर्ने हुंदै नहोस् ॥

विरोधको सामना गर्दा, भगवानले साथ दिउन
छिर्के लाउने धेरै हुन्छन्, हौसलाले लय जोडुन
चिल्लो घस्ने कोहि नहुन, ईवी सांध्ने हुंदै नहोस् ॥

खस्रा मिठा कुरा सुन्दा, हृदय ठूलो बनाउनु
दोष दिने सबै हुन्छन,  निर्दोसको टिका लाउनु
खुट्टा तान्ने तानी रहुन, खती गर्ने भरी रहोस् ॥

कविता

# मसुर आइमाई



✍ **पुष्पा दाहाल**

यादहरूले ब्युँझायो मलाई
मसुर आइमाई
जुरुक्क चिहानबाट उठेर आई
एक हुल मलामी पाखा लागे
बाँकी मौन भएर भागे
दुधे बालकको आवाजभित्र
समुद्रको छाल बनेर
हावाको वेगसँगै
मसुर आइमाई
जुरुक्क चिहानबाट उठेर आई ।
कालो कपाल, कसिला पाखुरा
मलिन अनुहारमा क्रान्ति छाई
अद्‌भुत, अनौठो दरिलो छाला
लुकेको अदम्य साहसमा पोतिएको मुटु
तिता बोलीका गोलीले नछेड्ने
पृथ्वी, जल, तेज, वायु र आकाशजस्तै
अटल सौभाग्यशाली अस्तित्व बोकेर एक्लै
मसुर आइमाई
जुरुक्क चिहानबाट उठेर आई ।
चट्टानको पहाड काँधमा राखी
मौनताभित्र समुद्र अटाई
सृष्टिका धब्बाहरूलाई सहज हाँसोले हटाई
रङ्गीन इन्द्रेनी बनी फेरि फेरि
मसुर आइमाई
जुरुक्क चिहानबाट उठेर आई।

*- कपन, काठमाडौँ ।*

# मुक्तक



✍ अरुणकुमार भुजेल

१

नकारात्मक भावहरू जति रोकेर हिडौं सबैले
सकेको सकारात्मक सोच बोकेर हिडौं सबैले
यो विश्व सबैको साझा घर हो भन्ने सत्य मानेर,
'वसुधैव कुटुम्बकम्'को मन्त्र घोकेर हिडौं सबैले ।

२

आश्वासन अनुसारको भएको छैन काम खास
पीडित जनताहरूले अब कसको गर्नु विश्वास
गाँस,बास र कपासको प्रत्याभूति दिनेहरूले नै
डोजर चलाएर भत्काई दिँदैछन् निर्धाको बास ।

३

राम्ररी सुन त  बेतुकका बोल बोल्छन् नेताहरू
आ आफ्नै दाजुभाइको पोल खोल्छन् नेताहरू
पैसा पाए आमा बेच्छन् र आफ्नै खल्ती भर्छन्,
हेर ! अमृतमय इतिहासमा विष घोल्छन् नेताहरू ।

४

तराई,पहाड र हिमालले पिरती गाँस्दै छ देशमा
सगरमाथा दिल खोली मुसुमुसु हाँस्दै छ देशमा
नयाँ सोच बोकेका युवाहरू अघि आएर आज
परिवर्तनसँगै समृद्धिको सूचना टाँस्दै छ देशमा ।

*- गोरुबथान, कालेबुङ, भारत ।*

नियात्रा

# चकमन्न च्याउँकोट



✍ **धनमाया राई**

नजिकको तीर्थ हेला भनेझैं २०४४ सालदेखिको सिन्धुली बसाइमा एकपटक पनि सिद्धबाबा नपुग्ने कोही छ भने म नै हुँली ।

जिल्ला सदरमुकाम सिन्धुली माढीमा मेरो बसोबास हुनुभन्दा पहिले माढी बेसी र च्याउँकोट लेक थियो रे । माढीमा औलो लाग्ने भएकाले मानिसहरू दिनभर खेतीपातीको काम सकेर साँझ बास बस्न च्याउँकोट नै पुग्ने गर्थे रे । बिस्तारैबिस्तारै औलो उन्मूलन हुँदै गएछ र वि.सं. २०३० सालपछि मानिसहरू आ–आफ्ना बेसीका जग्गाजमिन भएका ठाउँ ढकालगाउँ, रातमाटा, राममाढी, धुराबजार, ढुङ्ग्रेबास हुँदै सर्वत्र छरिएर बसेछन् । हुँदाहुँदा अब त लहलह धान झुल्ने फाँटभरि पनि कङ्क्रिटका जङ्गल उमारिसकेका छन् ।

हामी बसोबास गरेको धुराबजारको घरबाट जुरुक्क उठेर ढोका खोल्नासाथ उत्तरतर्फ आँखा पुगिहाल्छन् र हिमाल नै छेलेर ठिङ्ग उभिइरहेको हुन्छ च्याउँकोट डाँडा । चमचम चम्किहाल्छन् तीनवटा बत्ती । अँधेरी रातमा त म कैयौंपटक झुक्किएकी छु तीनतारे तारा सम्झेर । जसलाई हेरेर हर रात मेरी आमा समय खुट्याउनुहुन्थ्यो ।

परापूर्वकालमा कुनै त्यागी महात्माले यसै च्याउँकोट डाँडामा बसेर तपस्या गरेर सिद्धि प्राप्त गरेका हुनाले यो गाउँ पञ्चायतको नाम सिद्धेश्वर रहन गएको भन्ने पनि किंवदन्ती रहेको छ र यो डाँडाको नाम 'सिद्धथान' ।

बिदाको दिन आएपछि कतै यात्रामा निस्किहालूँझैं लाग्छ आजकल मलाई । साथ दिनुहुन्छ श्रीमानज्यूले । सदाझैं आज २०८२ माघ २४ गते पनि बिहान पाँचबजे उठेँ । शिवरात्रि सँघारमै आइसकेको र आज शनिवार पनि परेको हुनाले गौरीका बाबालाई सुनाएँ, "सुन्नुस् न, आज च्याउँकोट घुम्न जानपाए हुन्थ्यो ! सिद्धबाबा मन्दिर पनि पुगिने अनि त्यस पुरानो थलो च्याउँकोटको सेरोफेरो चहारेर त्यसको गौरवशाली अतीत र कारुणिक वर्तमानसित साक्षात्कार पनि हुने । 'पशुपतिको जात्रा सिद्राको व्यापार' कसो ?"

योगमा व्यस्त हुनुहुन्थ्यो उहाँ । म आफ्नो मनसायलाई बिस्कुन लगाएर आफ्नै दैनिकीमा व्यस्त भएँ । उहाँ पनि नित्य ध्यान योग सकेर नुहाउन झर्नुभयो । म धाराछेउ बढारकुढार गर्दै थिएँ । माथि जानेभए तयारी गर्नू भनेर उहाँ अब पूजापाठमा लाग्नुभयो । मनभरि खुसी झुसी चुल्याउँदै मैले छोरा गौरवलाई बोलाएँ र भनेँ, "तिमीहरू पनि हिँड है, आज च्याउँकोट जाऔं !" तीनवटै छोराछोरी स्कुले जीवनदेखि नै शिवरात्रिमा सिद्धबाबा जाने भन्दै एकाबिहानै चिसोपानीले नुहाएर हिँड्थे आआफ्ना साथीहरूसँग । बुहारी अनुनानी आएपछि पनि पुगिसकेका थिए छोराबुहारी दुवै । एकदशकअगाडि पुग्नुभएको थियो रे गौरवका बाबा पनि । पुग्न बाँकी थिएँ त केवल म मात्रै ।

चौध वर्षको उमेरमा म आठ कक्षामा पढ्न सिन्धुली आएर त्यही च्याउँकोटडाँडाबाट बेँसी झर्नुभएका वालकृष्ण गजुरेल (भिनाजु) फुपूदिदी र उहाँहरूका छोरा हेडसर गोविन्द गजुरेल

(ठुल्दाइ) कहाँ बसेकी थिएँ छ वर्षसम्म । उहाँहरूको ममताको छत्रछायामा नै मेरा सारा सपनाहरू फुल्न फल्न पाए ।  बूढी फुपूदिदीले गाउँबेसी गर्दाका हृदयविदारक घटनाहरू मुटु गाँठोपार्दै र भक्कानिँदै सुनाउनुहुन्थ्यो ।

झट्टपट्ट नुहाएर फूलपाती तयार गरेँ । छोरा पनि नुहाएर तयार भयो । सामसाम सुमसुम गर्दागर्दै ठ्याक्कै नौ बजे बाबा–आमा र छोरा बाटो लाग्यौँ । म छोरासँग उसको मोटरसाइकलमा अनि बाबा चाहिँ आफ्नै स्कुटरमा । कमला सामुदायिक पुस्तकालय ढुङ्ग्रेबासबाट पहिला खुर्कोट, रामेछाप, ओखलढुङ्गा जाने बाटैबाटो खलङ्गा नपुग्दै सिन्धुली विद्याश्रम स्कुललाई दाहिने पारेर मोडियौँ हामी । म कमला हाई स्कुलमा तीन वर्ष र बहुमुखी क्याम्पसमा दुई वर्ष पढ्दा कैयौँपटक थुनछेक गर्ने गर्दुवा खोलालाई अहिले चेप्ट्याएर कुलो जत्रो पारी पहिलेको आफ्नो स्वरूपको चिनोमानो नराखेर पुल बनाइएको रहेछ । अस्तिजस्तो लाग्छ, खोलाभन्दा पर देखिन्थ्यो त्यो स्कुल । ओहो ! के साह्रो परिवर्तन भएछ यहाँनेर त ! मौरीझैँ भुनभुनाएँ म ।

"ओहो ! भर्खरै बगरै उठाएर हालेछन् बाटामा । कस्तो अप्ठ्यारो, छोरा !" घरी चक्का घुम्ने र घरी चिप्लिने गरेर २०० मिटर जति बाटो बल्लतल्ल पार गरायो गौरवले म झर्छु भन्दाभन्दै । यस्तै भए त बाइक यतै थन्क्याएर हिँडौँ भनेँ मैले । खोइ ! उसको बाबा त आउनु नै भएको छैन । मैले तुरुन्तै लिएर आइज भनी छोरालाई पठाएँ । "आइहाल्नुहुन्छ नि, एक्लै त सजिलो हुन्छ आमा !" भन्दै थियो ऊ । घुम्तीमा छेकिएर केही देखिएको थिएन, उसलाई छिटो जा भन्छु, बिस्तारै हिँड्छ । 'उँधो माया' त्यसै भनेको होइन रहेछ, आफूलाई मन पोलिसक्यो, उनीहरूले सधैँ हामीलाई समर्थ नै ठान्ने । हेर्दा हेर्दै ऊ कुइनेटो कट्यो । लगभग ३५ वर्षका दुई जना युवकहरू, एउटा बाइक धर्खराउँदै र अर्का चाहिँ बाइक पछ्याउँदै म छेउ आइपुगे । बाइक चिप्लिएर लौ लौ ! लडिपोहाल्छ कि क्याहो ! मुटु कमाउँदै हेरेँ मैले । बल्लबल्ल निकाले तिनीहरूले पनि । "तल स्कुटर कहाँनेर आइपुग्यो बाबू ?" मैले बोलाएर सोधेँ ।

"ए आउँदै छन् दुई जना, हामीले ठेल्दा पनि निस्किएन ।" अर्का चाहिँले थपे । म त भन्दैथिएँ नि । मन भुट्भुट्याउँदै अलि तल झरेँ । बाउछोरा हल्लिँदै चिप्लिँदै आउँदै रहेछन् । डर चाहिँ कस्तो नलागेको क्या ! एकछिन ओर्लिएर हिँडे त भैहाल्छ नि ! झर्नुस् कि झर्नुस् भनेर कराएँ । "एकैछिन हो क्या आमा झर्नै पर्दैन" भन्छ छोरो फेरि । आफ्नो भने मुटु चिसो भैसक्यो । ऊ "केही होइन, यति त सजिलै हो, पेल्न बाँकी रहेछ पेलेपछि त झन सजिलो हुन्छ" भन्छ । रामेछापका डाँडाकाँडा कच्ची बाटामा दौडिने उसलाई त सामान्य नै लाग्दो हो तर बाटाको यही हबिगत भइरहे त आँगनमै आइसकेको शिवरात्रिमा कतिजना पो यो अप्ठ्यारोमा लड्ने हुन्, भनेर पिरोलिनुसम्म पिरोलिँदै थिएँ म । बाबा चाहिँलाई अगाडि लगाएर छोरा मलाई लिएर बिस्तारै हिँड्न लाग्यो ।

धुलैधुलो र उकालो बाटाको छेउछाउमा साना काठका र दुईकोठे भूकम्पको अनुदानमा परेका घरहरू देखिए । घरबाहिर ससाना भन्टाङभुन्टुङ खेलिरहेका थिए । हामीलाई देखेर उभिएर हेर्न लागे । कक्षा आठमा पढ्दा हामीलाई मनदिदी, मिनितादिदी, भद्रा, सुभद्रा दिदीहरूले वनभोज खान जाऊँ सिद्धको थानमा भनेर यही देउरालीमा ल्याउनुभएको थियो । त्यो समयमा सिद्धको थानमा छोरीमान्छे जानु हुँदैन भनेर कोही पनि स्वास्नीमान्छे आउने चलन थिएन । त्यसैले देउरालीमा नै पकाएर खाई राममाडी फर्किएका थियौँ हामी । भाइहरू मोहन, कपिल, महेश र शम्भुले क्यामेरा भनेर अन्तिमसम्म तौलिया पोको पारेर सबैलाई झुक्याएका थिए । त्यो

रमाइलो क्षण एकैछिन सम्झनामा आएर हरायो ।

जति माथिमाथि गयो बाटो सोचेभन्दा अप्ठ्यारो नै छ । सजिलो कतै आएन । आफूलाई त छोराले लैजान्छ नै, उसका बाबालाई स्कुटरमा गाह्रो भइरहेको टुलुटुलु हेर्दै कसरी जान सक्थेँ र म ! अनि उहाँलाई त्यहीँ बस्नु भनेर मलाई लिएर गौरव बिजुलीको अग्लो खम्बाको छेउमा पुगेर रोकियो । म बाइकनिर उभिइरहेँ । ऊ हिँड्दै ओरालो लाग्यो । कहाँनेर आइपुग्नुभो होला ? भनेर फेरि हेर्न भनी म डिलमा आएँ । चिनिरहेझैँ बोटविरूवाहरू सडकका दुवै छेउबाट आपसमा कुराकानी गरिरहेका थिए । सखुवाका हुर्कँदै गरेका बोटहरू तमास लाग्दा देखिन्थे ।

अँ साँच्चै ! आठ कक्षामै पढ् दा एकदिन बिहानको पढाइमा रीता श्रेष्ठलगायत साथीहरूले वनसुपारी खान जाऊँ भनेर आधाघण्टाको खाजाखाने छुट्टीमा स्याँस्याँ र फ्याँफ्याँ गर्दै यतै कतै देउरालीमाथिबाट त हो नि रूख ढालेको ठाउँसम्म पुऱ्याए । खल्तीभरि टिप्यौँ वनसुपारीका गेडा अनि हतारहतार फर्किंदा त कक्षामा सर पसिसक्नुभएको र पढाइ छुट्न गई पछिसम्म पनि खप्की खानुपरेको घटनाले निको हुन नसकेको घाउजस्तै बेलाबेला बिसाइरह्यो । त्यो सुपारीको स्वाद र फलको आकारसम्म पनि पटक्कै याद छैन मलाई । कस्तो लहैलहैमा लाग्ने उमेर थियो त्यो ! आफैँले आफैँलाई एकपटक त्यसै उमेरमा उभ्याएर हेरेँ, मुसुक्क मुस्कुराएँ त्यो बेफुर्सदी समयलाई आजको फुर्सदको आँखाले हेरेर । यति साह्रै सुन्दर कहिल्यै आफूलाई देख्न पाएकी रहिनछु ।

छोराले बाउआमा पालैपालो ओसारेको देखेर गाउँमा बेसीबाट पराल ओसारेको पो याद आइरहेको ! बलियाहरूले चाहिँ दुईभारी पराल एकैपटक बोकेर अलि माथिसम्म लगेर राख्ने र आफ्नो भाग पाँच भारी छिटोछिटो घर पुऱ्याउने चलन थियो । त्यही सम्झनामा डुबिरहँदा बाइकको आवाजसँगै आइपुगे बाउछोरा । आज छोरा आएको हुनाले हामीलाई पालैपालो ओसारिरहेछ । नत्र हामी हिँडेरै उक्लिने विचारमा थियौँ ।

थकाइ लाग्यो भन्दै गौरवका बाबा ढुङ्गामाथि थचक्क बस्नुभयो । हामी आमाछोरा उभिइरहेका थियौँ । एकजना काँधमा फित्तेझोला दोकाँधे पारेर झरे । थकित अनुहार देखेर हामीतिर हेर्दै भने "थकाइ लाग्यो ? अब धेरै छैन, आउनै आँट्यो ।" हौसौँदै प्रश्न गरेँ मैले "पहिले दिनभर फाँटमा काम गरेर बास बस्न यो उकालो कसरी उक्लिन्थे होलान्  लखतरान भएको शरीर लिएर ? हगि दाइ ?" मेरो कुरा भुइँमा झर्न नपाउँदै ती अधवैंसे दाइ फेरि बोले, "हामी अझै गर्दैछौँ त । ऊ हेर्नुहोस् न चौरासीवर्षीय बा हिँडिरहनुभएको छ !"  "हजुर ! चौरासी वर्ष रे !" म चकित परेँ  ! ती बाजे त बिनालट्ठी मुस्कुराउँदै खुरूखुरू तलतिर झरिरहेका । हामीले 'अब थकाइ लाग्यो' भन्दा लाज पनि लजाउने अवस्था आइपऱ्यो । गौरवका बाबा जुरूक्क उठेर लौ, जानुपर्छ भन्नुभयो र बाउछोरा स्कुटरमा उकालिए । म बाइकछेउ गौरवलाई नै पर्खिरहेँ । माथि डाँडातिर हेरेँ । बारीका सोता जस्ता देखिए । यतै कतै त हो नि गोविन्ददाइको खोरियाको पुछार ! २०४८ सालमा एकपटक म पनि गोठ छाउने खर लिन खेतालासँग आएकी थिएँ । यसै गाउँका कुनै एक जनाले कमाएका रहेछन् त्यो घरबारी र खरखोरिया । अहिले के कसो छ ? कसलाई सोध्नु र ? मनभरि प्रश्न बोकेर म जडवत् उभिइरहेकी थिएँ । फेरि एकजना बूढाबा झर्नुभयो । मलाई ढुङ्गा खोज्दा देउता मिनेझैँ भयो । मैले उत्सुकताका साथ आफ्नो जिज्ञासा राखेँ, "बा ! यहाँ गजुरेल पुरेतबाको घर कहाँनेर थियो ? थाहा छ तपाईँलाई ?" "हो यतै थियो नानी ! बाटो नखनुन्जेल त अलिकति चिनो थियो, दुई घरको बीचमा तुलसीको मठ र घरको गारो पनि उः त्यहीँ थियो । पचास वर्ष नाघिसक्यो नानी !" लौरो तिख्याएर घुमाउँदै देखाएर

बा बेसीतिर लागे । बूढाबालाई सगौरव धन्यवाद दिएँ र म पनि बाइक त्यहीँ  छोडेर पैदल उकालिएँ । कस्तो संयोग ! म जहाँ उभिएकी थिएँ,त्यहीँनिर पो रहेछ त ? गोविन्द दाइ, नर्वदा दिदीहरू खेल्दै हुर्केको आँगन । गाउँबँसी गर्ने आमा र काकीहरूलाई ढुङ्गाले हान्दै भरे फर्कँदा केही ल्याइदिन हायलकायल बनाउने थलो !

गोविन्ददाइ र अच्युतमदाइ सानोमा आँगनको डिलमा भड्डु कसौँडी तानातान गरेर खेल्दाखेल्दै कसौँडी लडेर कहाँ पुग्यो कहाँ ! कसैलाई थाहा भएनछ र खोजी पनि गरेनछन् । खोजेका भएपनि कहाँ भेट्नु र ? आम्मै नि ! यो बाँदर लड्ने भीरमा ? म त्यहाँ भर्खरभर्खर पढ्न आएका वेला बिचरी फूपुदिदी आँखा रसिला पार्दै आफ्ना तीन सन्तान खेर जाँदाका कुरा सुनाउनुहुन्थ्यो, "असारको हिलोमा दिनभर गाडिएर धान रोप्नुपर्थ्यो नानी ! आफ्नो मेलो रातै हुन्थ्यो, दस ब्याइ एक तुहाइ भन्छन्, मेरो जिउ त्यसै बिग्रेको हो र ?" हुन पनि हो, पेटमा अलिकति चिल्लो पऱ्योभने वा नुहायो भनेपनि शूल दुखेर रातभरि उँधैउँभै हुन्थ्यो । पातली पिल्पिलाउँदी हुनुहुन्थ्यो बिचरी फुपूदिदी ! उहाँको भोगाइ झल्झली आँखामा नाच्न लाग्यो ।

कठैबरा ! पहिले गाउँबेसी गर्दाको दुःखका कुरा सुन्नेलाई त कहाली लाग्छ भने भोग्नेलाई झन् कस्तो भयोहोला ? औलोले मरिने डरले साँझ परेपछि अन्नपात र लैनो बस्तुभाउलाई हरियो घाँसका साथै आआफ्ना आवश्यकताअनुसार डोकाभरि सामान बोकेर उकालिनुपर्थ्यो । आधारातै पानी लिन पँधेरो जानुपर्थ्यो । ढिलो गयो भने त अरूले उछिनेर कुवा मात्र बाँकी हुने । कति पर्खनु ! त्यसैले एउटी कमारी राति नै पानी लिन पँधेरामा पुगिछन् । पानी भरिसकेर नुहाइवरी सेतो धोती फेरेका बाजेलाई डोको घचेटी मागिछन् । रातिका बिचमा पानी लिन आउने, चिन्नु न जान्नु घचेटी माग्ने ! भन्दै आफूलाई भेटेको कुरा कसैलाई नभन्नू, अनि यो पानी आफ्नै घर लिएर जानू !" भनी अह्राएर कहिल्यै आइमाईको मुख नहेर्ने प्रतिज्ञा गरी गुफाको पाखामा गएर बसेका रे सिद्धबाबा । उता ती कमारी भने आफ्ना घर नगएर साहूको घर पुगिछन् र ढोकैबाट आफूले सिद्धलाई भेटेको बताउन लाग्दा सँघारठेलामा ठेस लागेर त्यहीवेला प्राणपखेरु भुरूरू उडेर गएछ रे । कठै ! उनको निर्दोष इमानदारिता ! उनको गाग्रो फुटेर पानी छताछुल्ल भएका ठाउँमा भर्खरै जम्दै गरेको पहेँलो तरल पदार्थ थियो रे । फुपूदिदीले वेलावेलामा गाउँ नजिकै सिद्धथान भए पनि आफूहरू कहिल्यै मन्दिर नगएको बताउनुभएको त त्यसैले पो रहेछ ।

ओहो ! म त सिद्धबाबाको किंवदन्तीमा पो अल्झिएछु यतिका बेरसम्म । म नजन्मिँदै पनि यहीं जन्मिएजस्तो ! कहिल्यै आइनपुगे पनि बर्सौंपहिले आइपुगेजस्तो ! अनि यी धुर्स्यौली र बनमारा सबै चिनेजस्ता । कति मीठो आत्मीयता छ यो गजुरेल परिवारसँग मेरो ! न जात र थर मिल्छ न त गोत्र नै ! र पनि किन हो किन उहाँहरूले छोएको ढुङ्गामाटासँग र उहाँहरूले पछ्याएका गोरेटो बाटासँग मेरो अत्यन्तै गहिरो साइनो छ । अनि म बारीका चारपाँच गरा उक्लिन्छु । बारीमा कपास फुटेर सेताम्मे भएका रहेछन् । अम्बा, आँप, र केराका बोटहरू आआफ्ना उपहार दिन पूर्वतयारीमा रहेछन् । आरूका भर्खरै पलाएका पालुवाहरूमा गुलाफी रङ्गका ससाना फूलहरू लाग्न सुरू भएछन् । म उक्लिँदै पुग्छु पुरानो घरको आँगनमा ।

बरन्डा निकालेर बनाएको घर, उकालो बाटोको बायाँतर्फ सानो पराले गोठ, बाहिरबाटै चढ्न मिल्ने भऱ्याङ, भऱ्याङमुनि बीट फाट्न बाँकी रहेको बोक्न मिल्ने ठिक्कको डोको । एकफन्को घुमेर हेर्छु घर । बरन्डाका फल्याकहरू खुस्केर झुन्डिएका । माथि ताल्चाविनाको ह्यान्डिल मात्र लगाएको ढोका, घरको पल्लोछेउमा ससाना दुइटा बाखेखोर । उफ् ! न मानवको

गन्ध न त कुनै पशुपक्षीको आवाज ! कसको घर होला ? कुन दुःखले बनाए होलान् ? कति उमङ्ग थियो होला यति सुन्दर घरमा पहिलोपटक प्रवेश गर्दाको पल ! कति थिए होलान् लालाबाला ! कोको अन्मिए र भित्रिए होलान्, कतिकति सङ्गीत गुन्जिएहोलान् खुसीयालीमा र अहिले गुँड नै रित्याएर कता पुगेहोलान् पखेटा फट्फटाउँदै ? बिचरा यो घर ! आफ्ना फुक्लिएका दाँत र कुरूप भएको शरीर लिएर कसैको पर्खाइमा तलतिर हेरिरहेछ एकोहोरो । मन बाफिएर कुहिरीमण्डल भयो । तत्क्षण कालो बादल बनेर बर्सिरहे आँखाहरू । आँगनको काठेबेन्चीमा टुसुक्क बसेँ र अफ्नो डाँकोछोडाइ त्यसै घरमा समाहित गरेँ, जो चुपचाप चुपचाप दम खिँचिरहेको थियो ।

अनि बडो धैर्यशाली भएर त्यस घरको भित्तामा दायाँ हातले थुम्थुम्याई म अझै उकालो लागेँ । अप्ठ्यारो भए पनि बाटाको सुविधाले गर्दा अटो, बाइक र साना गाडीहरूमै मान्छेहरू आवतजावत गर्न थालेपछि बिचरा बनेका यी बाटाहरू ! अहिले पनि मलाई यो कगताली नपरेको भए कहाँ भेट हुन्थ्यो र यो गोरेटोसँग ! अनि कहाँ पाउँथे र म यो माटाको मिठो स्पर्शानुभूति ! मुटु कमाउँदै गोडा अड्याएर मात्र उक्लिन र ओर्लिन सकिने भएपनि असाध्यै प्रेमले उक्लिएँ म शून्य शून्य यी गोरेटो बाटाहरूमा । बस्तीका मान्छेहरू बेँसी नझरुन्जेल यहाँका यी बाटा कति चलनचल्तीमा थिए होलान् । जन्ती र मलामीहरू ठट्टा गर्दै रूँदै असङ्ख्यचोटि गाउँबेँसी गरे होलान् र कतिकति बेहुलीनानीहरू नयाँनयाँ गहना र लुगाफाटाले झकिझकाउ-सजिसजाउ-भएर भएर डोली र वलिङकाठमा ओरालि-उकालिए होलान् । नाकाजोलीकी मेरी 'हेमकुमारी कोइराला' फुपूदिदी पनि त बालकृष्ण गजुरेलकी दुलही बनेर भित्रिनुभयो नि यिनै बाटाहरूबाट नौलो घरमा । कठै ! मेरा बाबाले कैयौं कैयौँपटक भान्जाभान्जीहरूलाई डोकोमा राखेर घर र मावलीगाउँ नाकाजोली ओहोरदोहोर गराउनुभयो नि यिनै गोरेटाहरूमा ! ज्ञानका भोका र तिर्खालु असङ्ख्य बाबूनानीहरू मगजभरि सुनौला सपना सजाउँदै र मनभरि उत्साह र ऊर्जा उराल्दै साँझ बिहान घर विद्यालय ओहोरदोहोर गरेहोलान् यही गोरेटोबाट । अनि बोराकाबोरा धान गाउँ ओसारिए होलान् खेतफाँटहरूबाट र डोकाकाडोका मल बोकेका खेतालाहरू खेत फाँटहरूतर्फ ओरालिए होलान् । कति कति ठिटाठिटीहरू ख्यालठट्टा गर्दै असङ्ख्यपल्ट मेलापात र घाँसदाउरा गरे होलान् ! गाउँभरिका बस्तुभाउहरू बाटो नै ढाक्नेगरी आ-आफ्ना गोठालाका निगरानीमा चर्न झरेहोलान् र साँझ फर्किएहोलान् । अनि ती सिद्धबाबा नुहाउन झर्ने यो बाटो र त्यो पँधेरो ! कस्तो घुइँचो हुन्थ्यो होला त्यहाँ साँझबिहान !

पुस्तौँपुस्तादेखि गाउँभरिका असङ्ख्य गाग्री-घल्चाहरूलाई भरिभराउ बनायो होला त्यो पँधेरोले । तामा र पित्तले गाग्रीहरू र पानीभर्ने सिलबरे बटुका डोकामा बोकेका छोरी बुहारीहरूको ओहोरदोहोर र ओरालीमा गाग्री र बटुकोबीचको सङ्गीत कति मनमोहक हुँदो हो ! त्यस्तै कति गाईवस्तु र घाँसे-गोठालाहरूको तिर्खा मेटायो होला त्यो पँधेरोले ! उफ्...! कुनैताकाको गुल्जार र अहिलेको उजाड र चकमन्न च्याउँकोटले मेरो मन र मगजलाई रन्थन्याउनसम्म रन्थन्याइदियो ।

यसरी म यहाँको विगतकालीन सजीव तस्बिरको कल्पनामा कावा खाँदै हराइरहँदा छोरा पनि आइपुग्यो । म चढेँ स्कुटरमा र घ्याराररर पार्दै लगेर रोक्यो उसले सिद्धबाबाथानको खुड्किलैछेउको वरपीपलचौतारीमा । आहा ! कति धेरै लहरा यो बुढो बरका ! मैले फुर्फुरिएर मन थाम्न सकिन र 'सोइसोइला खेलूँ' भनेर झुन्डिएँ तर भुइँ छोडेको भए पो गोडाले ! मनले

रहर गरेर हुन्छ र ! "लु भयो आमै ! के केटाकेटी जस्तो बनेको नि ?" छोराले जिस्क्यायो । फेरि कोसिस गरेँ तर भुइँमै पो भएँ त फेरि पनि । अब भने अलिकति सरम लाग्यो र निस्किएँ त्यहाँबाट अनि लाग्यौँ तीनैजना लेफ्टराइट गर्न ।

डाँडाको थाप्लामााथि 'सिद्धबाबा मन्दिर प्रवेशद्वार' लेखिएको गेट वरपर चारपाँच घरहरू र एउटा सानो पसल पनि देखियो । अनि त्यहीँ नजिकै देखियो अग्लोनअग्लो भ्यूटावर पनि तर कठै ! त्यस्तो प्रख्यात धार्मिक थलो भएको डाँडाको थाप्लोलाई तितेपाती र वनमाराले कस्तरी ढाकेको ! गोरेटो पनि पुरिएको पो छ त ! अलि माथि पुगेर फर्किहेर्दा त वरिपरि ठूलो रेलिङ भएको थोत्रिएको मक्किएको घर, मतान, गोठ र रातै जस्ताका छानाहरू देखिए । यो घर त कोही जिम्मुवालकै थियो होला पहिला, हामीले लख काट्यौँ । त्यसै घरमा जाने गोरेटो पो रहेछ त्यो । बारीका कान्लाको नामनिसान थिएन । सुकेका खरले आँखा घोच्न आइपुग्थे । खरको नाममा त्यही ढोडे हुँदोरहेछ, काट्न पनि अप्ठ्यारो र बोक्न पनि । बस्तुभाउले मन लगाएर खाँदा पनि नखाने । दम फुलाउँदै बल्लतल्ल निस्कियौँ 'शौचालय' लेखिएको पक्की छानो भएको सहरिया पाराको सानो घरको सामुन्ने । वरपर आँखा डुलायौं । हात धुने आधुनिक वासवेसिन राखिएको तर पानीको थोपो छैन । हामी आधा घुम्ती घुम्यौं र पुग्यौं टापूमा ।

आहा ! यहाँबाट त फाँट, बजार वारिपारि र बिपी राजमार्गमा गुडिरहेका गाडी र नागबेली बाटो सारा छर्लङ्ग देखियो ! मन्दिरमा दर्शन गर्‍यौं पालैपालो ! एउटा सानो चार पाँच वर्षे बालक र उसकी आमा आइपुगे छवटा किनुवा पानीका बोतल बोकेर । अचम्म लाग्यो एउटा किन्न माग्दा पनि दिँदै दिएनन् । चढाउन पो ल्याइदिएका रे ! कति अनुशासित आस्था ! कति निष्कपट हृदय ! सोधखोज गर्दा केही तल घर भएकी ती नानीलाई त मन्दिर रेखदेखको लागि पो राखिएको रहेछ । हेर्दाहेर्दै हामीसमेत पन्ध्र जना जति जम्मा भइसकेका थियौँ । भ्यूटावर हेर्न जाने जिज्ञासा राखे केही केटाकेटीले र 'आएका वेला जाऊँ न त' भनेर रौसिएँ म पनि तर इन्द्रका अगाडि स्वर्गको बयान भनेझैँ त्यति नजीकै सबैभन्दा अग्लो डाँडा हुँदाहुँदै त्यहीँ मुनिको त्यो टावर देखेर म आठौँ आश्चर्यमा परेँ । उफ्...! कस्तो असुहाउँदो र अदूरदर्शी शासकीय सोच ! त्यहाँको अवस्था देख्दा त झन् क्वाँक्वाँ रूनुजस्तै रहेछ । सिसा फुटाएर हिँड्ने बाटामा पाइलो हाल्ने ठाउँ नभएको, फोहोरका डङ्गुर र बियरका बोतलका छरपस्ट पारिएका टुक्राहरू उस्तै । जताततै फोहरका डङ्गुर ! गाँजाको अखडा बनाइएको रहेछ दिनदहाडै । मन्दिरको प्राङ्गणभन्दा होचो यो टावरको आवश्यकता र औचित्य के ? त्यहाँ पुग्ने बाटाको अवस्था सम्झँदाखेरि घर पुगिन्छ कि पुगिँदैन थाहा छैन र पिउने पानी छैन । बिना पानीका शौचालय नामका घरहरू ठडरम्म उभ्याइएका छन् । अनि कठै ! ती नानीको बिलौना ! "त्यो कति करोड खर्च गरेर यो अग्लो डाँडामाथि भ्यूटावर बनाउनुको साटो बरू त्यही बजेटमा यो बाटो पक्की बनाएर खानेपानीको व्यवस्था गरिदिएको भए स्थानीय सरकार धन्यवादको पात्र हुने थियो नि !" उनको यो बिलौनासँगै मेरै आफ्नै मनभरिको आक्रोशले पनि मलाई चुप बस्न दिएन । अनि मेरो आवाज पनि चर्कोसँग निस्कियो र उनैको आवाजमा मिसियो, "हो त नि, कस्ता विवेकहीन शासक-प्रशासकहरू !!!"

खुड्किला सकिएर तल चौतारीमा आइपुग्दा पनि मेरो कानमा त्यही आवाज गुन्जिरह्यो, गुन्जिरह्यो । ■■

कविता

# स्वागतम्

✍ **महेशराज खरेल**



तिम्रो आगमनको सुवासन
हावाले उडाएर
यसै यहाँ मेरो छेउमा ल्याइपुऱ्याउँदा
खोलेर आँखा मैले दुवै
हेरेँ अनि देखेँ तिमीलाई
तिमी त्यही थियौ
जस्को लागि मेरो
अनमोल आरधाना थियो

तिमी बिहानीको किरणसितै
मिसिएर आइ रहेकी छ्यौ भन्ने ठानेर मैले
तिम्रा आगमनका चालहरू नियाल्दै
निर्निमेष भावमा
किन्चित अलमल नगरी
स्वागतका लागि अति अधिर भएँ
कोइलीको आवाज
सापट लिएर होला सायद तिमी मेरो मनमा
मिठो लयमा गीत गाउँदै
सुगन्धित विनायो कस्तुरीको
हरहराउँदो वासना मगमगाइरहेकी थियौ

म उद्वेलित मनको उत्तोलकलाई
आफ्नै ठाउँमा अड्याएर
तिमी हिड्ने बाटाका अप्ठ्यारा
उबडखाबड सम्याउँदै
बार पर्खाल र गल्छेँडाका
पुराना अवशेष भत्काउँदै
नविन सिर्जनामा व्यस्त रहिरहेँ

मेरो आकाङ्छ्या मेरो चाहना
तिमी आफ्नो उदेश्य मार्गमा
अविचल हिँड्न सक
तिम्रा सुकोमल पाइताला
नबिझाउन् रगेटिएर बाटाका
बालुवा र गेगरमा भनेर म यहाँ
तिमी हिँड्ने अठोटहरूमा
हृदयमा साँचेको
नरम मखमल बिच्छाउन लागिरहेँ

जब तिमी पूर्व दिशामा लालीमा बनेर
देखा पऱ्यो परिवर्तनको
तिम्रा सुनौला किरणहरू सभ्यताका
माथि माथि हिमालका छात्तीबाट
बग्दै आइरहेको देखेँ म भित्रै
म पुलकित भएर
तिम्रो यश र कृतिको गाना गाउँदै
मुर्चुङ्गा बजाउँदै
स्वागत सजाउन अव्यस्त बनिरहेँ ।

तिमी काँचुली फेरेर नवीनताको
आफ्नो यात्रामा
अविश्रान्त हिँड्न सक
तिम्रा यात्राका अनौठा एक्ला र डरलाग्दा
उबडखाबड खोँच अनकन्टार पहाड
डरलाग्दा नदी र हिउँ उम्रिरहने हिमाल
त्यहाँ पर्नसक्ने सकसहरू झेल्न
बल बुद्धि र विवेकका
अनेकौं पात्रहरू जन्माएर
म तिमीलाई साथ दिन
हर सम्भव कोसिसरत रहिरहनेछु
तिमी कर्तव्यको यात्रा अविरल चलाऊ


समीक्षा

# पदम विश्वकर्माको 'पाताल' पढेपछि



✍ **डा. शरद पराशर मरहट्टा**

आख्यानकार पदम विश्वकर्माको 'पाताल' उपन्यासले प्रवासी नेपाली, विशेषतः अमेरिकामा रहेका वैधअवैध सबै खाले नेपाली अमेरिकीहरूको प्रतिनिधित्व गर्दछ । द्वन्द्वकालीन नेपालमा, विशेषगरी काठमाडौँ उपत्यकाबाहिर रहेका जोकोहीलाई पनि त्यस समयको त्रासदी स्मरण गराउन यो उपन्यास सफल भएको छ । यसले नेपालीहरूको जीवनमा धेरै हदसम्म अभिन्न अङ्गजस्तै बनिसकेको वैदेशिक रोजगारी तथा त्यससँग जोडिएका ठगीका घटनाहरू, अन्तर्राष्ट्रिय विमानस्थलभित्रै समेत ठगिनुपरेका कथाहरू, तल्लो बाटोको कष्टकर यात्रामा ठाउँ-ठाउँमा लुटिनुपरेका व्यथाहरू, माफियाहरूको दुनियाँ, दलालहरूको अन्तर्राष्ट्रिय सञ्जाल तथा यात्रा पूरा गर्न नसकेका यात्रुहरूको पीडालाई जीवन्त रूपमा प्रस्तुत गरेको छ ।





नेपाली साहित्यको ' आक्कल-झुक्कल' अध्ययन गर्ने यस पङ्क्तिकारको नजरमा परेका, र सम्भवतः यस्तै किसिमका अन्य पाठकहरूले पनि महसुस गर्ने, 'पाताल' उपन्यासको अध्ययनपछि मनमा लागेका केही कुराहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

**संसारभरिका आप्रवासीहरूको व्यथाः** तल्लो बाटोको यात्रा गर्ने नेपालीहरूको कथा भनिए पनि, खासमा भन्ने हो भने, यस पुस्तकमा नेपालीहरूको मात्र नभई संसारभरिका आप्रवासीहरूको कथा समेटिएको छ । कथाका पात्रका रूपमा प्रस्तुत गरिएका मानिसहरूका नाम तथा यदाकदा वर्णन गरिएका सांस्कृतिक पर्वहरूमा नेपालीपन बढी देखिए पनि, तल्लो बाटाको कष्टकर यात्रा, डिटेन्सन सेन्टरका अनुभव, कलिङ कार्डको प्रयोग, इमिग्रेसन कार्यालयमा हुने अन्तर्वार्ता, बिरामी हुँदा हुने पीडा, स्वास्थ्य बिमा हुँदा वा नहुँदाका समस्या, स्टाटसलेस हुनबाट बच्न गरिएको सङ्घर्ष, अवैधानिक आप्रवासीको पीडा, आप्रवासनसम्बन्धी वकिलहरूसँगको लामो उठबस, उस्तै अनुहार र समान भाषा बोल्नेहरूको ठगी, बोन्डको रकमसमेत झ्वाम पार्ने 'सो-कल्ड' आफ्ना मान्छेहरू, प्रवासमा रहँदा नजिकका मानिसहरूको मृत्युको पीडा, ग्रिन कार्ड पाउँदाको खुसी, नेचुरलाइजेसन गर्दाको मनःस्थिति, वरिपरिका 'गणेश' लगायतका मानिसहरूको रङ्गीन आनीबानी, घरविहीन ('होमलेस') मानिसहरूसँगको साक्षात्कार, जन्मभूमिको स्मरण र त्यससँग जोडिएको पीडाको अनुभूति – यी सबै पक्षहरू

कुनै न कुनै रूपमा अधिकांश आप्रवासीहरूको जीवनसँग जोडिएका छन् । तसर्थ, यो उपन्यासलाई मैले संसारभरिका आप्रवासीहरूको साझा कथालाई सङ्कलन गरिएको ग्रन्थका रूपमा लिएको छु ।

**कष्टकर यात्राको जीवन्त वर्णनः** तल्लो बाटाको यात्राको वर्णन गरिएको 'पाताल' उपन्यासले कष्टकर बाटो हुँदै अमेरिका छिरेका वा छिर्दै गरेका नेपालीहरूलगायत संसारभरिका आप्रवासीहरूको सपनामय तर पीडायुक्त यात्राको सशक्त शब्दचित्र कोरेको छ । यो यात्रा कुनै पनि भयानक युद्धभन्दा कम छैन । भनिन्छ, युद्धमा सबैभन्दा बढी प्रताडित हुने समूह महिला र बालबालिकाहरू हुन् । 'पाताल' को यात्रामा पनि यात्राकै क्रममा होन्डुरसकी सात महिनाकी गर्भवती महिला, आफ्नो २० वर्षीय लोग्ने र काखको शिशुका सामुन्ने बलात्कृत हुन पुगेकी उरुग्वेकी १७-१८ वर्षीया युवती तथा एउटै भूगोलका दाजुभाइहरूसँग सँगसँगै यात्रा गर्दा गर्दै उनीहरूकै सामुन्ने बलात्कृत हुन पुगेकी नेपालकी विमलाका पीडाहरूमा समानता देखिन्छ ।

यो उपन्यासले तल्लो बाटाको यात्राको भयानकता, यात्रुहरूले भोग्नुपरेको बर्बरता र बाटोमा भेटिने माफियाहरूको पाशविकताबारे मार्मिक वर्णन गरेको छ । तल्लो बाटाका घटनाक्रमहरू अत्यन्त क्रूर र पढ्न कठिन लाग्ने भए तापनि लेखकले त्यस यात्राका अप्ठ्यारा यथार्थहरू पाठकसमक्ष प्रस्तुत गर्नुपर्ने आफ्नो साहित्यिक दायित्वलाई कलात्मक रूपमा निर्वाह गरेका छन् । तसर्थ, जति नै नमिठो लागे पनि तल्लो बाटाको 'नर्कमय' यात्राको चित्रण नै यस उपन्यासको सबैभन्दा सफल पक्ष हो ।

**पात्रहरूको निरीहपनप्रति एउटा प्रश्नः** सबै क्रियाका प्रतिक्रिया निस्कँदैनन् । हरेक पटक दुध जमाएपछि दही बन्छ नै भन्ने पनि छैन । र पनि, दुध जमाएपछि दही बन्दैन भने अथवा कुनै क्रियाको प्रतिक्रिया निस्कँदैन भने त्यहाँ पक्कै पनि कुनै न कुनै कारण लुकेको हुनुपर्छ ।

यसै प्रसङ्गमा, तल्लो बाटाको यात्राका क्रममा माफियाहरूले गरेका बलात्कारका घटनाहरूको वर्णन पढ्दै गर्दा एउटा पाठकका रूपमा यो पङ्क्तिकारमा आक्रोश त जाग्यो नै, त्यससँगै एउटा प्रश्न पनि जन्मियो । आफूसँगै एउटै यात्रामा हिँडिरहेकी विमलाको आफ्नै आँखाअगाडि बलात्कार हुँदै गर्दा, शारीरिक रूपमा सबल, युद्धकौशल सिकेको र हतियार चलाउनसमेत जानेको कर्मले त्यस बेला माफियाले बोकेको हतियार खोसेर उसैमाथि किन प्रहार गरेन ? 'पाताल' उपन्यासका कर्मलगायतका पात्रहरूको यस्तो निरीहपन वा विवशताको कारणबारे लेखकले कथालाई नै विस्तार गरेर केही प्रकाश पारिदिएको भए सुनमा सुगन्ध थपिने थियो ।

**प्रवासीलाई बढी छुने खण्ड – 'सम्झनाका लहरहरू':** पाताल उपन्यासमा बा, आमा र जुनेलीलाई नेपालमै छाडेर हिँडेको प्रमुख पात्र 'कर्म'ले भोगेका पीडादायक चाडपर्वहरूको अनुभूति प्रवासमा रहेका धेरै नेपालीहरूले पटक पटक भोगेका छन् । उपन्यासमा व्यक्त गरिएका कथासँग मिल्ने कारणहरूले गर्दा बिसौं वर्षसम्म पनि दसैं तिहारमा टीका लगाउन नपाएका नेपालीहरूको सङ्ख्या अहिले सम्भवतः लाखौं पुगिसकेको हुनुपर्छ ।

यस अर्थमा पाताल उपन्यास मनमा गढिएका र बाहिर प्रकट गर्न नसकिने आप्रवासीका घाउहरू अभिव्यक्त गर्ने माध्यम मात्र बनेको छैन, यसले प्रवास नदेखेकाहरूका लागि यहाँको कमै वर्णन गरिने अर्को यथार्थ पक्ष पनि उजागर गरेको छ । यसरी यस उपन्यासले प्रवासमा चाडपर्वहरू सधैँ उल्लासका होइनन्, पीडाका पर्याय पनि हुन सक्छन् भन्ने तथ्यलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ ।

**आमा गुमाएकाहरूको पीडाः** 'पाताल' उपन्यासको पृष्ठ १८४ देखि १८७ सम्म रहेको 'आमा नहुनुको पीडा' शीर्षकको खण्डमा कथाको कारुणिकता प्रखर रूपमा उजागर भएको छ । विशेष गरी आफू प्रवासमा रहँदा आमा गुमाएका पाठकहरूका लागि यो खण्ड अत्यन्त मार्मिक बन्न पुग्छ । जब उपन्यासमा 'कर्म'की श्रीमती जुनेलीले नेपालबाट फोन गरेर केही नभनीकनै फोन राखिदिन्छिन्, त्यसपछि बाँकी हरफहरू पढ्न कठिन हुन्छ । कथानकमा डुबेका आँखाका परेलीहरूलाई सुख्खा राख्न झन् कठिन हुन्छ । प्रवासमा रहेका उस्तै नियति भोगेका मानिसहरूको संवेदनालाई चित्रण गर्ने उपन्यासको यो खण्डले आमा गुमाएका र अन्य पाठकको मनको भित्री तहसम्म छुन्छ ।

**'म फर्की आएँ आफ्नै देश' पछिको पटाक्षेपः** उपन्यासको उत्तरार्धमा प्रस्तुत गरिएको कर्म र उनको परिवारको मुलुक-फिर्तीसम्बन्धी सकारात्मक तथा प्रेरणादायी प्रसङ्गले सम्भवतः आम पाठकमा सकारात्मक ऊर्जा सञ्चार गर्छ । यो पङ्क्तिकारले आफूसँगै पढेका वा काम गरेका थुप्रै व्यक्ति तथा परिवारलाई अमेरिकामा निश्चित अवधि बसाइपछि 'जे-वन/टु' भिसाको दुई बर्से स्वदेश-फिर्ती प्रावधानका कारण नेपाल फर्किएको देखेको छ । कतिपय व्यक्तिहरू मुलुक फर्किएपछि त्यहीं स्थायी रूपमा बसेका छन् भने कतिपयले, विशेष गरी छोराछोरीको दबाबका कारण, पुनः अमेरिका फर्केर व्यावसायिक जीवनको नयाँ सुरुवात गरेका छन् ।

यो पङ्क्तिकारले देखेका आफ्ना वरिपरिका मानिसहरूको कथा र यस उपन्यासको अन्त्यतिर प्रस्तुत कथाबिच केही भिन्नता देखिन्छ । उपन्यासमा जुनेलीका धारणा स्पष्ट रूपमा व्यक्त गरिएका छन्, जुन सहजै बुझ्न सकिन्छ । तथापि, २० वर्षभन्दा माथिको उमेर पुगेका कर्म र जुनेलीका छोरा पुन्टेको धारणा भने कतै पनि स्पष्ट रूपमा प्रस्तुत गरिएको छैन । कर्म र जुनेलीको निर्णयप्रति पुन्टे सहमत थियो वा असहमत, र किन ? प्रस्तुत उपन्यासमा अहिलेको 'जेन-जी' पुस्ताको प्रतिनिधि पात्र पुन्टेको घरफिर्तीप्रतिको दृष्टिकोण पनि समेटिएको भए यो प्रसङ्ग अझ प्रभावकारी बन्ने थियो ।

**'अन्तिम वार्तालाप'को 'कल्पनाशील' वार्ताः** प्रस्तुत उपन्यासको उत्तरार्धको अन्तिमबाट दोस्रो अनुच्छेदमा व्यक्त गरिएको प्रमुख पात्र कर्मको "विदेसिएका लाखौं-लाख युवाहरू फर्कनेछन्..." भन्ने धारणालाई यी अक्षरहरूका लेखकले हाललाई एउटा सुन्दर कल्पनाका रूपमा लिएको छ । तथापि, यस्तो सकारात्मक सोच प्रस्तुत गरेकोमा लेखक विश्वकर्मालाई साधुवाद !

**अर्को प्रश्न- कर्ण कता हराए ?** : लेखकले यस पुस्तकको 'आफ्नै गन्थन' शीर्षकअन्तर्गतको लेखकीयमा 'पाताल' का दुई प्रमुख पात्र 'कर्ण' र 'कर्म'का बारेमा उल्लेख गरेका छन् । उपन्यासको कथानकमा कर्मका बारेमा त यत्रतत्र चर्चा गरिएको पाइन्छ, कर्णका बारेमा

भने त्यसरी उल्लेख गरिएको भेटिँदैन । यदि कर्ण पनि उपन्यासका प्रमुख पात्रमध्ये एक हुन् भने कथानकमा उनको उपस्थिति अपेक्षाकृत न्यून देखिनु एउटा जिज्ञासाको विषय बनेको छ ।

**कथाका पात्रहरूको जीवन अवधि**

कथाका पात्रहरूको पनि हामी जीवित मानिसहरूको जस्तै एउटा निश्चित जीवन अवधि हुन्छ । 'गौरी' खण्डकाव्यकी गौरीको निधन २००४ सालमै भएको भए पनि उनी आजसम्म 'गौरी' खण्डकाव्यमार्फत पाठकहरूका बिचमा जीवित छिन् । 'मुना–मदन' का मुना र मदन अझै कति समयसम्म बाँचिरहनेछन्, कसैले भन्न सक्दैन । एक सय बिस वर्षअघि प्रकाशित म्याक्सिम गोर्कीको उपन्यास 'आमा' का पात्र 'पावेल' आज पनि उक्त कृति पढेका पाठकहरूका लागि उत्तिकै जीवन्त र सशक्त छन् । आफ्नो २४ घण्टे जागिरको पहिलो दिन पूरा गरेर कपाल काट्न हजामकहाँ पुगेको र कपाल काट्नुअघि नै खल्तीको पैसा हराउँछ कि भन्ने चिन्ताले हजामलाई शुल्क (सम्भवतः एक रूबल) बुझाइरहेको पावेलको दृश्य पचासौँ वर्षअघि उक्त कृति पढेका पाठकहरूको स्मृतिमा आज पनि उत्तिकै ताजै छ ।

हामी पाठकहरू चाहन्छौँ, 'पाताल' उपन्यासका पात्र 'कर्म'ले पनि यस्तै दीर्घ जीवन पाउन् । बरू अर्को पात्र 'गणेश'लाई बिर्सिए पनि केही फरक पर्दैन । उपन्यासमा पर्याप्त चरित्रचित्रण नगरिएको पात्र पुन्टेलाई सम्झनैपर्छ भन्ने पनि छैन । युगले 'कर्म' र कर्महरूलाई नबिर्सियोस्; यही हाम्रो शुभकामना ।

**कथा बाहिरको कथा : आवरणको लिखतप्रति सहमति**

'पाताल' उपन्यासले साहित्यका पाठकहरूलाई साहित्यिक खुराक त दिएको छ नै, यसका साथै मुलुकका योजनाकारहरूका सामु गम्भीर प्रश्नहरू पनि तेर्साएको छ । सम्भवतः प्रकाशकका तर्फबाट लेखिएको आवरण पृष्ठको अन्त्यतिरका चार हरफमा ती प्रश्नहरू सङ्क्षेपमा समेटिएका छन् । सजिलोका लागि ती हरफ यहाँ उद्धत गर्दछु–

"...तरै पनि उनीहरू किन देशमा रोकिँदैनन् ? किन अवैध बाटो हुँदै गरिबहरूको जिन्दगी मृत्युको मुखतिर जानीजानी लहसिन्छ ? के छ पातालमा, जसले छँदाखाँदाको जिन्दगीलाई जिस्क्याउँछ र आफ्नो विषकुण्डतिर तान्छ ? मृत्युकै दाह्रा हुँदै किन पुग्नुपर्ने मान्छेलाई अमेरिका ?"

एउटा पाठकका रूपमा यी प्रश्नहरूसँग मेरो पनि पूर्ण सहमति छ ।

... र अन्तमा

यो उपन्यास पढिसकेपछि यसको कथानकले यो पङ्क्तिकारलाई सम्भवतः विक्रम संवत् २०३० को दशकमा गीतकार, गायक तथा सङ्गीतकार स्वर्गीय खुसीराम पाख्रिनले सिर्जना गर्नुभएको;

"टाढैबाट चिनियो ढाका टोपी लाउनेलाई,<br>
देख्दैमा माया लाग्यो नि देश छाडी आउनेलाई,<br>
अर्कैको देशैमा हो रेलको टेसनैमा..."

—बोलको गीत स्मरण गरायो । गीतकार पाख्रिनको गीतले अगाडि भन्छ–

"दाजु त रै'छ गोर्खाको कठै, हामी त सल्यानको
सोच्दै र बुझ्दै ल्याउँदामा खेरि एउटै आँगनको
जन्मेको ठाउँको, त्यही माइला साहुको आसामी भा'को रे
कि धनको थुप्रो कि हाडको थुप्रो भनेर आ'को रे !"

यस गीतको अन्तिम हरफले बोकेको व्यथालाई उपन्यासकार पदम विश्वकर्माको 'पाताल' ले पनि अत्यन्त प्रभावकारी रूपमा अभिव्यक्त गरेको छ । यस्तै प्रकृतिको पीडायुक्त कथा उपन्यासकार गोविन्दप्रसाद भट्टराईको विक्रम संवत् २०३३ मा प्रकाशित 'मुग्लान' उपन्यासमा पनि प्रस्तुत गरिएको छ । यी उदाहरणहरूको आधारमा के भन्न सकिन्छ भने 'पाताल' को कथानक आफैंमा बिल्कुल नयाँ होइन । तथापि, यसले नेपालीहरूको पुर्ख्यौली पीडालाई नयाँ कलेवर र नयाँ भूगोलमा पुनः प्रस्तुत गरेको छ ।

'मुग्लान' उपन्यासमा ट्रकको हुडमा चढेर मुलुकको सिमाना पार गर्ने नेपालीहरूको पुस्ता, कलाकार खुसीराम पाख्रिनको गीतसम्म आइपुग्दा रेलमार्फत पहिलेभन्दा अझ टाढा पुगेको देखिन्छ । उपन्यासकार पदम विश्वकर्माको 'पाताल' मा भने नेपालीहरूको अर्को पुस्ता हवाईजहाजमार्फत देश–देशावर पुगेर अन्ततः तल्लो बाटोको दुरूह यात्रा गर्दै अमेरिका छिर्ने अवस्थासम्म आइपुगेको छ । यस अर्थमा नेपालीहरूको परम्परागत 'लाहुरे' सपनाले नयाँ पखेटा पाएको छ । पछिल्लो समयका यात्रुहरूले भोगेका पीडाहरू अघिल्लो पुस्ताले भोगेकाभन्दा पृथक् मात्र होइन, सम्भवतः अझ बढी कष्टकर पनि छन् । 'पाताल' ले आफ्ना पाठकहरूलाई यही फरक प्रकृतिको पीडालाई अनुभूति गर्ने अवसर प्रदान गरेको छ । यसका लागि उपन्यासकार पदम विश्वकर्मा साधुवादका पात्र छन् ।

उपन्यासको उत्तरार्धमा तल्लो बाटोबाट अमेरिका पुगेका पात्रहरूले त्यहाँ काम गर्दै, बसोबास गर्दै र नेपालमा रहेका आफ्ना परिवारका सदस्यहरूसँग कुराकानी गर्दै गरेका घटनाक्रमहरू पढेपछि मन केही हल्का हुन्छ । ठिक त्यही बेला यो पङ्क्तिकारलाई फेरि पनि कलाकार खुसीराम पाख्रिनले सिर्जना गर्नुभएको 'डुल्दै आउँदा परदेशैमा' शीर्षकको गीतका मर्मस्पर्शी हरफहरू स्मरण भए;

"डुल्दै आउँदा परदेशैमा ...मा बास भेटियो,
देश छाडी आउँदा पनि रोइरहेको देश भेटियो ।"

नेपालको पञ्चायतकालको उत्तरार्धमा सिर्जना गरिएको उक्त गीत र तल्लो बाटो हुँदै अमेरिका पुगेका पात्रहरूको सङ्घर्षलाई केन्द्रमा राखेर लेखिएको 'पाताल' उपन्यासबिच समय, परिवेश र भौतिक अवस्थाहरूमा तात्त्विक अन्तर अवश्य छ, तर यी दुवै सिर्जनामा प्रवासी नेपालीहरूले भोगेको पीडा भने आश्चर्यजनक रूपमा समान छ । रूवाइहरू उस्तै छन् । देख्न सक्नेहरूका लागि, दुवै कालखण्डका प्रवासीहरूका आँसुका रङहरू पनि उस्तै छन् । गीतकार खुसीराम पाख्रिन र उपन्यासकार पदम विश्वकर्माले आ–आफ्नो कलामार्फत अभिव्यक्त गर्न खोजेको पीडाको मूल स्वर एउटै छ । समयले 'पाताल' का उपन्यासकारजस्ता अक्षरका साधकहरू निरन्तर जन्माउँदै जाओस् । शुभकामना ! ■■

# गीत



**भावना बराल**

आफ्नो स्कुल छोडेर ऊ
मेरै स्कुल आको
मेरै छेउमा बसेर नि
मैलाई दिक्क लाको ।

खासखुस् गरि घन्टीभरि
पढाइ शून्य पार्ने
गुरुमाले प्रश्न सोध्दा
बहानाले टार्ने ।

हत्तेरिका ! हैरान पाऱ्यो
नोट मागेर मेरो
दिन्नँ मात्र के भनेथैं
छड्के आँखा हेऱ्यो ।

मोबाइल र ल्यापटप उसको
घरमा निजी छ रे
खान पनि नभ्याउने
फ्रिफायरले अरे ।

सम्भाइ बुभ्काइ कत्ति गऱ्यौं
सुध्रेला कि भन्दै
छ महिना त बितिसक्यो
दिन गन्दागन्दै ।

गुरूआमा दिक्क भइन्
उसको बानीदेखि
अनुशासन गहना हो
भन्थिन् बोडमा लेखी ।

अनुशासन कत्ति छैन
मामर्जीमा चल्छ
भविष्यको चूल्हो उसको
खै कसरी चल्छ ।

*- कपन काठमाडौं ।*

# मुसहर बालबालिका अझै पनि किन जन्मदर्ताबाट वञ्चित छन् ?

**प्रयास सदा**

जन्मियो यो धर्तीमा, मुस्कान बोकी आयो ।
तर जन्मदर्ता नहुँदा, अधिकार सबै गुमायो ।

नाम त छ गाउँभरि, तर कागजमा कतै छैन ।
भोलिको उज्यालो सपना, आजसम्म पनि छैन ।

विद्यालयको ढोका पुग्दा, प्रमाणपत्र खोजिन्छ ।
जन्मदर्ता नहुँदा फेरि, मन नै रोइन्छ ।

गरिबी, अशिक्षा, दरी समस्या धेरै छन् ।
राज्यका सेवा सुविधा, उनीहरूबाट टाढै छन् ।

कसले सुन्ने यी आवाज, कसले आँसु पुछिदिने ?
बालअधिकारको दीपक, कहिले उज्यालो बनिदिने ?

जन्मदर्ता केवल कागज होइन, जीवनको पहिचान हो,
हरेक बालबालिकाको यो, आधारभूत सम्मान हो ।

आऊँ सबै हातेमालो गरौं, अब ढिलो नगरौं ।
मुसहर बालबालिकाको अधिकार सुनिश्चित गरौं ।

जन्मदर्ता सबैको होस्, कसैलाई नछुटाऔं,
समान अधिकार, समान अवसर, नयाँ नेपाल बनाऔं ।

कथा

# जेठा बुढाथोकी



✍ **उमेश तिमिल्सिना**

उनी तीन भाइमध्येका जेठा थिए, उनलाई जेठा बुढाथोकी भनेर चिनिन्थ्यो । दुर्वासा ऋषिजस्तै क्रोधाग्नि बोकेका उनका वाणीमा सदैव कटुता रहन्थ्यो, यथार्थ र मौलिक शब्द प्रहार गर्नु उनको प्रमुख विशेषता थियो । क्षत्रित्वको गर्व बोके तापनि उनको पेसा भने कृषिप्रदाय नै थियो अर्थात् उनी कृषक थिए । जम्माजम्मी डेढ बिघा खेतको बाँझो गोरु सँगसँगै पौठाजोरी खेल्दै फोर्दथे । पचास कटेका उमेरलाई निमोठ्दै आफ्ना आठ सन्तानको भरणपोषण गर्दथे । होचो कदका, बाटुलो अनुहारमा निकै तिखारिएको तिलचामले जुँगा, मुजा परेका गाला र खिया परेको दाँत, अधमरो टोपी, प्रायः कछाडमा देखिने उनि दौरा भने अर्ध सफा लाउँथे । हातमा राजदण्डझैं देखिने लौरो भने सदैव साथ रहन्थ्यो । बिहानीको मिरमिरे उज्यालो सँगसँगै मुखारविन्दबाट धारा प्रवाह आसुरी शब्द प्रहार गर्नु उनको प्रातःकालीन ईश वन्दना जत्तिकै हुन्थ्यो । मुट्ठी कस्दै, दाह्रा किट्दै छोराहरूलाई भन्थे, "तेरो कानमा समातेर सैसोला खेलाउँछु" उनको प्रिय हतियार थियो । पैतृक सम्पतिझैं प्रयोग गरिरहन्थे तथापि साँझमा टुकीको पिल्पिल् उज्यालोमा भानुभक्त रामायणका श्लोक भने खुबै लय हालेर वाचन गर्दथे । असल वाचकझैं, दिनभरि कर्कश वाणी ओकल्ने उनी साँझमा भने सुरदास बन्दथे ।

काँधमा हलोजुवा बोकी गोरु हकार्दै शब्द वाणहरू साउने झरीझैं निरन्तर बर्साउँदै खेतीतिर लाग्दथे, मानौं उनी सिङ्गै शब्दकोश हुन् आसुरी शब्दका ।

ठुला ठुला दुई बरपिपलमा गोलाकार रूपमा बनेको चौतारामा प्रत्येक मङ्गलवार लाग्ने हाटबजारले दिनभरि नै कोलाहल हुन्थ्यो भने अन्य दिन गाउँभरिका फुर्सदिला मनुवाहरूको गफ चुट्ने थलो बन्दथ्यो । अझ जेठा बुढाथोकीको युद्धको कथादेखि शास्त्रका नीतिगत व्याख्याले चौतारो गुञ्जायमान हुन्थ्यो । नीतिमा उनी चाणक्यझैं धाराप्रवाह बोल्थे भने लाहुरको विश्वयुद्धका कथा भने प्रत्यक्ष प्रसारण नै गर्दथे, मानौं चलचित्र चलेझैं, घनाजङ्गलमा घस्रँदै अघि सरेको, गोलीका पर्रा छुटेको अनि दुस्मनको टाउको ताकेर हानेको गोली फलामे टोपीमा लागेर फनक्क फर्की हान्नेकै छातीमा लागेर साथी ढलेको, तिघ्रामा बेरिएको सर्पले डस्न खोज्दा सर्पको मुखमा हात हाली दाँत नै उखेलिदिएको, दुस्मनको खेमामा विध्वंस मच्चाएको । अझ हातमा नाङ्गो खुकुरी लिएर दौडिँदै गई तोपको नाल छ्वाप्पै पारी काटिदिएको कथा सुनेर वरिपरि बसेका केटाकेटी, युवा, बुढा ट्वाँ परी उनको अनुहार हेरिरहन्थे । मानौं उनी महाभारतका ती सञ्जय हुन् जो कुरुक्षेत्रका युद्धकथा अन्धाराजालाई सुनाउँदथे ।

समयले तीन दशक काटिसकेछ । आज म त्यही चौतारोमा उभिएको छु । चौतारा साँघुरिएको हो वा बस्ती विस्तार, उही बरपिपल आफ्नै कर्तव्य निर्वाह गरिरहेको छ । चारैतिर नौला मनुवाहरूको आगमनले चौताराको भिड यथावत छ, छैनन् त केवल ती आवाजहरू, ती अबोध गाउँलेहरू अनि जेठा बुढाथोकी ।

आफूलाई काँध हाल्छन् कि भन्ने छोराहरूको क्रमैसँग आफैँले काँध हाल्नु पर्दाको असीम पीडा भोगेका जेठा बुढाथोकीको हौसला र रसिलो गफले झाँगिएको मङ्गलवारेको बरपिपल आज पनि उस्तै मानवको प्रतीक्षारत छ । गाउँलेलाई एकाकार रूपमा सामाजिक आत्मीयतामा बाँध्ने सूत्रधारका प्रतीक उनको मौलिकतामा बिताएका जीवनका यथार्थलाई नियाल्दा उनीभित्र निकै घाउहरू भेटिन्थे तथापि उनको रसिलो गफ र जीवन मूल्य निर्वाहको सफलतालाई हेर्दा उनलाई सफल व्यक्तित्वको रूपमा मान्न सकिन्छ ।

संस्कार र संस्कृतिले व्यक्ति व्यक्तिलाई जोड्दछ, जसबाट निर्माण भएको सशक्त समाज हो मङ्गलवारे । अनेक प्रकारका धर्म संस्कृति धारण गरेकाहरूलाई एक सूत्रधारमा बाँधिएर मैत्रीपूर्ण रूपमा सिर्जना भएको सामाजिक संरचित अभेद्य शक्तिको सन्तुलित तपोभूमि हो मङ्गलवारे ।

तर सांकृतिक रूपमा एकाकार रहेको मङ्गलवारे व्यक्ति व्यक्तिका विचारले खण्डित गराइरहेको छ । मानव मानव बिचको मतभेदको अभेद्य पर्खाल अग्लिएको छ, आत्मीयताको अभावले पराजित मानसिकता बोकी बाँच्न बाध्य देखिन्छन् ती अबोध गाउँलेहरू । सामाजिक उपासनाभन्दा वैचारिक उपासनाले खण्डित छन् आपसी मनहरू । कालोपत्रेले शोभायमान सडकहरूमा हिँड्ने मानव यान्त्रिक भएका छन् । उदास छन् मनहरू, अनि उदास छन् गाउँलेहरू, बाटोभरि आँखा बिछ्याएर पुरातात्त्विक वातावरणको पर्खाइमा बसेको चौतारो सामाजिक शान्ति र आत्मीयता बेच्ने सामर्थ्यहीनहरूको भार थेग्न बाध्य छ । मतभेदको अभेद्य पर्खालको वारिपारिले घेरिएको चौतारोमा त्यो निश्चलभावको गाँउले भेटिन्नन्, पराजित मानसिकता बोकी दासत्व स्वीकार्न बाध्य बनेका अनुहारमा सामाजिक शान्ति देखिन्नन् अनि उस्तै उस्तै लाग्छ, अस्ताएका जेठा बुढाथोकी अनि मेरो देश । ■■


## 'कल्पतरु शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम

| | | |
|---|---|---|
| सल्लाहकार/निर्देशक<br>**नवराज पुडासैनी 'ज्योत्स्ना'**<br>कार्यक्रम समीक्षक | **जीवनाथ अधिकारी**<br>सञ्चालक/सम्पादक | **निर्मलादेवी तिम्सिना 'कान्छी'**<br>हरेक हप्ता बिहीबार |

साँझ ६:३० बजेदेखि

समीक्षा

# कालो आँधी : सङ्घर्ष र अस्तित्वको जीवन्त अभिलेख



✍ **डा. जीवन जीवन्त**

साहित्य केवल शब्दहरूको विन्यास वा कल्पनाको उडान मात्र होइन । यो त जीवनको यथार्थ, समयको रहस्य र भोगाइको जीवन्त दस्तावेज हो । जब एउटा स्रष्टाले जीवन र मृत्युको दोसाँधमा उभिएर, आफ्नै अस्तित्वको रक्षाका लागि लडिरहेको महायुद्धलाई शब्दमा उतार्छ, तब कालो आँधी जस्तो एउटा कालजयी कृतिको जन्म हुन्छ । वरिष्ठ साहित्यकार डा. दामोदर पुडासैनी किशोरद्वारा लिखित यो मनालाप नेपाली साहित्य भण्डारमा एउटा विशिष्ट र मूल्यवान् उपलब्धिका रूपमा देखा परेको छ । हुन त आफैमा डा. पुडासैनीको अनुभवी कलाकलमले सजिएको जीवन समुद्रको कोहिनुर हो जसलाई कुनै समीक्षा र समालोचनाले उजिल्याउनु आवश्यक छैन । यद्यपि यसमा सङ्घर्ष र अस्तित्वको एउटा जीवन्त अभिलेखका रूपमा कालो आँधी कृतिको अन्तर्यलाई खोतल्ने एउटा फगत प्रयास गरिएको छ ।




जीवन सहज रेखामा हिँड्दाहिँड्दै अचानक आइलाग्ने 'नेजोफेरेन्जियल कार्सिनोमा' जस्तो भयानक क्यान्सरको आक्रमण, त्यसले सिर्जना गरेको शारीरिक मानसिक आँधी र त्यस आँधीलाई अदम्य इच्छाशक्ति, पारिवारिक स्नेह र चिकित्सा विज्ञानको तागतले परास्त गरी नयाँ बिहानीतर्फ मोडिएको लेखकको जीवनसङ्घर्ष पुराणका प्रह्लादको कथाभन्दा बढी लाग्छ, उत्तिकै जीवन्त पनि । यो एउटा बिरामीको पीडाको कथा-व्यथा कुँदिएको अक्षरचित्र मात्र होइन, यसभित्र त लेखकका पुर्खाहरूको कडा मिहिनेतको इतिहास, नेपाली समाजको वर्गीय चरित्र, र अन्धविश्वासमाथि विज्ञानको विजय जस्ता बहुआयामिक पाटाहरू उनिएका छन् ।

धादिङको सल्यानटारस्थित नृसिंहधामको आश्रम एउटा आध्यात्मिक विषयको गोष्ठीमा सहभागी हुँदै डा. पुडासैनीले जीवनको हिरण्यकशिपुसँग प्रह्लाद बनेर गरेको सङ्घर्ष पढ्ने अवसर प्राप्त भएको थियो । भक्त प्रह्लादले कठोर तपस्या गरेको पौराणिक शिला र स्फटिक फोडेर नरसिंह रूपमा प्रकटित भगवान्‌को अनि होलिकाको अग्निदाहको

कथा पुराणमा अङ्कित छ । हजारौँ वर्षअघि रचित पुराण साहित्यको प्रभावले अहिले हजारौँ श्रद्धालु भक्तजनहरू नृसिंहधाममा जीवनशान्तिको खोजीमा लामबद्ध छन् । यता आफ्नै जीवनको भगवान्लाई जगाएर आफ्नै शरीरभित्र विकसित राक्षसी रोगका विरूद्ध लड्दै गरेका आदरणीय साहित्यकार पुडासैनीको कालो आँधीको कालै अक्षर पुराणतुल्य छ ।

जीवनको विषम परिस्थिति पनि एउटा स्रष्टाका लागि वरदान बन्न सक्छ भन्ने कुराको एउटा उदाहरण कालो आँधी हो भन्दा अत्युक्ति नहोला । सरकारी सेवाको अवकाश जीवनमा सिर्जन-कर्मको सूत्रलाई नछाडी पवित्र मार्गको पदमार्ग पछ्याइरहँदा पनि पापीष्ट रोगको बक्रदृष्टि पर्ने रहेछ । डेढ दर्जनबढी कृतिका स्रष्टा पुडासैनीको जीवनयात्रामा आइपरकेको विषयम परिस्थिति र कालो आँधीको विषयगत सन्दर्भलाई प्रकाशित भूमिकामा यथार्थ रूपमा चित्रण गरिएको छ :

*जीवनका अनेकौँ क्रम र उपक्रमहरूलाई हाँसीखुसी स्विकार्दै अघि बढ्दै गर्दा क्यान्सरजस्तो असाध्य रोगको आक्रमणमा परेपछि जीवन र मरणको दोसाँधमा फस्नुभयो । शारीरिक र मानसिक दुवै पाटामा अत्यन्त कठोर पीडामा पुरिनुभयो । जीवन र मृत्युलाई अझ नजिकबाट छाम्नुभयो । बाँच्नु सबैभन्दा अर्थपूर्ण हो भन्ने तथ्यलाई मनन गरेर मृत्युविरूद्ध लडिरहनुभयो । जीवनप्रतिको गहन आशा, अदम्य साहस र मोहलाई उकासेर उहाँले क्यान्सरजस्तो भयानक रोगलाई जित्नुभयो र हिँड्न थाल्नुभयो जीवनका फरक सडकहरूमा । रोगसँग लड्दालड्दै अनेकौँ पीडासँग जुधेर डा. पुडासैनीले आँसुको मसी जम्मा गरेर लेख्नुभयो, लेखिरहनुभयो, 'जीवनकथा' । उहाँको यो कृति कालो आँधी यसै सन्दर्भको महान् उपलब्धि हो ।*

यो 'आँसुको मसी'ले लेखिएको कृति नै हो तर एउटा बिमारीको पीडादायी गनथन मात्र नभएर यसभित्र डा. पुडासैनीको पारिवारिक इतिहास र त्यससँगै नेपाली समाजको एउटा सग्लो चित्र पनि उतारिएको छ । हरेक जीवित प्राणीको प्राकृतिक उद्देश्य दुईवटा मात्र देखिन्छ; पहिलो सन्तान सृष्टि र दोस्रो पूर्वजको सम्मान । आफ्नो पूर्वजको इतिहासलाई साहित्यमार्फत् जीवन्त राख्नु आफैमा चातुर्य पनि हो । लेखकले आफ्नो क्यान्सर सङ्घर्षलाई नितान्त वैयक्तिक पीडामा मात्र सीमित राखेका छैनन्, उनले यसलाई आफ्नो पुस्ताको रगतमा बगेको जुझारू क्षमता र साहससँग जोडेका छन् (पृ, ११, २८) । पुस्तकमा नागार्जुनको जङ्गल र पाँचमाने क्षेत्रमा बसोबास गर्ने उहाँका हजुरबा हरिचरण पुडासैनीको ऐतिहासिक सङ्घर्षलाई निकै घनीभूत रूपमा उतारिएको छ (पृ.२०-२४) । बाल्यकालमै आमा गुमाएर कलिलो उमेरमा टुहुरो हुनुभएका हजुरबाले शून्यबाट सुरू गरेर करिब दुई सय रोपनी खोरिया आवादी गर्नुभएको र समाजमा स्थापित भएको कथा प्रेरणादायी छ । उनले आफ्नो अदम्य साहसलाई पूर्वज र भावी सन्ततिसम्मको वरदानका रूपमा जोड्दै भनेका छन् :

*मेरो जन्म मेरो इच्छाको फल थिएन । मेरो मृत्यु पनि मेरो इच्छाको काबुमा छैन । मैले मेरो जीवनमा जे पाएको छु र जे गर्न सफल भएको छु यो मेरो वर्तमानबाट*

*मात्र पाएको होइन । लाखौँ वर्षदेखि मेरा पुर्खाहरूले कैयौँ आँधीसँग जुधे र कैयौँ आँधी निम्त्याए पनि । त्यही अनन्त सङ्घर्ष र सफलताको छेउतिर म आँधीसँगै दौडने कोसिस गरिरहेछु । म मानव र संसारको अन्तिम किनारा होइन । मपछि पनि यो विश्व ब्रह्माण्डको अनन्त भविष्य र अनन्त सम्भावना जोडिइरहेछ । (पृ.१६)*

त्यसैले लेखकको क्यान्सर जित्ने दृढ इच्छाशक्तिको जग उहाँका पुर्खाहरूले इतिहासका कालखण्डमा भोगेका आँधीबेहरी र त्यसलाई जितेर स्थापित गरेको विरासत नै हो जुन भोलिका दिनमा पनि निरन्तर रहने छ भन्ने अटल विश्वास देखिन्छ ।

यसका अतिरिक्त प्रस्तुत कृति तत्कालीन समाजको वर्गीय चरित्रलाई प्रतिविम्बित गर्ने दर्पण पनि हो । तत्कालीन नेपाली समाजको चित्र र शोषक चरित्रलाई यसले हजुरबा हरिचरण र बुबा हरिप्रसाद पुडासैनीको कालखण्ड विशेष गरी काठमाडौँको उत्तरपश्चिमी ग्रामीण भेग जितपुरफेदी र पाँचमानेको वर्गीय र सामाजिक यथार्थलाई उदाङ्गो पारेको छ । गाउँमा श्रम गर्नेहरूलाई थिच्ने र सोझासाझालाई हेप्ने ठालु सामन्ती प्रवृत्ति र समाजमा व्याप्त कुप्रथाहरूको सजीव चित्र यसमा पाउन सकिन्छ;

*खोरिया फाँडेर खेतीपाती चल्यो । पूर्व, पश्चिम, उत्तर, दक्षिणका मान्छे जम्मा भए गाउँमा । सँगसँगै शोषक र सामन्ती संस्कार पनि सुरू भयो । गाउँमा रहेका मलिला र उब्जाउ हुने खेतबारी तिनै शोषक र ठगहरूले मुठीमा पारे । सोझासाझालाई पानी नलाग्ने सुक्खा भीरतिर लखेटिदिए । गाउँका अलिकति खान पुग्ने मान्छेहरूले निरीह, निर्धा र थोरै खेतीपाती हुनेहरूलाई सताउन थाले । उनीहरू गाउँका स्वघोषित ठालु कहलिन थाले । (पृष्ठ २५)*

यसले तत्कालीन नेपाली ग्रामीण समाजको वर्गीय चरित्र, आर्थिक असमानता र इमानदार श्रमजीवीहरूमाथि हुने सामन्ती हेकमवादलाई जीवन्त रूपमा प्रस्तुत गरेको छ ।

सामाजिक चित्रकै अर्को महत्त्वपूर्ण पाटो अन्धविश्वास पनि हो । गाउँलेहरू कसरी सजिलै धार्मिक हल्लाको पछि लाग्छन् र ढोँगी बाबाहरूले समाज तथा परिवारलाई कसरी भ्रममा राख्छन् भन्ने कुरा लेखकले आफ्नै बाल्यकालको अनुभव (तारकेश्वर मन्दिर र घरमा आउने साधुसन्तको प्रसङ्ग) मार्फत देखाएका छन् –

*बाबाहरूले मलाई भक्त भन्थे तर सधैँ अछुतको व्यवहार गर्थे । ठुला भनेका, महान् भनेका र सन्त भनेका मान्छेको दुर्व्यवहार देख्दा मेरो बालमनमा एक किसिमको कडा घाउ बनेर बिझिरहेथ्यो । जे पनि धार्मिक हल्ला पत्याउने र पछि पछुताउने हाम्रो समाजको ज्ञानको स्तर माथि बढ्ने कहिले ? (पृष्ठ ३५)*

उनले यसमार्फत् नेपाली समाजको चेतनाको स्तर, धर्मको आडमा हुने शोषण र पाखण्डपनमाथि कडा प्रहार गर्दै समाज सुधारका लागि विज्ञानसम्मत र तार्किक चेत हुनुपर्ने सन्देश दिएका छन् । यसरी कालो आँधी कृतिको यस पाटाले एकातिर पुर्खाको स्वाभिमान र अठोटपूर्ण जीवनयात्राको ऐतिहासिक अभिलेख राख्छ भने अर्कोतिर नेपाली समाजमा जरो गाडेर बसेका शोषक प्रवृत्ति, अन्धविश्वास र सामाजिक विसङ्गतिहरूलाई ऐना देखाउने काम गर्दछ ।

जीवनरोगको कालो आँधीसँगको युद्धमा विजयी हुनका लागि औषधीय हतियारका साथै बलियो आत्मविश्वासको पनि खाँचो हुन्छ । चरेस खानु तर हरेस नखानु भन्ने उखान डा. पुडासैनीको जीवनमा चरितार्थ भएको देखिन्छ । प्राणघातक अर्बुद रोगलाई लेखकले आफ्नो जीवनमा आएको एउटा घनघोर कालो आँधीका रूपमा चित्रण गरेका छन् । क्यान्सरको यो आक्रमणले लेखक र उनको सम्पूर्ण परिवारलाई एकैपटक मानसिक र शारीरिक पीडाको गहिरो दलदलमा धकेलिदियो । उपचारका क्रममा लेखकले करिब डेढ महिनासम्म लगातार किमोथेरापी र रेडियोथेरापी जस्ता अत्यन्त जटिल एवम् कष्टकर प्रक्रियाहरू पार गरे । थेरापी र कडा औषधिहरूको नकारात्मक असरले गर्दा उनको शरीर घाउ नै घाउको जीर्ण पोको बन्यो । हातहरू काम्ने र शरीर बिछ्यौनामा थतिने अवस्था आयो । मुखभित्र र बाहिरका घाउहरू निरन्तर सफा गरिरहनुपर्ने कष्टकर स्थिति थियो । बोली बन्द हुने, स्वाद पूर्णतः हराउने र खानपानीसमेत नसकिने चरम दुखाइ उत्पन्न भयो । दुखाइ यति भयानक हुन्थ्यो कि कहिलेकाहीं लेखकलाई यो सहनुभन्दा मृत्यु रोज्नु नै निकै सजिलो होला जस्तो लाग्थ्यो (पृ. १०) ।

क्यान्सरको यो आँधी केवल शारीरिक दुखाइमा मात्र सीमित थिएन । यससँगै महँगो उपचार खर्च, समाजका नकारात्मक टीकाटिप्पणी, निराशा र मृत्युको निरन्तर भय पनि उर्लेर आएका थिए । यस्तो संवेदनशील समयमा पनि समाजका केही नकारात्मक पक्ष वा टिप्पणीहरूले मानसिक तनाव थपेका थिए । तथापि, लेखकले ती सारा सामाजिक र आर्थिक अवरोधहरूलाई चिर्दै अघि बढ्ने साहस बटुले । परिवारको अगाध माया र ढाडसयस असाध्य र कठोर युद्धमा लेखकलाई बचाउने सबैभन्दा ठूलो सञ्जीवनी बुटी उनकी पत्नी पारू, छोरा, बुहारी, छोरी, ज्वाइँ र नातिनातिनाहरूको अगाध माया बन्यो । परिवारका सदस्यहरूले क्षण क्षणमा दिएको ढाडस, पत्नी पारूले पिठ्युँ र हातहरूमा गरिदिने मसाज र चिकित्सकहरू डा. प्रसाई, डा. श्रेष्ठ तथा नर्सहरूको अनवरत सहयोगले उनलाई मृत्युको मुखबाट फर्किन बलियो मानसिक जग प्रदान गर्यो । अदम्य इच्छाशक्ति र विज्ञानमाथिको भरोसालेखकको बाँच्ने सम्भावना अत्यन्त क्षीण हुँदाहुँदै पनि उनले हिम्मत हारेनन् । उनले विज्ञानका उपलब्धिहरू र आधुनिक प्रविधिमाथि पूर्ण भरोसा राखे । जस्तोसुकै कठोर प्रहारलाई पनि प्रतिकार गर्न सक्छु भन्ने उनको अदम्य इच्छाशक्ति र दृढ मनले नै सारा शारीरिक शक्तिलाई पुनः आकर्षित गर्‍यो । उनले बहाना बनाएर वा रोगसँग डराएर पलायन हुनुको सट्टा आँसुको मसीले आफ्नो जीवनको दर्दनाक भोगाइ लिपिबद्ध गर्दै मृत्युविरूद्धको युद्ध लडिरहे । अन्ततः आफ्नो दृढ सङ्कल्प, परिवारको अभूतपूर्व प्रेम र वैज्ञानिक उपचारको बलमा डा. पुडासैनीले क्यान्सर जस्तो भयानक रोगलाई निस्तेज पारे र मृत्युमाथि भव्य विजय हासिल गरे । यो एउटा रोगबाट निको भएको सामान्य कथा मात्र होइन, यो त जीवन र मृत्युको दोसाँधमा उभिएर, कालो अन्धकारलाई पन्छाउँदै, आफ्नो अस्तित्वलाई इन्द्रेनी जस्तै उज्यालो र सुनौलो बिहानीमा रूपान्तरण गरेको एउटा जीवन्त एवम् प्रेरणादायी विजयगाथा हो ।

डा. पुडासैनीले यस कृतिमा सङ्कटलाई हेर्ने एक गहन दार्शनिक दृष्टिकोण

प्रस्तुत गरेका छन् । उनका अनुसार यो विशाल ब्रह्माण्ड, प्रकृति र मानव जीवनको अस्तित्व नै आँधीहरूका निरन्तर शृङ्खलाहरूबाट निर्मित छ । यहाँ चुनौती र परिवर्तन शाश्वत सत्य हुन् । जीवनमा आउने सङ्कट, रोग वा प्रतिकूलताहरूबाट डराएर भाग्नु वा पलायन हुनु कायरता हो । वास्तविक र सार्थक जीवन त त्यो हो, जहाँ मानिसले ती भयानक आँधीहरूको सामना गर्ने आँट गर्छ र तिनलाई आफ्नो नियन्त्रण वा मुठीमा च्यापेर दृढतापूर्वक अघि बढ्छ। अर्थात् सङ्कटलाई विनाशको रूपमा मात्र नहेरी त्यसलाई आत्मसात् गर्दै, सङ्घर्ष गरेर आफ्नो अस्तित्व जोगाउनु र नयाँ गोरेटो कोर्नु नै यस दर्शनको मूल मर्म हो ।

अन्ततः यो कृतिले व्यक्तिगत पीडा र सङ्घर्षलाई मानवीय दृढताको एक शास्वत पाठमा रूपान्तरण गरेको छ । यसले जीवनमा आउने सङ्कटहरू चाहे त्यो क्यान्सर जस्तो प्राणघातक रोग होस् वा अचानक आउने अन्य आँधीहरू ती अस्तित्वको अन्त्य नभएर बाँच्नका लागि लिइने कडा परीक्षा हुन् भन्ने प्रमाणित गर्दछ । आधुनिक विज्ञानमाथिको भरोसा, परिवारको अगाध प्रेम र कहिल्यै आत्मसमर्पण नगर्ने सङ्कल्पको सम्मिमश्रणले हामी जुनसुकै कठिन परिस्थितिलाई पनि परास्त गर्न सक्छौँ । यो पुस्तकले समीक्षक र पाठक दुवैलाई एउटै अकाट्य सत्य सिकाउँछस् जीवन सङ्कटहरूबाट भाग्नका लागि होइन बरु तिनलाई मुठीमा च्यापेर सामना गर्दै नयाँ उज्यालो बिहानीतर्फ अघि बढ्नका लागि हो ।

डा. पुडासैनी नेपाली साहित्य जगत्का कुशल शिल्पकार हुन् भन्ने कुरा प्रमाणित तथ्य हो । उनले अघिल्ला कृतिहरूले यसलाई स्थापित नै गरासकेका छन् । यसमा पनि सबैभन्दा बलियो पक्ष यसको विशिष्ट भाषाशिल्प र काव्यिक लालित्यता हो। लेखक आफैँमा स्थापित कवि र साहित्यकार भएकाले यस संस्मरणमा विचारको स्पष्टता र भावको मनोहारी संयोजन पाइन्छ । आफ्ना कष्टकर र कारूणिक क्षणहरूलाई उनले ' आँसुको मसी'ले लिपिबद्ध गरेका छन् । यसले गर्दा कृति कृत्रिम लाग्दैन र यसले पाठकको हृदयलाई सिधै झङ्कृत गराउँछ । यस पुस्तकमा लेखकले अन्धविश्वास र पुरातन सोचमाथि कडा प्रहार गर्दै रोगलाई आधुनिक विज्ञानसम्मत ढङ्गले सामना गर्नुपर्छ भन्ने बलियो चेतना फैलाएका छन् । यो पनि यस कृतिको सबल पक्ष हो । वैज्ञानिक उपचार पद्धतिमाथि भरोसा राख्दै गर्दा उनले अर्कोतर्फ जीवन, जगत् र मानवीय अस्तित्वको गहिरो दार्शनिक पाटोलाई अध्यात्म र चिन्तनसँग जोडेर अनुपम सन्तुलन कायम गरेका छन् । यो पुस्तक एउटा बिरामीको संस्मरण मात्र होइन बरू जीवन जिउने कलाको दस्तावेज नै हो । क्यान्सरजस्तो असाध्य रोगसँग लडिरहेका अन्य बिरामीहरू र जीवनका विभिन्न मोडमा निराश भएका जुनसुकै व्यक्तिका लागि पनि यो पुस्तक निराशा चिर्ने एउटा बलियो 'हिम्मतको हतियार' र सञ्जीवनी बुटी साबित हुन्छ ।

यस कृतिका अनेकौँ सबल पक्षहरू हुँदाहुँदै पनि समीक्षकको दृष्टिमा केही सीमाहरू औँल्याउन सकिन्छ । लेखक कवि पनि भएकाले संस्मरणमा अत्यधिक काव्यात्मक, आलङ्कारिक र जटिल दार्शनिक भाषाको प्रयोग गरिएको छ । साथै इतिहास, भौतिकशास्त्र,

जीवनविज्ञान, चिकित्सा, दर्शन र अनुभूतिका वृहत आयामलाई एउटै काव्यमालामा उन्दा यसले साधारण पाठकलाई पुस्तकको मूल मर्म बुझ्न कतिपय ठाउँमा कठिन हुन सक्छ । यसका साथै पुस्तकमा क्यान्सरको पीडा, मृत्युको भय र अदम्य इच्छाशक्ति जस्ता विषय र प्रसङ्गहरू पटक पटक दोहोरिएका छन् । यसले गर्दा कथाको गति कतै कतै सुस्त र न्यास्रो लाग्दछ । यो संस्मरण पूर्णतः लेखककै व्यक्तिगत भोगाइ र अनुभूतिको वरिपरि मात्र केन्द्रित भएकाले यसले नेपालको स्वास्थ्य प्रणालीको यथार्थ, सरकारी अस्पतालहरूको अवस्था र विपन्न वर्गले भोग्नुपर्ने आर्थिक अभाव जस्ता बृहत् सामाजिक पाटाहरूलाई समेट्न नसक्नु यसको अर्को सीमा मान्न सकिन्छ ।

जे होस् यो डा. दामोदर पुडासैनीलाई सदा 'किशोर' बनाइरहने जीवन्त कृति हो । सुख र खुसीमा बाँच्ने कला सबैले सिकाउन सक्छन् तर चरम निराशा र दुःखमा जिउने कला कालो आँधी जस्तो कृतिले मात्र सिकाउन सक्छ । कलासाहित्य, जीवनदर्शन, सङ्घर्ष, अस्तित्व, इतिहास, परिवारिक स्नेहलगायतको साझा मैदान भएकाले यसमा फरक फरक रूचि भएका अक्षरपारखीहरूले सयर गरी पूणानन्द पाउन सक्छन् । अन्त्यमा यस्ता कृति सिर्जना गर्ने भौतिक परिवेश कसैको जीवनमा पनि नआओस् तर यस्तो भावलहरी कृति जन्मिरहून् शुभकामना । ■■

कविता

# नजान्ने भित्रको जान्ने मान्छे म



**✍ सन्दिप ढुङ्गाना**

सबैले देखेको म एउटा सामान्य मान्छे हुँ,
हाँस्ने, बोल्ने, भिडसँगै हिँड्ने मान्छे हुँ ।
तर मनको कुनामा लुकेको अर्को म पनि छ,
जो चुपचाप आफ्नै प्रश्नहरूसँग जिउँदै छ ।

मान्छेहरू शब्द सुन्छन्, मौनता सुन्दैनन्,
अनुहार पढ्छन्, भित्रका भावना बुझ्दैनन् ।
त्यसैले धेरैपटक म चुप रहन रोज्छु,
किनकि सबै सत्यलाई शब्द चाहिँदैन ।

बाहिरबाट धेरै कुरा नबुझेझैँ देखिन्छु,
कतिपय बेला नजान्ने जस्तो भएर हिँड्छु ।
तर अनुभवले सिकाएका थुप्रै कथा छन्,
जुन समयले मनको भित्तामा कोरेका छन्।

नजान्ने भित्रको त्यो जान्ने मान्छे म,
अहङ्कार होइन, सिकाइ बोकेको मान्छे म ।
जति बाँच्छु, उति सिक्ने यात्रामै छु,
आफ्नै खोजीमा हिँडिरहेको मान्छे म।

*कागेश्वर नपा ८, काठमाडौं ।*

कविता

# प्लेटफार्म



**पार्वती पुडासैनी**

जीवन चलिरहेछ
प्लेटफार्मका यात्रुहरू
सल्वलाइरहेछन् हतारले बाटो समात्न

दुःखका सुस्केराहरू चलिरहेछन्
खुसीका झिल्काहरू राँकिइरहेछन्
आगोको ज्वालाझैं दन्किरहेका
उर्लिरहेछन् पीडाका भावहरू

म भने
टक्क उभिएर अनुभूत गरिरहेछु
उज्याला रेखाहरू
र अँध्यारो संसारलाई
जीवन छ र पो
अनुभूति गर्न सकिन्छ धेरै कुरा

प्लेटफार्ममा
कहिले कसैलाई कुऱ्यो
कहिले बिदाइ गऱ्यो कसैलाई
स्वागत र बिदाइ गर्दागर्दै
हतार छ
नयाँ नयाँ पाइलाका डोब बनाउन ।

*- गोङ्गबु, नयाँ बसपार्क, काठमाडौं ।*

# गजल



**सुमन पुडासैनी 'मित्र'**

समाल, समालिनुपर्छ सबै कुरा मन हो
दुःखलाई शक्तिमा बदल्नु नै जीवन हो ।

आफू उभिएको धरातल बिर्सिएपछि
मानव दैत्य बन्नुमा अहम् अनि धन हो ।

याद राख अप्ठ्याराहरूमा कोही हुन्नन्
आफ्नो भन्नु केवल धर्ती र गगन हो ।

फेरि यो राग, द्वेष, घमण्ड केका लागि
आखिर सबैले ओढ्ने भनेकै कफन हो ।

*कागेश्वरी मनोहरा न.पा. - ८, गोठाटार, काठमाडौं ।*

कृति समीक्षा

# जीवा लामिछानेको पुस्तक 'देशदेशावर'



✍शशीश्री आचार्य

**देशदेशावर : विश्वसभ्यताको धूलोभित्र नेपाली आत्माको अनन्त पदचिह्न; जीवा लामिछानेको नियात्रा–संवेदन माथि एक गहन समीक्षात्मक अनुशीलन :**

नेपाली नियात्रा साहित्यको समकालीन परिदृश्यमा 'देशदेशावर' केवल यात्रावृत्तहरूको सङ्ग्रह होइन, यो विश्वमानवको पीडा, विभाजन, स्मृति, संस्कृति, विस्थापन र आत्मबोधलाई नेपाली संवेदनाको केन्द्रबाट पुनर्पाठ गर्ने एक विराट् साहित्यिक अभिलेख हो । यस कृतिले नियात्रालाई भूगोलको दृश्यावलोकनबाट उकासेर इतिहास, सभ्यता, राजनीतिक चेतना, सांस्कृतिक अस्मिता र मानवीय करुणाको बहुआयामिक विमर्शमा रूपान्तरित गरेको छ ।

जीवा लामिछाने यहाँ केवल यात्रु होइनन्; उनी समयका पुरातात्त्विक तहहरू खोतल्ने संवेदनशील इतिहासपाठक हुन् । उनी केवल विमान, रेल वा सडकको यात्रामा सीमित छैनन्; उनका यात्राहरू सभ्यताको अन्तःकरणसम्म पुग्ने चेतनायात्रा हुन् । यही कारण देशदेशावर पढ्नु भनेको संसारका देशहरू हेर्नु मात्र होइन, मानवताको थकित आत्मा सुन्नु पनि हो ।

**लेखक : विश्वपरिवेशमा उभिएको नेपाली चेतनाको प्रतिनिधि**

जीवा लामिछानेको व्यक्तित्व स्वयम्मा एउटा बहुआयामिक आख्यान हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायमा पच्चिस वर्षभन्दा लामो सक्रियता, रूसको बौद्धिक परिवेशमा प्राप्त प्राविधिक शिक्षा, संसारका १३० भन्दा बढी राष्ट्रहरूको भ्रमण, गैरआवासीय नेपाली आन्दोलनमा नेतृत्वदायी भूमिका र साहित्य तथा समाजसेवामा समानान्तर संलग्नता सबैले उनलाई केवल व्यवसायी वा साहित्यकारको सीमित परिचयभन्दा निकै माथि उठाएका छन् ।

उनको जीवनयात्रा हेर्दा लाग्छ; उनी 'वैश्विक अनुभव' र 'नेपाली आत्मा' को दुर्लभ सङ्गम हुन् । यही कारण उनका नियात्रामा संसारका ठुला राजनीतिक घटनाहरू पनि नेपाली संवेदनासँग जोडिएर आउँछन् ।

उनले सोभियत सङ्घको विघटनको कम्पन आफ्नै विद्यार्थी जीवनमा महसुस गरेका छन् । बर्लिन पर्खालको विभाजनलाई आँखैले देखेका छन् । युरोपको समृद्धि र मानसिक रिक्तताको द्वन्द्व अनुभव गरेका छन् । विदेशी भूमिमा नेपाली अस्मिताको सम्मान देख्दा गर्वले पुलकित भएका छन् भने आफ्नै देशको सांस्कृतिक उपेक्षा देख्दा आत्मग्लानिले आक्रान्त पनि भएका छन् ।

यसरी हेर्दा देशदेशावर केवल बाह्य यात्राको अभिलेख होइन, लेखकको अन्तर्यात्राको पनि दस्तावेज हो ।

**नियात्रा विधाको पुनः परिभाषा**

नेपाली साहित्यमा नियात्रा प्रायः दृश्यवर्णन, रोचक घटना वा सूचना प्रधान यात्रावृत्तको सीमाभित्र बाँधिएको पाइन्छ, तर देशदेशावरले नियात्राको परम्परागत परिभाषालाई नै पुनर्लेखन गरेको छ ।

यहाँ लेखक कुनै सहरको सडक, भवन वा प्राकृतिक सौन्दर्यमा रमाएर मात्र अघि बढ्दैनन् । उनी प्रत्येक दृश्यभित्र इतिहासको रगत, सभ्यताको स्मृति, राजनीतिक विभाजन, सांस्कृतिक विस्थापन र मानवीय करुणाको प्रतिध्वनि सुन्न खोज्छन् ।

**जर्मनीको बुकेनवाल्ड बन्दीगृहमा पुगेपछि लेखकले उठाएका प्रश्नहरू–**

"हिटलर जन्मिएको नै नभएको भए ?"

"दोस्रो विश्वयुद्ध नभएको भए ?"

"जर्मनीले युद्ध जितेको भए विश्वको नक्सा कस्तो हुन्थ्यो ?"

यी प्रश्नहरू केवल इतिहासका काल्पनिक सम्भावना होइनन्; यी मानव सभ्यताको नैतिक विफलतामाथि गरिएका दार्शनिक प्रश्नहरू हुन् ।

यसरी लेखक इतिहासलाई 'घटना' का रूपमा होइन, 'मानव नियति' का रूपमा पढ्छन् । यही दृष्टिले देशदेशावरलाई साधारण यात्रावृत्तभन्दा निकै माथि उठाएको छ ।

**भाषा : गद्यभित्र प्रवाहित कविताको अन्तःसङ्गीत**

जीवा लामिछानेको भाषाशैली यस कृतिको मेरूदण्ड हो । उनका वाक्यहरू केवल अर्थ बोकेर हिँड्दैनन्; तिनले दृश्य, गन्ध, ध्वनि, स्मृति र भावनाको बहुआयामिक तरङ्ग पनि बोकेका छन् ।

"घाम यसरी लागेको थियो, मानौँ संसारभरको घाम युरोपमै घोप्टिएर आएको हो"

यस्तो वाक्य केवल वर्णन होइन, दृश्यलाई संवेदनामा रूपान्तरण गर्ने भाषिक जादु हो ।

त्यस्तै;

"शब्दहरू मसँग लुकामारी खेलिरहेका थिए",

"जहाजभरि नेपाल बोकेर फर्कन्छन्",

"मनको तलाउमा प्रश्नहरू तरिरहेका थिए ।"

यी अभिव्यक्तिहरूले लेखकको काव्यमय चेतना उजागर गर्छन् ।

उनको गद्यमा कविताको अन्तःसङ्गीत छ, संस्मरणको आत्मीयता छ, निबन्धको वैचारिकता छ, र इतिहासको गाम्भीर्य पनि छ । यही बहुआयामिक भाषिक स्वरूपले देशदेशावर लाई पठनीय मात्र होइन, दीर्घकालसम्म स्मरणीय बनाएको छ ।

**जर्मनी, बर्लिन र विभाजनको मनोविज्ञान**

यस कृतिको सर्वाधिक शक्तिशाली आयाममध्ये एक हो; विभाजित जर्मनीको ऐतिहासिक र मानसिक भूगोलको चित्रण ।

लेखकले बर्लिन पर्खाललाई केवल कङ्क्रिटको संरचना मानेका छैनन्; उनले

त्यसलाई मानवीय सम्बन्ध विच्छेदको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् ।

पूर्व र पश्चिम जर्मनीको आर्थिक असमानता, राजनीतिक विचारधारा, मानसिक दुरी र एकीकरणपछि पनि बाँकी रहेको अदृश्य विभाजनलाई लेखकले अत्यन्त सूक्ष्म संवेदनशीलतासाथ केलाएका छन् ।

"रहिमन धागा प्रेमका..." को सन्दर्भ यहाँ अत्यन्त सशक्त प्रतीक बनेर आएको छ । धागो फेरि जोडिए पनि गाँठो बाँकी रहन्छ; यो केवल जर्मनीको कथा होइन; यो विभाजन भोगेका सम्पूर्ण मानव समाजको कथा हो ।

**'वीरेन्द्र बियर' : विश्वबजारभित्र नेपाली अस्मिताको द्वन्द्व**

"वीरेन्द्र बियरसँग संवाद" शीर्षकको नियात्रा कृतिको अत्यन्त मौलिक र बहुस्तरीय रचना हो ।

पहिलो दृष्टिमा यो एउटा रोचक प्रसङ्गजस्तो देखिए पनि यसको गर्भमा सांस्कृतिक प्रतिनिधित्व, राष्ट्रिय भावनात्मकता, विश्वबजारको मनोविज्ञान, ब्रान्ड राजनीति र स्मृतिको जटिल विमर्श लुकेको छ ।

विदेशी भूमिमा नेपाली राजाको नाम र तस्बिर प्रयोग गरेर बनाइएको बियरले लेखकभित्र कौतुहल मात्र होइन, राष्ट्रिय असहजता पनि जन्माउँछ ।

तर, लेखकको विशेषता के हो भने उनी भावनात्मक प्रतिक्रियामै सीमित रहँदैनन्; उनी उत्पादकसँग संवाद गर्छन्, उसको दृष्टिकोण बुझ्छन् र अन्ततः विषयलाई व्यापक सांस्कृतिक सन्दर्भमा विश्लेषण गर्छन् ।

यहाँ लेखकको बौद्धिक इमान्दारिता स्पष्ट देखिन्छ ।

**नेपाल हिमालय मण्डप : आत्मालोचनाको करूण क्षण**

"जर्मनीमा कुँदिएको नेपाल हिमालय मण्डप" सम्भवतः यस कृतिको सर्वाधिक भावुक, आत्मदंशपूर्ण र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण नियात्रा हो ।

एक विदेशी नागरिकले नेपालको कला, संस्कृति, वास्तुकला, वनस्पति, परम्परा र आत्मालाई जर्मनीको वनभित्र यति श्रद्धापूर्वक जोगाइरहेको दृश्यले लेखकलाई स्तब्ध बनाउँछ ।

यहाँ लेखकको संवेदना केवल प्रशंसामा सीमित छैन; उनी नेपाली समाजको सांस्कृतिक विस्मृति र राज्यको उदासीनताप्रति गहिरो आत्मग्लानि पनि व्यक्त गर्छन् ।

"हामी कतै मनका पनि गरिब हुँदै गएका त छैनौं ?"

यो प्रश्न सम्पूर्ण नेपाली समाजमाथिको सांस्कृतिक अभियोग हो ।

**लेखनका प्रमुख सबल पक्षहरू**

१. **विश्वदृष्टि र नेपाली आत्माको दुर्लभ संयोजन**

लेखकले विश्वसभ्यताको अध्ययन नेपाली संवेदनाको केन्द्रबाट गरेका छन् ।

२. **इतिहासलाई अनुभूतिमा रूपान्तरण गर्ने क्षमता**

तथ्यहरू यहाँ निर्जीव छैनन्; तिनीहरू पीडा, करूणा र चेतनाका जीवित स्वरूप बनेका छन् ।

३. **काव्यमय गद्य**

उनको गद्यमा भावचित्र, प्रतीक, बिम्ब र ध्वन्यात्मक सौन्दर्य अत्यन्त सघन छ ।

४. **आत्मीयता र वैचारिकता**

लेखक आत्मीय पनि छन्, विश्लेषक पनि । यही सन्तुलनले कृतिलाई उच्च साहित्यिक उचाइ दिएको छ ।

५. **मानवीय करूणा**

उनको यात्राको केन्द्र "मानिस" हो; उसका पीडा, स्मृति, सङ्घर्ष र आशा ।

**सूक्ष्म सीमाहरू**

यति सशक्त कृतिमा पनि केही सीमाहरू देखिन्छन्;

१. **कतिपय अंशमा विवरणको अतिसघनता**

कहिलेकाहीं ऐतिहासिक सूचना र प्रसङ्गको घनत्वले साहित्यिक प्रवाहलाई केही मन्द बनाउँछ ।

२. **भावुकताको प्रबलता**

नेपालसम्बन्धी प्रसङ्गहरूमा लेखकको भावनात्मक आवेग यति तीव्र हुन्छ कि आलोचनात्मक दूरी केही कमजोर देखिन्छ ।

३. **शैलीगत पुनरावृत्ति**

"मनमा प्रश्न उठ्यो", "म मौन भएँ", "म भावुक भएँ" जस्ता संरचनाहरू केही स्थानमा पुनरावृत्त देखिन्छन् ।

तर यी सीमाहरूले कृतिको समग्र वैभवलाई क्षीण बनाउँदैनन्; बरु लेखकको संवेदनशील मानवीय स्वभावलाई नै उजागर गर्छन् ।

**उपसंहार : नियात्राको नाममा विश्वमानवको आत्मसंवाद**

देशदेशावर नेपाली नियात्रा साहित्यको एउटा विशिष्ट माइलस्टोन हो । यस कृतिले नियात्रालाई दृश्यवर्णनको परम्पराबाट मुक्त गरेर सभ्यता, इतिहास, राजनीति, संस्कृति र मानवताको अन्तःसंवादमा रूपान्तरित गरेको छ ।

जीवा लामिछानेका यात्राहरूमा रेल, जहाज र सडकहरू मात्र छैनन्; त्यहाँ समयका भग्नावशेष छन्, विभाजनका चिरा छन्, स्मृतिका धुवाँ छन्, र मानव आत्माको मौन करुणा पनि छ ।

यो कृति पढिसकेपछि पाठक केवल 'देश' सम्झँदैन; उसले 'मानिस' सम्झन्छ ।

केवल 'भूगोल' सम्झँदैन; 'इतिहासको घाउ' सम्झन्छ ।

केवल 'यात्रा' सम्झँदैन; 'आफ्नै अस्तित्वको प्रश्न' सम्झन्छ ।

यस अर्थमा देशदेशावर केवल नियात्रा कृति होइन;

यो विश्वसभ्यताको धूलोभित्र नेपाली आत्माको अनन्त पदचिह्न खोज्ने एक गम्भीर साहित्यिक महायात्रा हो । ■■

कविता

# नसामा जमेको इतिहास र अबको बिहान



✍ **तेजनाथ दंगाल**

हामी,
आफ्नै घरको छतमाथि उभिएर
बाटो सोध्ने यात्री बनेका छौँ,
हाम्रो आत्मामा पुर्खाको विरासत छ
तर, हातमा पराइको नक्सा बोकेर हिँड्दैछौँ
पुर्खाले आर्जन गरेको विरासत
आज धमिराको आहार बनेर भुईंमा झर्दै छ;
र हामी . . .
अहङ्कारको चट्याङबाट खसेको धुलोलाई
तिलक भन्दै निधारमा धारण गरिरहेका छौँ

हेर्नुहोस् त !
ती गढी र किल्लाहरूमा
जहाँ वीरताको गाथा बोल्ने ढुङ्गाहरू
आफ्नै मौनताको भारले
थिचिएर रोइरहेका छन्
हाम्रो संस्कारका सुगन्धित फूलहरू
अनावृष्टिले होइन
हाम्रो उदासिनताले ओइलाउँदै छन् ।
हामी सुनका कचौरामा भिख माग्ने गरिब हौँ,
सुनखानीमाथि बसेर ढुङ्गाको स्वाद चाखिरहेछौँ ।

अब,
समयको शिलालाई छिनो हान्ने पालो हाम्रो हो
हामीले आफ्नै भग्नावशेषबाट
नेपालीत्वको प्रतिमा कोर्नुपर्छ,
इतिहास कुनै सङ्ग्रहालयमा सजाउने वस्तु होइन
यो त हाम्रो धड्कनमा बज्ने ढुकढुकी हो
जसले आलस्यको निद्रामा सुतेको
युगलाई ब्युँझाउनु पर्छ

उठौँ,
हाम्रो शरीरको सगरमाथालाई
फेरि एकपटक नापौँ
पुर्खाले दिएको कलम समातेर
आफ्नो भाग्यको लिपि लेखौँ ।
जब, सिर्जनामा सङ्कल्पको रगत मिसिन्छ,
तब मात्र ढुङ्गाहरू बोल्छन्,
तब मात्र इतिहासले नयाँ श्वास फेर्छ ।
अझै युग बाँकी छ,
आफ्नै पाइलाको आवाज पहिचान गरौँ,
किनकि हामीले हराएका होइनौँ
आफ्नै गौरवसँग बिछोडिएका हौँ ।

पुस्तक–पत्रिका मागेर होइन किनेर पढौँ ।
लेखक–सम्पादकहरूको मिहिनेतको कदर गरौँ ।।

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- ❖ कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- ❖ अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- ❖ पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- ❖ कुखुरा तथा अन्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- ❖ पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- ❖ शङ्कास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- ❖ पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- ❖ स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।


सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार

# विज्ञापन बोर्ड

## महाकवि देवकोटा–कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

| सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|
| १) | वसन्त रिजाल | ११८८५०. |
| २) | ईश्वरीप्रसाद तिवारी | १०००००. |
| ३) | दिपक भण्डारी | ५०१००. |
| ४) | कृष्ण अधिकारी | ५००००. |
| ५) | विमल अर्याल | ५००००. |
| ६) | शिवहरि पोखरेल | २५०००. |
| ७) | नवराज पुडासैनी | २५०००. |
| ८) | धिरकुमार श्रेष्ठ | १९९४०. |
| ९) | विष्णुवहादुर सिंह | १८३६४. |
| १०) | मिना रिजाल | १५०००. |
| ११) | अच्युतराम चालिसे | १५०००. |
| १२) | रामप्रसाद ज्ञवाली | १२५००. |
| १३) | उषा ज्ञवाली | १२५००. |
| १४) | कोमल लामिछाने | १२१५४. |
| १५) | शिवानी घिमिरे | १२१५४. |
| १६) | ईश्वरीप्रसाद लामिछाने | १२१५३. |
| १७) | वाजुराम पौडेल | ११८२०. |
| १८) | तेमिका तिमिल्सिना | ११११११. |
| १९) | राजन पुडासैनी | ११११११. |
| २०) | बालमुकन्द कार्की | १०९९९. |
| २१) | राम वहादुर पहाडी | १०५००. |
| २२) | चन्द्रमणि अधिकारी | १०१४४. |
| २३) | आलोक चालिसे | १००००. |
| २४) | गोपालप्रसाद बराल | १००००. |
| २५) | गंगा कर्माचार्य | १००००. |
| २६) | गोविन्द घिमिरे | १००००. |
| २७) | दुर्गा घिमिरे | १००००. |
| २८) | पवन आलोक | १००००. |
| २९) | मेनका पोखरेल | १००००. |
| ३०) | युवराज मैनाली | १००००. |
| ३१) | राधाकृष्ण रिजाल | १००००. |
| ३२) | रत्न वज्र लामा | १००००. |
| ३३) | कृष्णप्रसाद चापागाईं | १००००. |
| ३४) | मधुप्रसाद पुडासैनी | १००००. |
| ३५) | देविप्रसाद घिमिरे | १००००. |
| ३६) | महेन्द्र चालिसे | १००००. |
| ३७) | प्रमोद प्याकुरेल | १००००. |
| ३८) | रमेशप्रसाद खनाल | १००००. |
| ३९) | ईश्वरप्रसाद सापकोटा | १००००. |
| ४०) | कृष्ण सुवेदी | ७३१५. |
| ४१) | पाठशाला नेपाल | ६०००. |
| ४२) | रामचन्द्र खतिवडा | ५५००. |
| ४३) | विवेक शर्मा गौतम | ५०५५. |
| ४४) | अच्यूत घिमिरे | ५०००. |
| ४५) | नगेन्द्र भट्टराई | ५०००. |
| ४६) | निमा दोर्जे तामाङ्ग | ५०००. |
| ४७) | सीता भट्टराई | ५०००. |
| ४८) | पुरुषोत्तम उपाध्याय | ५०००. |
| ४९) | ठाकुर शर्मा | ५०००. |
| ५०) | देविप्रसाद चापागाईं | ५०००. |
| ५१) | अर्जुन नेपाल | ५०००. |
| ५२) | राजेन्द्र पौडेल | ५०००. |
| ५३) | मनिता घिमिरे | ४११२. |
| ५४) | शंकर खड्का | ३०००. |
| ५५) | रामकुमार पण्डित | ३०००. |
| ५६) | अन्य नाम खुलाउन अनिच्छुक | १८२३०८. |
| | जम्मा | १०४५६९०. |



स्व. नगेन्द्रराज शर्मा

# हार्दिक श्रद्धाञ्जली

नेपाली साहित्यिक पत्रकारिता क्षेत्रका शिखर व्यक्तित्व, अभिव्यक्ति साहित्यिक द्वैमासिकका प्रधान सम्पादक तथा संरक्षक, नेपाल साहित्यिक पत्रकार सङ्घका पूर्व केन्द्रीय अध्यक्ष नगेन्द्रराज शर्माको निधनबाट हामी मर्माहत भएका छौं।

उहाँले नेपाली साहित्य र साहित्यिक पत्रकारिताको क्षेत्रमा अतुलनीय योगदान गर्दै आउनुभएको सर्वविदितै छ । उहाँका कविता, कथा र उपन्याससम्बद्ध कृतिसमेत प्रकाशित रहेका छन् । उहाँको अभावले साहित्य र साहित्यिक पत्रकारितालगायत सिङ्गो नेपाली वाङ्मयका क्षेत्रमा अपूरणीय क्षति भएको छ। कीर्तिशेष शर्माज्यू प्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

- कल्पतरु परिवार